# अन्तरजातीय जनवादी विवाह : द्वन्द्वकालीन अभ्यास र दिगोपना

त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभाग

समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्न आंशिक आवश्यकता

परिपुर्तिका लागि प्रस्तुत

## शोध-पत्र


प्रस्तुतकर्ता

जगत वि.क.

रोल नं. ५१

त्रि.वि. दर्ता नं. : ९-२-५५-८०५-२००८



समाजशास्त्र केन्द्रीय विभाग

त्रि.वि. किर्तिपुर

२०८०



अन्तरजातीय जनवादी विवाह : द्वन्द्वकालीन अभ्यास र दिगोपना

जगत वि.क.

२०८०

**त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**किर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्ति गर्नको लागि जगत वि.क. ले **"अन्तरजातीय जनवादी विवाह : द्धन्द्वकालिन अभ्यास र दिगोपना"** शिर्षकको सोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको छ । उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत सोधपत्रलाई स्वीकृती र अनुमोदनका लागि मुल्याङ्कन कमिटीमा सिफारिस गर्दछु ।

..............................

उप-प्रा.केशवराज सिलवाल

शोधनिर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

किर्तिपुर, काठमाडौ

मिति : २०८०/०९/१६

**त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**किर्तिपुर, काठमाडौं**

## स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्ति गर्नको लागि जगत वि.क. ले अन्तरजातीय जनवादी **विवाह : द्धन्द्वकालिन अभ्यास र दिगोपना** शिर्षकमा तयार पार्नुभएको सोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मुल्याङ्कन समिति**

.......................

विभागीय प्रमुख

सह-प्रा.डा. युवराज लुइटेल

...........................

शोधनिर्देशक

उप-प्रा. केशवराज सिलवाल

........................

बाह्य शोध निर्देशक

उप-प्रा. बलराम आचार्य

मिति : २०८०/१०/२९

## कृतज्ञता

यस शोधपत्र “अन्तरजातीय जनवादी विवाह : द्वन्द्वकालिन अभ्यास र दिगोपना” ले मेरो अध्ययन कार्यको नतिजाको फलस्वरुप साकार रुप लिन सफल भएको छ, जसका लागि आठविसकोट नगरपालिका रुकुम पश्चिमका उत्तरदाताहरु सँग मैले अनुसन्धानको उद्देश्य प्राप्तिका लागि सोधपुध गरेको थिए । यसका साथसाथै मैले विभिन्न व्यक्तिहरु तथा संघ संस्थाहरुबाट साथ, सहयोग र समर्थन पाएको छु जसलाई यहाँ समावेश गरेको छु । सर्वप्रथम मेरो शोधपत्रका शोध निर्देशक केशवराज सिलवाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु, जसले सल्लाह, सुझाव तथा शैक्षिक विज्ञता प्रदान गर्नुभयो । यदि उहाँले आफ्नो व्यस्त समयका बावजुध निरन्तर साथ, सहयोग र सुझाव प्रदान नगरेको भए यो शोधपत्रले पुर्णता पाउदैनथ्यो होला । म त्यतिकै धन्यवाद दिन चाहन्छु आठविसकोट नगरपालिकाका मेयर गोरख बहादुर के.सी. शन्देश र उहाँको कार्यालयसँग सम्बन्धित अन्य सदस्यहरु तथा कर्मचारीहरु जसले तथ्याङ्क संकलनमा निरन्तर सहयोग सहकार्य गर्नुभयो । साथै मेरो अध्ययनको क्षेत्रकार्य आठविसकोट नगरपालिकामा क्षेत्रगत अध्ययनका क्रममा भएको खर्चका लागि मेयर गोरख बहादुर के.सी. सन्देश ज्यूले आर्थिक व्यवस्थापन गर्नु भएको कुरालाई विर्सिन सकिन्न । यस अध्ययनका लागि राडीज्यूला, चौर, रिम्ना, बाँफीकोट, घेत्माबाट मुख्य सूचनादाता अन्तरवार्ता समूहकेद्रित छलफल, गहन अन्तरवार्तामा सहभागि भई अनुसन्धानको उद्देश्यका लागि महत्वपुर्ण सूचना उपलब्ध गराउनुहुने आदरणिय उत्तरदाताहरु प्रति आभार व्यक्त गर्न चाहन्छु ।

शोध तथा अध्ययन गर्ने अवसर प्रदान गरेकोमा समाजशास्त्र केन्द्रीय विभाग तथा यस विभागका विभागीय प्रमुख सह प्रा.डा. युवराज लुइटेल ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । आदरणिय गुरु डा. गुमानसिंह खत्रि लगाएत समाजशास्त्र विभागका सम्पुर्ण गुरुहरु जसले मलाई विभिन्न समयावधिमा महत्वपुर्ण सल्लाह सुझाव प्रदान गर्नु भयो, उहाँहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । अन्तमा मेरो यस शोत्रपत्रलाई आफ्नो महत्वपुर्ण सुझाव सल्लाह दिई अन्तिम रुप प्रदान गर्नुहुने बाह्य शोध निर्देशक आदरणिय गुरु उप प्राध्यापक बलराम आचार्य प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**शोधकर्ता**

**जगत वि.क.**

**२०८०**

# अन्तरजातीय जनवादी विवाह ः द्वन्द्वकालीन अभ्यास ...

**By: Jagat B.K.**

As of: Feb 18, 2024 1:07:11 PM
21,472 words - 0 matches - 0 sources

**Similarity Index**

**0%**

Mode: Similarity Report

**paper text:**

अनत्रज ता यी जनव दा वीवव हा दःन्दद्क्क ला नी अभय् सा र ददग पोन ा तर् भिवुन ववशव्ववदय् लाय, सम जाश सात् क्िनर् यी ववभ गा सम जाश सात् व्िविषयम सात् ताक तोत्र उप धा पिर् पात् गनन आशंशक आवशय्कत ा पररपरुत्नक ला धाग पर्सत्त्तु श ‑िप ि पर्सत्त्तुकतना जगत वव.क. र लो न.ं ५१ तर् .िवव. दतना न.ं ९ः–२–५५–८०५–२००८ सम जाश सात् क्िनर् यी ववभ गा तर् .िवव. ककरत्नपरु २०८० तर् भिवुन ववशव्ववदय् लाय स मा जाजकश सात् स्िकं या सम जाश सात् क्िनर् यी ववभ गा ककरत्नपरु, क ठाम डा शसफ रारस प ि तर् भिवुन ववशव्ववदय् लाय स मा जाजकश सात् स्िकं या अनत्रगत सम जाश सात् व्िविषयक सोत्न् ताक तोत्र उप धा पिर् जापत्क ो आशंशक आवशय्कत पाररपरुत्न गननक लो धाग जगत वव.क. ल े "अनत्रज ता यी जनव दा वीवव हा दः न्िद्क्क शालन अभय् सा र ददग पोन शशषनकक सो पिो मिरे रोन्दशेन र सपुररवकेष्णम ताय रा प नानुभएक छो । उह काँ को यानपर्रत् म "ा सनत्षुट् छु । पर्सत्त्तु स पिो लि ई सत्व् कीृत री अनमु दोनक ला धाग मलुय् ङाक्न कशमट मी शासफ रारस गदनछु । ............................ उप–पर् .ाकेशवर जा शसलव ला शमरत् २ः०८०÷०९÷१६ श रिोन्दशेक सम जाश सात् क्िनर् यी ववभ गा तर् भिवुन ववशव्ववदय् लाय ककरत्नपरु, क ठाम डा ौ तर् भिवुन ववशव्ववदय् लाय स मा जाजकश सात् स्िकं या सम जाश सात् क्िनर् यी ववभ गा ककरत्नपरु, क ठाम डा ौँ सत्व् कीृत ‑िप ि तर् भिवुन ववशव्ववदय् लाय स मा जाजकश सात् स्िकं या अनत्रगत सम जाश सात् व्िविषयक सोत्न् ताक तोत्र उप धा पिर् जापत्क ो आशंशक आवशय्कत पाररपरुत्न गननक लो धाग जगत वव.क. ल े अनत्रज ता यी जनव दा वीवव हा दः न्िद्क्क शालन अभय् सा र ददग पोन शाशषनकम ताय रा प नानुभएक सो पिो सित्व् कीृत गररएक छो । श पिो मिलुय् ङाक्न सशमरत् सह–पर् .ाड .ा यवुर जा लडुटले उप–पर् .ा बलर मा आच यान शमरत् २ः०८०÷१०÷२९ .................... ववभ गा यी पर्मखु ........................ श रिोन्दशेक उप–पर् .ा केशवर जा शसलव ला ...................... ब हाय् श रिोन्दशेक कृतजञ्त ा यस श पिो "िअनत्रज ता यी जनव दा वीवव हा दः न्िद्क्क शालन अभय् सा र ददग पोन "ा ल े मरे अ ाेधय्यन क यानक ो नरत्ज का फोलसत्वपु स का रा रपु शलन सफल भएक छो, जसक ला धाग आठववसक टो नगरप शालक राकुम पजशच्मक ा उतत्रद ता हार ु सगाँ मलै े अनसुन न्िाक उोदद्शेय् पर् जापत्क ला धाग स पिो गिरुके धो ए । यसक सा सि मिौलै े ववशभनन् वय्जततहर ु त सिाघं ससंत् ह्िरबु टा स ,ि सहय गो र सम नि प एाक छो जसल ई यह साँम वाशे गरके छो । सवनपर् मि मरे शो पिो कि शा रिोन्दशेक केशवर जा शसलव ला पर्रत् ह दादनक कृतजञ्त जाञ् पान गनन च हानछ्ु, जसल े सलल् हा, सझ्ु वा त शिाकैष्कष्क ववजञ्त पार्द ना गननुभय ।ो यदद उह लााँ े आफन् वोय्सत्त् समयक बा वाज रुित्रनत्र स ,ि सहय गो र सझ्ु वा पर्द ना नगरके भोए य शो पिो लि े पणुनत पा उादनैथय् हो लो ।ा म तय्रत्कै निय्व दा ददन च हानछ्ु आठववसक टो नगरप शालक का मायेर ग रोख बह दारु के.स .ी शनद्शे र उह काँ को याना लयसगाँ समब्जन त्ि अनय् सदसत्य्हर ु त ि कमनच रा हीर ु जसल े तथय् ङाक् सकंलनम रात्रनत्र सहय गो सहक यान गननुभय ।ो स मिौरे अ ाेधय्यनक कोष् कि यान आठववसक टो नगरप शालक मा काष् गिेत अधय्यनक कार्मम भाएक खोचनक ला धाग मयेर ग रोख बह दारु के.स .ी सनद्शे जय्लू े आधनि क वय्वसत् प्िान गननु भएक कोुर ला ई ववशसन सककनन् । यस अधय्यनक ला धाग र डा जीय्लू ,ा च रौ, ररमन् ,ा ब फाँ की टो, घतेम् बा टा मखुय् सचून दा ता अ ानत्रव ताना समहूकेदरत छलफल, गहन अनत्रव ताना म साहभ धाग भई अनसुन न्िाक उोदद्शेय्क ला धाग महतव्पणुन सचून उापलब ग्िर उानहुनु े आदरणणय उतत्रद ता हार ु पर्रत् आभ रा वय्तत गनन च हानछ्ु । श तिो आिधय्यन गन े अवसर पर्द ना गरके मो साम जाश सात् क्िनर् यी ववभ गा त यिास ववभ गाक वावभ गा यी पर्मखु सह पर् .ाड .ा यवुर जा लडुटले जय् ू पर्रत् ह दादनक आभ रा वय्तत गदनछु । आदरणणय गरु ु ड .ा गमु नाशसहं खतर् लिग एात सम जाश सात् व्िविभ गाक सामण्णुन गरुहुर ु जसल े मल ई ववशभनन् समय वाध मि माहतव्पणुन सलल् हा सझ्ु वा पर्द ना गननु भय ,ो उह हााँर ु पर्रत् ह दादनक आभ रा पर्कट गनन च हानछ्ु । अनत्म मारे योस श पिो लि ई आफन् मोहतव्पणुन सझ्ु वा सलल् हा ददई अजनत्म रपु पर्द ना गननुहनु े ब हाय् श रिोन्दशेक आदरणणय गरु ु उप पर् धाय् पाक बलर मा

**sources:**

# विषयसूची

पृष्ठ

**परिच्छेद-एक**

**परिचय** **(१-८)**

१.१ अध्ययनको पृष्ठभूमी १

१.२ समस्याको कथन ४

१.३. अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको औचित्य ७

**परिच्छेद-दुई**

**पुर्वसाहित्यको समिक्षा** **(९-२६)**

२.१ सैद्धातिक पुनरावलोकन ९

२.१.१ विवाह बारेको बुझाई ९

२.१.२ विवाहको समाजशास्त्रीय बुझाई १०

२.१.३ जात व्यवस्था र अन्तरजातीय विवाह बारेको सैद्धान्तिक बहस : १०

२.२ अनुभबसिद्ध पुनरावलोकन (Empirical Review) १४

२.२.१ भारतमा जात व्यवस्थाको उत्पत्ति र त्यसमा आएको परिवर्तन १५

२.२.२ नेपालमा जात व्यवस्थाको उत्पत्ति र परिवर्तन बारे बहस : १७

२.२.३ नेपालमा अन्तरजातीय सम्बन्धमा देखिएका गतिशिलताहरु : २०

२.३ अन्तरजातीय विवाह र समाजिक परिवर्तन २२

२.४ जनवादी विवाहको अभ्यास २२

२.५ सामाजिक परिवर्तन र दिगोपना बारेको समाजशास्त्रीय बुझाई : २४

२.६ सामाजिक प्रभाव २५

२.७ ज्ञानको अभाव (Knowledge Gap) २६

**परिच्छेद-तीन**

**अनुसन्धान विधी** (२७-३६)

३.१ अनुसन्धान ढाँचा २७

३.२ अध्ययन क्षेत्र छनौटको औचित्य २८

३.२.१ अध्ययन क्षेत्रको परिचय २८

३.२.२ आठविसकोटको सामाजिक जनसांख्यिकी ३०

३.३ तथ्याङ्कको प्रकृति र स्रोत ३१

३.४ उत्तरदाताको छनौट र तथ्याङ्क संकलनको विधि ३२

३.४.१ व्यक्तिगत घटना अध्ययन ३३

३.४.२ गहन आन्तरवार्ता ३४

३.४.३ मुख्य सूचनादाता अन्तरवार्ता ३४

३.५ तथ्याङ्क विश्लेषणको तरिका ३५

३.६ अध्ययनको सिमा ३५

**परिच्छेद-चार**

**रुकुम पश्चिममा माओवादी जनयुद्ध र अन्तरजातीय विवाह** (३७-५३)

४.१ रुकुम पश्चिममा जनयुद्धको सुरुवात ३७

४.२ रुकुम पश्चिमको राजनीतिक परिवेश ३९

४.३ जनताको चेतनास्तरमा आएको परिवर्तन ३९

४.४ संकटकालिन अवस्था र भोगाई ४१

४.५ रुकुम पश्चिममा अन्तरजातीय विवाह ४५

४.६ अन्तरजातीय जनवादी विवाहिताहरुको सामाजिक आर्थिक अवस्था : ४७

४.६.१ उमेर अनुसार बर्गीकरण ४८

४.६.२ शिक्षाको आधारमा बीर्गकरण ४९

४.६.३ पेशाको आधारमा बर्गीकरण ४९

४.६.४ माओवादी जनयुद्धमा संलग्नताको अबस्था ५०

४.६.५ जातको आधारमा बर्गीकरण ५१

४.७ रुकुम पश्चिममा अन्तरजातीय विवाह र माओवादी जनयुद्धको प्रभाव ५१

४.८ रुकुम पश्चिमको सामाजिक परिवेश ५२

**परिच्छेद–पाँच**

**अन्तरजातीय विवाहको वर्तमान अवस्था र दिगोपना (५४-६१)**

५.१ अनुलोम अन्तरजातीय विवाह स्वीकृतिको प्रकृति ५५

५.२ जातीयताका आधारमा अनुलोम अन्तरजातीय विवाहलाई अभिभावकको स्वीकृतीको अवस्थामा विभिन्नता ५७

५.३ सम्बन्ध विच्छेदका घटनाहरु ५९

५.४ अन्तरजातीय विवाहको दिगोपनामा समस्या ६०

**परिच्छेद–छ**

**सारांश र निष्कर्ष (६२-६७)**

६.१ अध्ययनको सारांश ६२

६.२ निष्कर्ष ६५

**सन्दर्भ सामग्रीहरू**

**अनुसूचीहरु**

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| गा.वि.स. | गाउँ विकास समिती |
| न.पा. | नगरपालिका |
| गा.पा. | गाउपालिका |
| पि.एल.ए. | जनमुक्ति सेना |
| डब्लु. टी. | पूर्णकालिन |

# तालिका सूची


तालिका नं. १: जातजातीगत आधारमा आठबिसकोट नगरपालिकाको जनसंख्या वितरण.........३०

तालिका नं. २: धर्म अनुसार जनसंख्याको वितरण......................................................३०

तालिका नं. ३: उमेर अनुसार बर्गीकरण..................................................................४७

तालिका नं. ४: शिक्षाको आधारमा बर्गीकरण............................................................४८

तालिका नं. ५: पेशाको आधारमा .........................................................................४८

तालिका नं. ६: माओवादी जनयुद्धमा संलग्नताको अबस्था...........................................४९

तालिका नं. ७: जातको आधारमा.........................................................................५०


# चित्र सूची


चित्र नं. १ अध्ययन क्षेत्र देखाईएको नेपालको प्रादेशिक नक्सा......................................३९

# परिच्छेद-एक

# परिचय :

## १.१ अध्ययनको पृष्ठभूमी

विवाह एक सामाजिक संस्था हो । यसलाई मानव सभ्यताले निर्माण गरेको पारिवारिक संगठन पनि भन्न सकिन्छ, जसले महिला र पुरुषलाई निजी परिवार बनाउन उत्प्रेरित, नियमित र संगठित गर्छ । त्यस्तै विवाह एक प्रकारको कारखाना हो । यस्तो कारखानामा, जसका नाममा महिला र पुरुषले आफ्नै जीवन माथिको स्वपन र स्वामित्व गुमाउछन् । यहिबाट जीवन साझेदारी सुरु हुन्छ र आफ्नो भौतिक तथा भावनात्मक अस्तित्व माथि साझेदारी । यी विवाह माथिका सकारात्मक र नकारात्मक अर्थ र परिभाषा हुन । विवाह माथिका नकारात्मक भनाई यसकारण छन् कि यसले सामाजिक तथा मानविय अस्तित्वलाई बलाशाली बनाउछ । यस प्रति कतिपय मान्छे यसकारण नकारात्मक छन् कि यो बन्धन हो, यसले मानिसको स्वतन्त्र अस्तित्वलाई अवरुद्ध गर्छ । यद्यपि विवाह सामाजिक सवालको एउटा हिस्सा हो । विवाह हुन्छ त्यसैले मान्छे बलियो हुन्छ । विवाह छ त्यसैले व्यक्ति, घर, समाज र सभ्यता पुर्ण छ । यो चलाएमान छ । गतिशिलता यसको चरित्र हो (दाहाल, २०१८) ।

विवाह धेरै प्रकारका हुन्छन् तर नेपालको कानूनले तीन किसिमका विवाहको बारेमा चर्चा गरेको छ । जस अन्तरगत परम्परागत विवाह, दर्ता विवाह र गन्धर्व विवाह पर्दछन् । सामान्यतया स्त्री र पुरुषका बिचमा पति-पत्नीको सम्बन्ध कायम गराउने धार्मिक सामाजिक कृत्यलाई विवाह भनिन्छ (नेपाली वृहत शब्दकोष, २०६०) ।

फरक-फरक जातका नारी र पुरुषविचको विवाह अन्तरजातीय विवाह हो । सामान्यतया फरक जात, धर्म, संस्कृतिका नारी र पुरुषविच हुने विवाहलाई अन्तरजातीय विवाह भनिन्छ । हाल प्रचलित कानूनले अन्तरजातीय विवाहलाई मान्यता प्रदान गरेको छ । अन्तरजातीय विवाहले अहिले समाजमा मान्यता पनि पाउदै गएको छ । अन्तरजातीय विवाहले फरक जातको नारी र पुरुषलाई एकिकृत गर्नुका साथै फरक-फरक समूदायको परिवारमा पनि एकता कायम गर्दछ (महतो, २०१८) ।

नेपाली समाजलाई नियाल्ने हो भने विभिन्न खालका सामाजिक दरारहरु भेटाउन सकिन्छ । यहाँ विभिन्न जातजाती, वर्ग, लिङ्ग, धर्म, भाषाका मानिसहरुको बसोबास रहेको पाईन्छ । सोहि अनुरुप विभिन्न खालका आर्थिक सामाजिक असमानताहरू पनि व्याप्त छन् । जस मध्ये सामाजिक विभेदको चरम रुप; जातीय भेदभाव तथा छुवाछुत पनि एक हो । कुनै पनि समाजलाई विश्लेषण गर्दा त्यसको

विश्लेषणको एकाई के हुने भन्ने कुराले अर्थ राख्दछ । समाजको सुक्ष्म तहको अध्ययनले वृहत् तहमा प्रभाव राख्ने भएकाले यसको अध्ययन गर्न आवश्यक देखिन्छ ।

जातीय व्यवस्था सामाजिक स्तरिकरणको एक प्रमुख आयाम हो । यसमा शुद्ध र अशुद्ध भावना रहेको हुन्छ । भारतीय समाज हिन्दु धार्मिक जातीय व्यवस्थामा आधारित तहगत रुपमा स्तरीकृत समाज हो । जातीय व्यवस्थाको विशेषताहरूलाई समाजमा सजिलै अवलोकन एवंम् अनुभव गर्न सकिन्छ । किनभने सामाजिक स्तरीकरण सामाजिक रुपमा प्रदर्शित हुने गर्दछ । संस्कारहरु, लुगा, विवाह अभ्यासहरु जस्ता क्रियाकलापहरुले एक जातीलाई अर्को जाती भन्दा अलग रुपमा चिनाउदछ (गुप्ता, २०००) ।

जात व्यवस्था पदसोपानमा आधारित छ । पदसोपान जात व्यवस्थाको एक प्रमुख विशेषता हो, जुन शुद्ध अशुद्ध जातको विचमा तहगत विभाजनको रुपमा रहने गर्दछ । जसका कारण शुद्ध जातीय समुदायमा उच्च अहमताको भावना जागृत भएको देखिन्छ (डुमोन्ट, १९९८) ।

जात समाजलाई स्तरिकरण गर्ने एक सामाजिक व्यवस्था हो, जुन हिन्दु धर्ममा आधारित सामाजिक मुल्य, मान्यतासँग सम्बन्धित छ । जातीय समाजहरू धेरै समरुपी समुदायहरु होईन । असमानता र बहुरुपी जातीय व्यवस्थाको प्रमुख विशेषता हो । जात व्यवस्थाले समाजका मानिसहरूलाई विभिन्न फरक-फरक खण्डहरुमा विभाजन गरिएको हुन्छ । ती प्रत्येक खण्डका मानिसहरूको सामाजिक मुल्य, मान्यता, नैतिकता, चालचलन, रीतिरिवाज, संस्कार एवंम् सामाजिक हैसियत समेत असमान हुने गर्दछन् । हिन्दु बर्ण व्यवस्थामा आधारित जातीय प्रणाली चार वर्णमा विभाजित छ । जसमा ब्राह्मण, क्षेत्री, बैश्य र शुद्र पर्दछन् । जातीय प्रणालीमा समाजलाई विभिन्न साना-साना समूहरुमा विभाजन गरिएको हुन्छ, जसलाई जात भनिन्छ । ती प्रत्येक जात पुर्ण रुपमा विकसित सामाजिक समुहहरु हुन्, जसको सदस्यता जन्मका आधारमा निर्धारण गरिएको हुन्छ । जातीय व्यवस्थामा सामाजिक गतिशिलताको अवस्था लगभग शुन्य जस्तै हुने गर्छ किनभने जातीय समूहहरूका आफ्नै परम्परावादी हैसियत, पेशा, नियम र निरन्तरताहरु रहने गर्छन (घुर्रे, १९५०) ।

वर्ण व्यवस्थाको नियम अनुसार कुनै पनि जात अर्को जातसँग बराबर नहुने र उनिहरुबीच कुनै न कुनै प्रकारको छुवाछुत पनि अनिवार्य रुपमा हुने परम्परा लादिदै जाँदा समाजमा विकसित भएका सबै जात उचनिचको तहगत सम्बन्धमा आधारित हुन पुगे । आज तिम्रो वर्ण के हो ? भनेर कसैले सोध्दैन । र, ब्राह्मणदेखि आजको कथित अछुत सम्म कसैले पनि आफु ब्राह्मण वा शुद्र वा पञ्चम वर्णको भनि परिचय दिदैन । बरु त्यसको सट्टा आफ्नो परिचय जातको रुपमा दिने गरिन्छ । ब्राह्मण पनि

अहिले एउटा जातको रुपमा बुझिन्छ । तसर्थ वर्ण व्यवस्थाको नाममा सुरु भएर आजसम्म पुग्दा त्यो व्यवस्था विस्तारित भएर जात व्यवस्था बन्न पुगेको छ । यो व्यवस्थालाई अहिले जात व्यवस्थाका रुपमा वुझ्नु नै सहि हुन्छ (आहुती, २०७७) ।

रुकुम पश्चिम माओवादी जनयुद्धको आधार इलाका अर्थात सुरुवात विन्दु हो । नेकपा (माओवादीले) नौलो जनवाद स्थापनाका लागि १० बर्ष लामो युद्ध गर्‍यो । सो जनयुद्धमा दलितहरुले महत्वपुर्ण भूमिका निर्वाह गरेका थिए । माओवादी पार्टीको आन्तरिक स्रोत (यमी, २००६)को दावि अनुसार त्यहा १७७५ जना दलित महिला र पुरुष जनमुक्ति सेना (पी.एल.ए.) थिए, जसमध्ये २०७ जना युद्धमा शहिद भए । वास्तवमा गोरखाका ११ बर्षिय दिल बहादुर रम्तेल जनयुद्धको पहिलो शहिद थिए । जसलाई प्रहरीले माओवादी सँग सम्बन्धित भएको आरोपमा अपहरण गरि मारेका थिए । पी.एल.ए. सदस्यहरु र शहिदहरु बाहेक १७ वटा नमुना गाउँहरु युद्धको अवधिमा छुवाछुत मुक्त भएको पार्टीको दावि छ ( यमी, २००६) ।

समुदायबिच असमानता र दुरी संस्थागत गरेको राज्यसत्ताले आपसी प्रेम निर्माण हुन दिएन । तर जनयुद्धमा नयाँ पुस्ताका युवायुवतीले गणतन्त्र र समावेशी लोकतन्त्रको चेतनाद्धारा प्रेम सम्बन्धलाई पनि नयाँ ढङ्गले परिभाषित गर्ने क्रम बढेको छ । यसै सन्दर्भमा माओवादी जनयुद्धमा परम्परागत विवाह प्रचलनलाई चुनौती दिदै अति कम खर्चमा मुट्ठी उठाएर र बन्दुक साटेर विवाह गर्ने प्रचलन थियो र ती अधिकांश विवाह अन्तरजातीय थिए (पाठक, २०१८) ।

अन्तरजातीय वैवाहिक सम्बन्ध खासगरी नीतिगत रुपमा स्वीकारेर प्रगतिशिल, बामपन्थी राजनीतिक आन्दोलनले व्यापक मात्रामा प्रचलनमा ल्याएको हो । धर्म, संस्कृति, यौन, प्रेम, परिवार, समाज र राज्यसत्ताको ठोस परिभाषा अन्तर्गत सामाजिक सम्बन्ध र समाजनिर्माणमा महत्वपुर्ण पक्ष वैवाहिक सम्बन्ध पनि हो । पहिलो चरणमा माओवादी जनयुद्धको बेला हजारौं युवा-युवती विद्रोहमा सामेल भए । कथित तल्लो र उपल्लो जात, नश्लभेद, दलित, गैरदलित जस्ता विभेदकारी पर्खाल तोड्दै हजारौ जोडीका वैवाहिक सम्बन्ध गासिँए । पार्टीद्धारा बयस्क कार्यकर्ताको व्यवस्थापन, यौन र प्रेमलाई व्यवस्थित गर्न पनि आवश्यक थियो । यसरी अन्तरजातीय विवाहले आन्दोलनकै रुप लिएको थियो ( पोखरेल र श्रेष्ठ, २०७४) ।

यस अध्ययनलाई खोजमुलक तथा अर्थपुर्ण बनाउनका लागि रुकुम पश्चिममा माओवादी जनयुद्धको दौरानमा अन्तरजातीय विवाह उल्लेख्य मात्रमा बढ्नुका खास खास कारणहरु, ती अन्तरजातीयक जनवादी विवाह गरेका जोडीहरुको हालको अवस्था र ती वैवाहिक सम्बन्धमा आएका समस्या,

चुनौतीहरुलाई गहिरो सँग अध्ययन गर्ने प्रयास गरिएको छ। यस क्षेत्रमा माओवादी जनयद्धको क्रममा थुप्रै अन्तरजातीय विवाहहरु भएका थिए, तर माओवादी जनयुद्ध शान्ती प्रक्रियामा गइसके पछि ती विवाहहरुलाई घरपरिवार तथा समाजले सजिलै स्वीकार गर्न सकिरहेको स्थिती देखिदैन । समाजको अस्वीकारकै कारण कतिपय दम्पत्तीहरुको सम्बन्ध विच्छेद सम्म पुगेका छन भने कतिपय दम्पत्तीहरु आफ्नो पुर्ख्यौली ठाउँ छोडेर अन्तै बसाई गर्न बाध्य भएको पाईन्छ। यसै सन्दर्भमा खास के कारणले पश्चिम रुकुममा माओवादी जनयुद्धको दौरानमा अन्तरजातीय विवाहको अभ्यास बढ्न पुगेको थियो ? ती दम्पत्तीहरुको अहिलेको अवस्था के छ ? र ती बैवाहिक सम्बन्धहरु किन सम्बन्ध विच्छेद अर्थात पारिवारीक विखण्डनको अवस्थामा पुगे भन्ने कुराको सुक्ष्म अध्ययनका लागि रुकुम पश्चिमको आठविसकोट क्षेत्रमा गई उद्देश्यमुलक नमुना छनोट विधिबाट प्रारम्भिक तथ्याङ्क संकलन गरिएको छ।

## १.२ समस्याको कथन

नेपाली समाजलाई परम्परागत रुपमा हेर्दा यो हिन्दु परम्परा अनुसार हिन्दु बाहुल्य भएको समाज हो। जाती व्यवस्था भएको समाज भएकाले त्यसमा हुने विवाह पनि सजातीय विवाह छन् । घर्येका अनुसार त्यो सजातीय विवाह भनेको जात व्यवस्थाको सारतत्व (Essence) हो । जात व्यवस्थाका अरु विभिन्न विशेषताहरु भन्दा पनि सजातीय विवाहले जातलाई एउटा पुस्ताबाट अर्को पुस्तामा पुस्तान्त्रण गर्ने काम गर्छ। यदि त्यसो हुन सकेन भने जात व्यवस्था अगाडी बढ्दैन। जात व्यवस्थालाई निरन्तरता दिने काम सजातीय विवाह (Marriage endogamy) ले गर्छ । त्यसैले सजातीय विवाहलाई जोगाईराख्न जात व्यवस्थामा अन्तरजातीय विवाहलाई दण्डित गरिन्छ । तर विभिन्न कानूनी, सामाजिक रुपमा हुने बाधा व्यवधानका बाबजुद पनि ती अवरोधहरुलाई छिचोलेर अन्तरजातीय विवाह इतिहास देखि नै हुदै आएका छन् र ती अन्तरजातीय विवाहलाई विभिन्न प्रकारका परिस्थिति र सामाजिक आन्दोलनहरुले थप मलजल गरिराखेका छन्। जस मध्ये माओवादी जनयुद्ध पनि एक हो। माओवादी जनयुद्धका दौरानमा माओवादीको जहाँ जहाँ प्रभाव क्षेत्र अर्थात आधार ईलाका थिए त्यहा अन्तरजातीय जनवादी विवाह गर्नेको संख्या बढेर गयो ।

ब्राह्मणवादी मुल्यमान्यता र संस्कार अनुसार चलेका विवाह प्रथा मध्ये हिन्दु समाजमा सबै भन्दा बेसी मात्रामा सजातीय विवाह चल्दै आएको छ। सजातीय विवाह मानवद्वेषी जात व्यवस्था कायम राख्नका लागि मुख्य रुपमा जिम्मेवार संरचना र प्रक्रिया हो । ईतिहासकार रोमिला थापरका अनुसार जातका लागि आनुबंशिक समुह हुन जरुरी हुन्छ । उनिहरुविच आपसमा विवाह बन्धनमा बाधिनु आवश्यक

हुन्छ (महर्जन, २०१८) । हिन्दु धर्ममा मात्र नभएर अन्य धर्म र समुदायमा पनि सजातीय विवाह (Marriage endogamy) लाई नै महत्व दिने गरिन्छ (खतिवडा, २०१८) ।

नेपाली समाजमा अन्तरजातीय विवाहले सामाजिक विचलन ल्याउँछ भन्ने परम्परागत सामाजिक मान्यताले सजातीय विवाह अभ्यासमा छ भने अन्तरजातीय विवाहमा विभिन्न बाधा अवरोधहरु सिर्जना गरिएका छन् । सजातीय विवाह र नातेदारी सम्बन्धद्धारा आफ्नो जातीय तहगतता कायम राख्न गरिएका यि सबै उदाहरणका बाबजुद पनि प्रत्येक समाजमा अन्तरजातीय विवाहले ठाउँ लिइरहेको पाईन्छ अर्थात अन्तरजातीय विवाह बढ्दो अवस्थामा देखिन्छ । अन्तरजातीय विवाहले काल्पनिक सिमाहरु भत्काएको छ (लुईटेल, २०१८) ।

माओवादी जनयुद्धताका ठुलो संख्यामा कार्यकर्ताले अन्तरजातीय जनवादी विवाह गरेका थिए । ति मध्ये धेरैको अहिले सम्बन्ध विच्छेद भईसकेको पाईन्छ (हेर्नुस बस्नेत, २०१८) । अनिल शर्माको लेख युद्धकालिन विवाहमा उहाँ भन्नुहुन्छ, युद्धकालमा क्रान्तिकारी बन्ने, आफु नमुना बन्ने प्रतिस्पर्धा थियो । शहिद बन्ने, गाह्रो कामको जिम्मा लिने प्रतिस्पर्धा थियो । यसबाट हामी सजिलै बुझ्न सक्छौ कि माओवादी जनयुद्धमा अन्तरजातीय जनवादी विवाह व्यापक बनेको थियो । अर्को शब्दमा भन्दा माओवादी जनयुद्धले अन्तरजातीय जनवादी विवाहलाई बढाएको थियो । तर युद्धकालीन विवाह र त्यस क्रममा गठित पारिवारिक संरचना भत्केका छन् । यो समस्या दलित सँग अन्तरजातीय विवाह गर्नेहरुको लागि झन जटिल बनेको छ (शर्मा, २०१८) ।

जनमुक्ति सेनाहरु विचको अन्तरजातीय विवाहको युद्धपछिको असफलता पनि एउटा सुचक हो । पहिलो २० बर्ष यता युद्धकालमा माल्कोटमा पी.एल.ए भित्र भएका सबै ५ वटा अन्तरजातीय विवाह, तिनिहरु हाल कोहीपनि गाउँमा बस्दैनन् । एकजना क्षेत्रि दुलही उत्तरदाता जसले युद्धको समयमा माल्कोटको एउटा दलित सँग विवाह गरेकी थिइन् उनले व्याख्या गरिन कि, कसरी युद्धपछि आफ्नो जात अस्पष्ट देखाउन आफ्नो थरको रुपमा क्षेत्रि सुनिने थर गोत्र धारण गरिन् । धेरैजसो विवाहहरु युद्धपछि छोटो समयमै परिवारको अस्वीकारका कारण छुटिएका थिए (रिचर्ड, २०१६) ।

विद्वानका लेखहरु, विभिन्न पत्रपत्रिकाहरु र मेरो आफ्नै समुदाय एवं साथी सम्बन्धमा भएका अन्तरजातीय जनवादी विवाह दिगो भएको देखिदैन । माओवादी जनयुद्धमा स्वतःस्फुर्त रुपमा अन्तरजातीय विवाह गरे पनि शान्ति प्रक्रियामा आएपछि त्यो सम्बन्ध भत्कियो । त्यसमा पनि धेरैजसो दलित र गैरदलितविच भएका अन्तरजातीय विवाहका सम्बन्धहरु भत्किने क्रम बढी छ । यस्तो कसरी

हुन्छ र किन भईरहेको छ ? कुन कुराले यसलाई सहयोग पुऱ्याईरहेको छ ? भन्ने विषयमा यस अध्ययनमा खोज गरिएको छ ।

जसले अन्तरजातीय विवाहलाई अगाडी बढाएका छन् तिनको अवस्था के छ ? र ती विवाहहरु किन सम्बन्ध विच्छेदमा गएर टुङ्गिए ? माओवादी जनयुद्धको दौरानमा जुन गतिमा अन्तरजातीय विवाह हुने गरेका थिए जनयुद्ध पछि त्यो रफ्तारमा अन्तरजातीय विवाह हुने गरेका छन् कि छैनन् ? माओवादी जनयुद्धमा त्यस्तो खास के चिज थियो जसका कारण अन्तरजातीय विवाह ह्वात्तै बढ्न पुग्यो भन्ने बारेमा त्यती खोज अनुसन्धान हुन सकेको छैन । जसलाई मेरो यो अध्ययनले पुर्ति गरेको छ । जुन पुर्ति गर्नका लागि मैले निम्न प्रकारका अनुसन्धान प्रश्नहरु तयार गरेको छु ।

**यस अध्ययनमा मुख्यगरी निम्न अनुसन्धान प्रश्न हुनेछन् :**

- माओवादी जनयुद्धको अवधिमा पश्चिम रुकुममा के कसरी, कुन परिस्थितीमा अन्तरजातीय विवाहहरु भए ?
- माओवादी जनयुद्धको क्रममा भएका अन्तरजातीय बिवाहहरुको बर्तमान अवस्था र दिगोपना कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य पश्चिम रुकुममा माओवादी जनयुद्धका क्रममा अभ्यास गरिएका अन्तरजातीय जनवादी विवाहको अवस्था पहिचान गरी ती अन्तरजातीय विवाहहरुको दिगोपनालाई प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु तथा अनुभव र चुनौतीहरुको विश्लेषण गर्नु रहनेछ ।

**अध्ययनको विशिष्ट उद्देश्य निम्नानुसार हुनेछन् :**

१. माओवादी जनयुद्धको अवधिमा पश्चिम रुकुममा भएका अन्तरजातीय विवाहको अभ्यास तथा प्रक्रिया पत्ता लगाउनु,

२. माओवादी जनयुद्धको क्रममा कायम भएका अन्तरजातीय बैवाहिक सम्बन्धहरुको बर्तमान अवस्था र दिगोपना पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

पूर्वीय समाजमा जातीप्रथा छ, जहा आफ्नै जातभित्रको विवाहलाई राम्रो ठानिन्छ । पश्चिमा मुलुकमा जातिप्रथा नभएपनि एक समुदायले अर्को समुदाय सँगको विवाहलाई राम्रो मान्ने चलन छैन । नेपालकै पनि गैरहिन्दु समुदायमा जातीप्रथा चलनमा रहेको पाईदैन । तर जातीप्रथा नभएका समुदायमा पनि आफ्नै समुदायमा मात्र विवाह गर्ने चलन छ । यसरी एउटै समुदाय भित्र गरिने विवाह सजातीय विवाह हो भने यसको विपरित अर्को समुदायसँग गरिने विवाहलाई अन्तरजातीय विवाह भनिन्छ । विवाह धर्मबाट निर्देशित हुन्छ । यात एक जात या समुदाय भित्र, भरसक आफ्नो गोत्रमा भने विवाह नहुनु राम्रो ठानिन्छ । तर अन्तरजातीय विवाह सामाजिक साँस्कृतिक रुपान्तरणको बाहक मानिन्छ ( खतिवडा, २०१८) ।

हिन्दु बर्णाश्रम व्यवस्थामा आधारित जात व्यवस्था नेपाली समाजका एक महत्वपुर्ण सामाजिक बहसको विषय हो । यस सुक्ष्म तहको अध्ययनले नेपालमा हुने जाजीय विभेदको प्रकृतिलाई एक विशेष तहमा प्रतिनिधित्व गरेको छ । अन्तरजातीय विवाहको अभ्यास तथा यी विवाह गर्ने प्रक्रियाहरुको साँगोपाँगो व्याख्या गरेको छ । नेपालमा व्याप्त जातीय भेदभाव तथा छुवाछुतको बर्तमान अवस्थाको बारेमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिएको छ ।  यस अध्ययनले अन्तरजातीय जनवादी विवाहले पारेको आर्थिक सामाजिक तथा मनोवैज्ञानिक असरलाई बुझ्न सहयोग पुऱ्याएको छ । अन्तरजातीय जनवादी विवाहको अवधारणा, यसले नेपाली समाजमा संरचनागत रुपमा रहेको छुवाछुसहितको जात व्यवस्था लाई परिवर्तन गर्न खेलेको भुभिका एवम् समाजमा पारेको सामाजिक, साँस्कृतिक प्रभाव र यी वैवाहिक सम्बन्धमा आएको परिवर्तन तथा यसको दिगोपनालाई बुझ्न यसले सहयोग गरेको छ साथै पश्चिम रुकुम माओवादी जनयुद्धको सुरुवात भएको अर्थात माओवादी जनयुद्धको आधार ईलाका भएको ठाउँ हो । यहाँ विशेष गरी माओवादी जनयुद्धका क्रममा अन्तरजातीय जनवादी विवाह पनि धेरै भएकोले यो ठाउँ मेरो अध्ययनको लागि उपयुक्त ठाउँ हो ।

माओवादी जनयुद्धमा त्यस्तो के कुरा थियो जसका कारण अन्तरजातीय विवाहको दरमा वृद्धि हुन पुग्यो अर्थात व्यापकतामा वृद्धि भयो ? र जब माओवादी जनयुद्ध बृहत्त शान्ती सम्झौतामा आएर टुङ्गियो त्यसपछि ती अन्तरजातीय विवाह गरेका जोडीहरुको अ वस्था के भयो ? भन्ने विषयमा पत्रपत्रिका तथा सामाजिक संजालहरु हेर्ने हो भने ती अन्तरजातीय विवाह गरेका जोडीहरुको सामाजिक रुपमा समस्या देखिन्छ । उनिहरुलाई समाजले स्वीकार गर्न नसकेको,  घरपरिवारले स्वीकार गर्न नसकेको र अधिकांश जोडीहरु सम्बन्ध विच्छेद तथा पारिवारिक विखण्डनमा पुगेको देखिन्छ । ती मध्ये जसले

अन्तरजातीय वैवाहिक सम्बन्धलाई अगाडी बढाएका छन् तिनको अवस्था के छ ? र ती विवाहहरु किन किन सम्बन्ध विच्छेदमा गएर टुङ्गिए ? भन्ने बारेमा समाज विज्ञानको क्षेत्रमा पर्याप्त अध्ययन भएको छैन । र जनयुद्धको दौरानमा जुन गतिमा अर्थात व्यापकतामा अन्तरजातीय विवाह भएका थिए शान्ती प्रक्रिया पछि त्यो रफ्तारमा अन्तरजातीय विवाह हुने गरेका छन कि छैनन् । त्यो बारेमा अध्ययन भएको छैन । त्यसैले मेरो अध्ययनले यो विषयलाई उठाएको छ । यसकारण पनि यो अध्ययनको विषय खोजमुलक छ ।

# परिच्छेद-दुई

# पूर्वसाहित्यको पुनरावलोकन

विवाह शास्त्रीय र समकालीन समाजशास्त्रीहरूको लागि सधैं विश्लेषणको एकाइ हो । अन्तरजातीय विवाहको मुख्य सिद्धान्तहरू प्रकायवादी सिद्धान्त, द्वन्द्व सिद्धान्त, बर्गिय सिद्धान्त र जातीय सिद्धान्त हुन् । यस अध्यायमा जातीवादी सिद्धान्त र बर्गिय सिद्धान्तको सैद्धान्तिक विकास, यी सिद्धान्तसँग सम्बन्धित साहित्यको शैद्धान्तिक पुनरावलोकन र अनुभवजन्य पुनरावलोकन समावेश छन् । पुर्व साहित्यको पुनरावलोकनले विगत र बर्तमानमा अनुसन्धान गरिएका यससँग सम्बन्धित विषयको विश्लेषणात्मक ढाँचा, जानकारी र ज्ञान दिन्छ ।

## २.१ सैद्धान्तिक पुनरावलोकन (Theoretical Review)

यस अध्यानमा मैले अन्तरजातीय जनवादी विवाहको बारेमा उपलब्ध साहित्यहरुलाई पुनरावलोकन गर्ने काम गरेको छु । यस पुर्व साहित्यको पुनरावलोकनलाई मोटामोटी रुपमा दुई भागमा बाडेको छु । एउटा सैद्धान्तिक पाटो छ भने अर्को अनुभवसिद्ध पाटोको पुनरावलोकन गरेको छु ।

### २.१.१ विवाह बारेको बुझाई

विवाह एक प्रकारको सामाजिक प्रक्रिया हो । फरक-फरक परिवारका दुई विपरित लिङ्गी व्यक्तिलाई एक सुत्रमा बाध्ने काम विवाह हो । यो सामाजिक तथा कानूनी रुपले मान्य हुनु पर्दछ । विवाहलाई विभिन्न दृष्टिकोणले हेर्न सकिन्छ । यूरोपेली सभ्यता अनुसार विवाह एक सम्झौता हो । हिन्दु समाज अनुसार विवाह एउटा संस्कार हो । विवाह अनतिक्रम्य सामाजिक बन्धन हो (मुलुकी देवानी संहिता ऐन २०७४ दफा ६८) । विवाह पुरुष र महिलाविच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि आवश्यक भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र समाजिक तथा कानूनी बन्धन हो (मुलुकी देवानी संहिता ऐन २०७४ दफा ६८(१)) भनि परिभाषित गरेको छ ।

विश्वभर भएका विविध मुक्ति संघर्ष र सामाजिक आन्दोलनले बैचारिक स्तरमा नारी पुरुषविच समान स्तरमा सम्बन्ध हुनेबारे विविध बहस सृजना गरेका छन् तर हाम्रो हिन्दु र मुस्लिम समाज अझै मध्यकालिन पुरुष बर्चश्वको धार्मिक रुढ सामाजिक व्यवस्थाबाट निस्कन सकेको छैन् । जहाँ स्त्री यौनिक यन्त्र मात्र छ र पुरुष स्वामी, धन र स्वर्गको रक्षक । अहिले हामी बाचिरहेको समाजमा जातपातको संकिर्णता, दाइजो र उचनिचको अमानविय वातावरण विद्यमान छ । यसमा धन र धर्म

दुवै पुरुषको बर्चश्वको साधक बनेको छ । यस अर्थमा विवाह आजको २१ औं शताब्दीमा पनि स्त्री पुरुषविच स्वतन्त्र सम्बन्धको सिद्धान्तमा आधारित छैन् । बरु विवाह दुई परिवार विचको सामाजिक सम्बन्धको छद्म तर्कमा आधारित छ, जसमा अर्थ र धर्म दुवै कारक छन् (जनकपुरी, २०१८) ।

मानव जातीको इतिहासमा कुनै बेला विवाह भन्ने संस्था नै थिएन । त्यहाँ पुर्ण यौन स्वतन्त्रता थियो । मानिसले जंगली युगमा प्रकृति र जंगली जनावर सित जुध्न सामुहिक जीवन अपनायो । सुरुमा ढुङ्गे हतियारको विकास गर्‍यो, विस्तारै परिस्कृत गर्दै गयो । जंगली युगमा भाषाको विकास र आगो पत्ता लगाउने दुईवटा कुराले मानिसलाई पशुबाट छुट्याउन धेरै बल  पुर्‍यायो ।

### २.१.२ विवाहको समाजशास्त्रीय वुझाई (Sociology of marriage)

विवाह भनेको व्यक्तिगत सम्बन्धमा दुई व्यक्तिको कानूनी रूपमा मान्यता प्राप्त संस्था हो । कानूनी रूपमा दर्ता भएको विवाहले आर्थिक तथा सरकारी लाभ र अधिकारहरू प्राप्त गर्दछ । विवाह धर्म, संस्कृति तथा कानूनबाट परिभाषित सामाजिक सस्था हो (Turner, 2006) ।

समाजशास्त्रमा विवाहलाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ । सन् १९८० को दशकतिर नारीवादी समाजशास्त्रीहरूले विवाह पितृसत्तात्मक प्रणालीको निर्माण बैवाहिक सम्झौता हो र यो वास्तवमा एक कार्य सम्झौता हो भनेर तर्क गरेका छन् । प्रकार्यवादीहरू विवाहको बारेमा तुलनात्मक रुपमा आशावादी थिए । धेरै विवाह असफल हुनुको कारण आफ्नो पार्टनर र विवाहको संस्थाप्रति मानिसको अपेक्षा धेरै रहेको उनीहरुको दाबी छ । नव अधिकारवादीहरु विवाहको परम्परागत संस्थामा सबैभन्दा समर्पित छ । उनीहरू विवाहलाई सुक्ष्म परिवारको बाटोको रूपमा हेर्छन्, जुन उनीहरू सोच्दछनकी विवाहले समाजको समाज निर्माणको आधारस्तम्भका रूपमा काम गर्दछ । उत्तर आधुनिकतावादीहरूले विवाहको महत्त्व देख्छन्, तर उनीहरूले बुझ्छन् कि सामाजिक दबाब र परिवर्तनहरूले यसलाई अडिग रहन झन् गाह्रो बनाउँछ (Turner, 2006) । विवाह दुई स्वीकार्य जोडीहरु बीचको अपेक्षाकृत बन्धन हो (Lowie, 1907) । विवाह भनेको सन्तान उत्पादन र पालनपोषणको लागि एउटा सम्झौता हो ( Malinowski, 1930) ।

### २.१.३ जात व्यवस्था र अन्तरजातीय विवाह बारेको सैद्धान्तिक बहस :

जात व्यवस्थाको सारतत्व सजातीय विवाह हो । जात व्यवस्थाका अरु विभिन्न विशेषताहरु भन्दा पनि सजातीय विवाहले जातलाई एउटा पुस्ताबाट अर्को पुस्तामा पुस्तान्त्रण गर्ने काम गर्छ । यदि त्यसो हुन सकेन भने जात व्यवस्था अगाडी बढ्दैन । जात व्यवस्थालाई निरन्तरता दिने काम सजातीय

विवाह (Marriage endogamy) ले गर्छ। त्यसैले सजातीय विवाहलाई जोगाईराख्न जात व्यवस्थामा अन्तरजातीय विवाहलाई दण्डित गरिन्छ (घुर्रे, १९५०)।

जात व्यवस्थामा शुद्धता र अशुद्धताको नियम लागु हुन्छ। त्यो शुद्धता र अशुद्धतालाई छुट्याउने काम सजातीय विवाहले गर्छ। यो विशेष गरी सँगै नबस्ने, सँगै नखाने, नछोईने कुरामा देखिन्छ। अर्को मुख्य कुरा चाही विवाह हो। किनभने जात व्यवस्थाको मान्यताले एउटाको रगत शुद्ध र अर्कोको रगत अशुद्ध हुन्छ भन्ने विश्वास राख्दछ। यि सबैकाम विवाहले निर्धारण गर्छ। जसले एउटा निश्चित जात जन्मनबाट बन्चित गऱ्यो। त्यसैले शुद्ध र अशुद्ध लाई छुट्याउने काम सजातीय विवाहले गर्छ (डुमोन्ट, १९९८)।

टी.एन. मदनको Dumont on the nature of caste in India मा डुमन्टले जातलाई एक वैचारिक दृष्टिकोणका आधारमा हेरेका छन्। डुमन्टले पदसोपानलाई जात व्यवस्थाको एक महत्वपुर्ण विशेषताको रुपमा लिएका छन् जुन शुद्ध र अशुद्धको भावनामा आधारित हुने गर्दछ। यसमा वोग्ले भन्नुहुन्छ जात व्यवस्थालाई वुझ्ने डुमन्टको सुरुवात विन्दु भनेको शुद्ध र अशुद्धको विचको विरोधाभाष हो। सुरुवातीमा वंशाणुगत समुहहरु केही निश्चित पक्षहरु जस्तै सजातियता, सँगै खानेकुरा र शारिरीक सम्पर्क बाहेक तहगत रुपमा मिलेर बसेका थिए, परम्परागत श्रमविभाजन जस्ता अन्य कामहरु अन्तरनिर्भर थिए भन्ने रुपमा जात व्यवस्थालाई बुझिन्थ्यो। पदानुक्रमलाई अशुद्धता माथि शुद्धताको श्रेष्ठताका रुपमा परिभाषित गरिन्छ र डुमन्टको जात व्यवस्था नमुनाको प्रमुख आधारको रुपमा लिइन्छ (Madan, 2000)।

समाजशास्त्री दिपाङ्कर गुप्ताका अनुसार जातीय व्यवस्था सामाजिक स्तरिकरणको एक उदाहरणको रुपमा देखिन्छ। जात व्यवस्थाले हिन्दुहरुलाई व्यापक रुपले अलग्याएको र श्रेणीबद्ध गरेको बुझ्न सकिन्छ। सामाजिक स्तरिकरण र विविधिकरण सामाजिक रुपमा देख्न सकिने हुन्छ, जस्तो संस्कारहरु, लुगाफाटो, भेषभुषा, विवाहका अभ्यास जस्ता क्रियाकलापहरु जसले व्यक्ति एवं समुहको आर्थिक सामाजिक, राजनीतिक स्तरलाई निर्धारण गरेको हुन्छ। यसै लेखमा मेक्स वेवर र कार्ल मार्क्स पदानुक्रम र फरकपनालाई यसरी लेख्दछन्, मेक्सका अनुसार वर्ग, स्थिति र राजनीतिले स्तरीकरणलाई निर्धारण गर्दछन्। समाजमा वर्गलाई बजार अवस्थाले निर्धारण गर्दछ भने स्थिती सामाजिक हैसियतले निर्धारण गर्दछ, त्यस्तै शक्ति राजनीतिक क्षमताले निर्धारण गर्दछ। कार्ल मार्क्सका अनुसार समाजमा वर्ग स्तरीकरणको प्रमुख आधार आर्थिक स्रोत साधनहरु हुन् जसलाई समाजको उत्पादन प्रणालीले निर्धारण गर्दछ (गुप्ता, २०००)।

जात व्यवस्था व्यक्तिको जन्मको आधारमा प्राप्त सामाजिक संरचनामा निहित वर्गिय प्रणाली हो । जातीय प्रणाली समाजमा व्यक्तिहरुको वंशाणुक्रमका आधारमा गर्ने विभाजन हो जसले व्यक्तिको सामाजिक हैसियतलाई निर्धारण गर्दछ । जातका विशेषताहरुका सन्दर्भमा जी.एच. घुर्रे उनको महत्वपुर्ण पुस्तक भारतमा जात र वर्ग १९५० मा समाजको खण्डात्मक विभाजन, पदानुक्रम, खाना र सामाजिक सहवासका प्रतिबन्धहरु,सामुदायिक र धार्मिक असक्षमताहरु र फरक समूहहरुको विशेषाधिकारहरु, पेशाको छनौटमा खुलापनको अभाव, विवाहमा प्रतिबन्धलाई हिन्दु समाजको जातीय व्यवस्थाका विशिष्ट विशेषतहरुका रुपमा उल्लेख गर्दछन् (घुर्रे, १९५०) ।

नेपालमा बर्षौदेखि विभिन्न जनजातीय विविधताहरु प्रचलनमा रहेका देखिन्छन् । नेपालको सांस्कृतिक विविधताको प्रमुख स्रोतका रुपमा जातीय व्यवस्थालाई लिने गरिन्छ किनभने जातीय विभाजनले मानिसहरूको धर्म, संस्कृति, भाषा, रीतिरिवाज, चालचलन एवम् संस्कारहरूमा समेत फरकपनाहरू सिर्जना गर्दछ । राजा जयस्थिती मल्लले ४ वर्ण ६४ जातमा विभाजन गर्दै समाज सुधारका नाममा पेशाका आधारमा जातको वर्गिकरण गरे, त्यसैगरी पृथ्वीनारायण शाहले ४ वर्ण ३६ जातमा विभाजन गरेको पाईन्छ । जङ्गबहादुर राणाको पालामा आएको १९१० को मुलुकी ऐनले जात व्यवस्थालाई तागाधारी, मासिन्या मतवाली, नमासिन्या मतवाली, पानी नचल्ने छोईछिटो हाल्नु नपर्ने र पानी नचल्ने छोईछिटो हाल्नुपर्ने भनि पाँच वटा श्रेणीमा विभाजन गरेको पाईन्छ (होफर, सन् २००४) ।

तर G.D. Berreman चाही डुमन्टको जात व्यवस्था सम्बन्धी विचार तर्क गर्दै भन्नुहुन्छ, समयको परिवर्तन सँगै जातको विषेशताहरुमा समेत परिवर्तन देखा पर्दछ । त्यसैले जात व्यवस्थाको असमानता एवम् स्तरीकरणलाई परिवर्तनशिल व्यवस्थाको रुपमा लिनु पर्दछ । Berreman का अनुसार डुमन्टको अवधारणा र भारतीय सामाजिक संरचना विचमा सर्वव्यापी भिन्नता रहेको पाईन्छ । भारतीय समाज डुमन्टले भने जस्तो परम्परावादी नभएर आधुनिक संरचना तर्फ अघि बढीरहेको साथै भारतमा पूँजीवादी उत्पादन प्रणाली आधुनिक शिक्षा एवम् प्रविधीको समेत विकास भएको पाईन्छ । (Berreman, 2000) ।

त्यस्तै F. G. Bailey तर्क गर्नु हुन्छ, शक्ति समाजको प्रभुत्वशाली जातको हातमा केन्द्रित हुन्छ । एउटा जातले आर्थिक स्रोतहरुमाथि प्रत्येक्ष नियन्त्रण गरेको हुन्छ र यस सँग एक्लै वित्तिय राजनैतिक अस्तित्व हुन्छ भने अन्य जातहरु समाजको प्रभुत्वशाली जातहरु सँगको सम्बन्धमा निर्भर हुन्छन । उनिहरु सँग वित्तिय राजनैतिक शक्ति अस्तित्वमा रहदैन । उनिहरु समाजको प्रभुत्वशाली जातका मालिकहरुका सेवक हुन्छन (Bailey, 1957) ।

अन्तरजातीय प्रेम विवाहको सम्बन्धमा डुमोन्टले भनेका छन् “संरचनात्मक विश्लेषण सम्बन्धहरुसँग सम्बन्धित छ नकि भाग र समग्रताबीचको पदार्थ-सम्बन्ध । यो जात व्यवस्थामै थियो, हामीले कसरी भन्न सक्छौ भन्ने कुरा मात्र हो, अन्तरजातीय सम्बन्ध नकी जात भित्रको सम्बन्ध । डुमोन्टका लागि हिन्दु जात व्यवस्था पदसोपान हो । जुन पदसोपान पनि राजनीतिको आधारमा होईन धर्मको आधारमा छ (डुमोन्ट, १९७०) ।”

जनवादी विवाहको अभ्यासलाई हेर्दा नेपालको जनयुद्धसँग निकट अर्थ राख्ने बंगालको एउटा सानो गाउँबाट सन् १९६७ मा सुरु भएको भारतिय नक्सलवारी आन्दोलनका क्रममा भएका अभ्यासलाई यसरी उल्लेख गर्न सकिन्छ ।  नक्सलबारीको साहित्यिक परिकल्पनामा प्रेम र रोमान्टिक सम्बन्ध समान अर्थले भरिएको छ । त्यो समयको साँचो क्रान्तिकारी प्रेमको प्रमुख घटक, माहास्वयता देवीको (1997) प्रकाशित मदर अफ 1084 लगायत यसका धेरैजसो साहित्यले साझेदारहरू बीचको कमरेडशिपलाई जोड दिन्छ ।

(Mother of 1084) को अभियनता ब्रोती र नन्दिनी बीचको सम्बन्ध र बोनी बोसु विचको अन्तरघात (The Enemy within 2002) मा बीबी र अन्तु बीचको सम्बन्ध, मित्रता र पारस्परिकता जसले प्रेमको एक रूपलाई अर्थ दिन्छ । यद्यपि, ‘कमरेड’ को समतावादी बयानबाजीले एक आदर्श वीर पुरुषत्व र आश्रित नारीत्वको साहित्यिक प्रतिनिधित्वलाई कम गर्दैन जसले रोमान्टिक (पुरुष) अन्यबाट अर्थ निकाल्छ । सैब मित्रको मानवपुत्री (1993), मेरी टायलरको काल्पनिक विवरणले प्रेमको एक रूपलाई प्रतिनिधित्व गर्दछ जुन कामरेडशिपको रूप भन्दा भक्ति प्रेमको नजिक छ । महिला नायक क्याथरिन, एक जवान अङ्ग्रेजी महिला जो आफ्नो प्रेम रुचि दिपायोनको माध्यमबाट कट्टरपन्थी वामपन्थी राजनीतिमा संलग्न भइन्, पति भक्ति र लाज (लज्जा) को मध्यम-वर्गीय गुणहरूलाई मूर्त रूप दिन्छ । क्रान्तिमा रोमान्स, भक्तिको रूप वा मित्रताको रूपमा व्यक्त गरिन्छ, प्रायः सामान्य लिङ्ग पहिचान र आधिपत्यवादी सांस्कृतिक संहिताहरूद्वारा नियन्त्रित हुन्छ । त्यसो भए, आन्दोलनमा ‘क्रान्तिकारी विवाह’ कसरी चलाइयो ? व्यक्तिहरूले पार्टीको अगाडि माओको रेड बुकको आदानप्रदान मार्फत आफूलाई पति-पत्नी घोषणा गर्न सक्थे । अधिक सामान्य रूपमा, यद्यपि, व्यक्तिहरूले पार्टीलाई मात्र जानकारी दिए कि उनीहरूले विवाह गरेको हो भनेर पहिचान गर्नको लागि । यद्यपि, सामाजिक मान्यताहरूको अस्वीकृति पूर्ण थिएन । कतिपयले दर्ता विवाह गरेका छन् । विडम्बनाको कुरा, मित्राको उपन्यासमा क्याथरिन र उनको नक्सली साथीको विवाह कोलकाताको कालीघाट मन्दिरमा हुन्छ ! (Srila Roy, 2006).

घर्रे र डुमोन्ट भन्नुहुन्छ कि भारतमा जात व्यवस्थामै सजातीय विवाह किन अभ्यासमा छ भन्दा, उनिहरुमा उएटा यस्तो विश्वास सिर्जना भइसकेको छ कि जसका कारण उनिहरुले अन्तरजातीय विवाह अर्थात आफ्नो जात भन्दा बाहिर विवाह गर्ने भन्ने कुरा सोच्न पनि सक्दैनन् । तर बेरिम्यान तर्क गर्नु हुन्छ, जात भनेपछि त्यहा शक्तिको सवाल प्रमुख भएर आउछ । जातमा आर्थिक तत्व भनेको काम नलाग्ने कुरा हो । यो epiphenomenal होईन । एउटा निश्चित विश्वासका प्रक्रियाका आधारमा सजातीय विवाहलाई पछ्याउछ, त्यही मात्रै हुन्छ भन्ने जुन प्रकारको भाष्य निर्माण भएको थियो त्यो खण्डित भईसक्यो ।

जातहरुको विचमा एक खालको संघर्ष हुन्छ । त्यस संघर्षमा कुन जातको स्थीति के हुने, अर्थात समाजमा व्यक्ति अथवा परिवारको स्थीति के हुन्छ भन्दा जात होईनकी आर्थिक र राजनीतिक शक्ति महत्वपुर्ण भएको देखिन्छ । त्यसैले विवाह को सँग गर्ने को सँग नगर्ने भन्ने कुरा लाई पैसा र शक्तिमा भएको पुहँचले निर्धारण गर्छ । त्यसैले डुमोन्ट र घुर्रेले संसारको सवै ठाउँमा भारतीय समाजकै जस्तो सजातीय विवाह मात्रै हुन्छ, अन्तरजातीय विवाह हुदैन, निश्चित आस्था र विश्वास छ भन्ने तर्कलाई बेरिम्यान र अन्यहरु मान्दैनन् । बेरिम्यानहरु भन्नुहुन्छ, त्यस्तो होईन जातमा चाही शक्ति र पैसाको कुरा मुख्य भएर आउछ । त्यो कहाँ र कसरी देखिन्छ भन्ने कुरा बुझ्न स्थानीय बुझाई, स्थानीय अभ्यास, स्थानीय ज्ञानलाई हेनुपर्ने हुन्छ । जात व्यवस्थामा अन्तरजातीय विवाह कसरी हुन्छ ? हुन्छ वा हुदैन ? त्यो प्रचलन कुन रुपमा छ ? भन्ने कुरा हेर्न बेरिम्यानका अनुसार मान्छेको दैनिकी अनि स्थानीय बुझाई महत्वपुर्ण हुन्छ (Berreman, 2000)। र त्यो काम मेरो अध्ययनमा पाइन्छ । मेरो यस अध्ययनमा डुमोन्ट र घुर्रे भन्दा बेरीम्यान र अन्यको दृष्टिकोणलाई बढी प्रयोग गर्छु । किनकी यिनिहरुले स्थानीय सन्दर्भ, स्थानीय परिवेशमा जुन कुरा अभ्यास हुन्छ वा हुदैन भन्ने हेर्न सघाउँछ ।

## २.२ अनुभबसिद्ध पुनरावलोकन (Empirical Review)

यस शिर्षक अन्तरगत अन्तरजातीय विवाह र जातव्यवस्था सँग सम्बन्धीत अनुभवजन्य साहित्यहरुको विश्लेवषणात्मक समिक्षा गरिएको छ । नेपाल तथा भारतमा जातव्यवस्थाको उत्पत्ति र त्यसमा आएको परिवर्तन, अन्तरजातीय विवाह, सामाजिक परिवर्तन तथा दिगोपना बारेका साहित्यहरुलाई समाबेस गरिएको छ ।

### २.२.१ भारतमा जात व्यवस्थाको उत्पत्ति र त्यसमा आएको परिवर्तन :

दक्षिण एसियाको भारतमा ३५ सय बर्ष अगाडी चार प्रकारका श्रमक्षेत्र विभाजन भएको पाईन्छ । त्यही चार प्रकारका श्रम क्षेत्र विभाजनलाई नै सुरुमा वर्ण व्यवस्था भनिएको हो । चार वर्ण वा चार श्रम समुह भित्र ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र पर्दछन् । वर्ण व्यवस्थाका नाममा सुरु भएर आजसम्म आईपुग्दा त्यो व्यवस्था विस्तारित भएर जात व्यवस्था भएको छ । वर्ण व्यवस्थामा छुवाछुत ठ्याक्कै कहिलेबाट सुरुवात भयो भन्ने प्रमाण भेटिदैन तर, राजा जनकले ब्रह्मसभा बोलाएको र गौतम बुद्धले चाण्डाल युवतीको हातबाट पानी खाएबाफत समाजमा उनको ठुलो अपमान भएको प्रसंगलाई हेर्दा २६ सय बर्ष अगाडी सम्ममा वर्ण व्यवस्थाभित्र छुवाछुत पनि व्यवस्थित रुपमा आजको भु-खण्डमा समेत प्रचलनमा आइसकेको बुझ्न सकिन्छ भने वर्ण व्यवस्था सुरुवात भएको आजको भारतको मुलथलोमा त्यसभन्दा अघि नै सुरुवात भैसकेको सजिलै वुझ्न सकिन्छ (आहुती, २०७७) ।

जात व्यवस्था सामाजिक स्तरिकरणको एक प्रमुख स्वरुप हो । दक्षिण एसियाका केही राष्ट्रहरुमा जातमा आधारित सामाजिक स्तरिकरणको सैद्धान्तिक एवं व्यवहारिक अवस्थाको चित्रण देख्न सकिन्छ । जात व्यवस्था जन्मजात हैसियतमा आधारित सामाजिक स्तरिकरण हो । यो हिन्दु वर्ण व्यवस्थामा आधारित रहेको हुन्छ । जहाँ शुद्ध र अशुद्धको भावना जागृत भएको हुन्छ । विश्वमा जात व्यवस्था विशेष गरी भारतीय र नेपाली सामाजिक संरचनामा व्यप्त रहेको देखिन्छ । वर्ण व्यवस्थामा आधारित जात व्यवस्थालाई विभिन्न समाजशास्त्रीहरुले निम्नानुसार व्याख्या गरेको पाईन्छ :

सामाजिक मानवशास्त्री Dumont का अनुसार सजातिय विवाह जात व्यवस्थामा अनिवार्य मानिन्छ किनभने जातीय व्यवस्थामा शुद्ध र अशुद्ध को संस्कार तहगत रुपमा रहेको हुन्छ । अथवा जातमा आधारित पदानुक्रमलाई सजातिय विवाहको अभ्यासले कायम राख्दछ । Max Weber का अनुसार भारतिय सामाजिक संरचनामा निहित जातीय व्यवस्था हिन्दुवाद विना अस्तित्वमा रहन सक्दैन । जात व्यवस्थामा कर्म, धर्म र पुनर्जन्मको मान्यता रहन्छ । त्यस्तै अर्को समाजशास्त्री Bougle का अनुसार जात व्यवस्थामा जात अनुसारको पेशाको विभाजन गरिएको हुन्छ । जुन पेशा एक पुस्ता बाट अर्को पुस्तामा हस्तान्त्रण हुदै जान्छ ।

व्यापक रुपमा प्रयोग र बारम्बार विरोध हुने जुन जन्मजात आर्जित श्रेणी व्यवस्थाको नमुना जात छ, त्यो हिन्दु दर्शनको उदाहरणबाट लिईएको हो । यदि कसैलाई शद्ध र अशुद्ध अथवा सजातीयता र विश्वव्यापी पेशागत विशिष्टीकरणको हिन्दु तर्क चाहिन्छ, जसले जातीलाई क्षेत्र र समूहमा मात्र

सिमित राख्छ । जुन समाज परम्परागत मुल्य प्रणालीमा आधारित छ त्यो हिन्दु संसारमा समान परिस्थिती र अवस्था/श्रेणी पाउन साह्रै कठिन छ (सुवेदी, २०१४) ।

नेपालमा जातीगत बर्गिकरणले ती जनतालाई बाधा पुर्‍याउछ, जुन तल्लो पदहरुमा काम गर्ने तथा उत्पीडन र शोषण सँगै लादिएका कामका शर्तहरु स्वीकार गर्न बाध्य छन् । अर्को तर्फ जातीय आधारमा गरिने भेदभाव चाहे त्यो राज्यले होस वा नीजि तह । उत्पीडनबाट मुक्तिका लागि विभिन्न आन्दोलनहरुको आधार तयार गर्दछ । जात आज जे छैन १९५० अघि त्यो थियो । यो पुर्ण रुपमा वर्ग वा वर्ग प्रकृतिको बनेको छैन । यो पनि साचो हो कि, एउटा प्रभुत्वशाली जाति नै प्रभुत्वशाली वर्गको भाग हुन आवश्यक छैन (सुवेदी, २०१४) ।

जातीय व्यवस्था भारतीय प्रणालीको एक एकिकृत एकाईको रुपमा रहेको थियो, जुन भारतीय समाजमा लामो समय सम्म प्रचलनमा रहेको थियो । भारतमा प्राचिन युग, मध्य युग र आधुनिक युग गरी तीन चरणमा जात व्यवस्थाको उत्पत्तीलाई हेर्ने गरिन्छ । समाजिक परिवर्तनले जात व्यवस्थाका प्रत्येक स्वरुपमा प्रभाव पार्दछ । समाजको उत्पादन प्रणाली, सामाजिक मुल्य मान्यताहरु, प्रविधि एवं शिक्षामा आएको परिवर्तनले जातीय पदानुक्रमका विशेषताहरुलाई कमजोर बनाउने गर्दछ । समाजशास्त्री G. H. Ghurye का अनुसार दक्षिण भारतमा विशेषगरी सन् १९३२ को सुरुमा गैह्र ब्राह्मण आन्दोलनहरुले जात व्यवस्थामा प्रत्यक्ष रुपमा प्रभाव पारेको थियो ।

त्यस्तै M. N. Srinivas भन्नुहुन्छ भारतीय समाजमा आधुनिक प्रविधिको विकासले जात व्यवस्थामा प्रभाव पारेको छ । भारतको एक ग्रामिण समाजको अध्ययन गर्दै भन्नुहुन्छ ग्रामिण समाजमा संरचनागत परिवर्तन (Structural change) र पृष्ठक्षेत्रीय परिवर्तन (Peripheral change) गरी २ प्रकारका परिवर्तन भएको थियो । संरचनागत परिवर्तनको प्रक्रियामा जागिरदारी र जमिनदारी प्रथाको उन्मुलन रहेको थियो भने पृष्ठक्षेत्रीय परिवर्तन पक्रिया अन्तरगत आधुनिक विद्यायल र सडकहरुको निर्माण र बसाइसराइँ रहेको थियो । आधुनिकीकरण प्रक्रियाले समाजको परम्परावादी मुल्य मान्यतामा परिवर्तन गरी आधुनिक प्रविधि एवं शिक्षामा विस्तार गरी समाजमा संरचनागत परिवर्तन ल्याएको देखिन्छ । समाजको कानूनी अवस्था, आधुनिक शिक्षाको प्रभाव, औद्योगिकीकरण, सहरिकरण, पश्चिमीकरण, आधुनिक यातायात, संचार, स्वतन्त्र संघर्ष, गैर ब्राह्मण आन्दोलनको उदउ जस्ता कुराहरुले आधुनिक समयमा जातीय व्यवस्थामा गहिरो परिवर्तन आईरहेको छ ।

### २.२.२ नेपालमा जात व्यवस्थाको उत्पत्ति र परिवर्तन बारे बहस :

छुवाछुत सहितको वर्णव्यवस्थामा आधारित सामन्तवादी मुल्य मान्यता र संस्कार बोकेर भारतबट विभिन्न समयमा विभिन्न दिशाबाट हिन्दुधर्मिय शासक तथा तिनका साथ जनसमुदाय प्रवेश गर्ने क्रमसँगै नेपालमा पनि वर्ण व्यवस्था भित्रियो । जुन एकै समय र एकै दिशाबाट नभई तत्कालिन नेपालखण्डभित्र वर्ण व्यवस्थाको विजारोपण निम्न तीन वटा दिशाबाट फैलिएको देखिन्छ ।

एक, इसाको दोस्रो सताब्दीको थालनीसँगै वर्णव्यवस्था नभएको किराँत राज्यको पतन भयो र तत्कालिन नेपालमा बागमती उपत्यकावरपर भारतबाट प्रवेश गरेको हिन्दुधर्मीय लिक्षवीवंशको शासन सुरुभयो । लिच्छविकालको सुरुमै वर्ण व्यवस्थाको थालनी गरियो । लिच्छविवंशको शासन पछि बागमती उपत्यकामा मल्ल युगको सुरु भयो । मल्लयुगमा राजा जयस्थिती मल्लले कट्टर ब्राह्मणहरु बोलाई बागमती उपत्यकामा चार वर्ण चौसठी जातमा समाजलाई विभाजन गरी वर्ण व्यवस्था लागु गरे ।

दुई, इसाको सोह्रौ सताब्दीदेखि तत्कालिन भारतका हिन्दुधर्मीय राज्यहरुमाथि मुस्लिम शासकहरुद्वारा गरिएका पटक पटकका आक्रमण सँगै हिन्दुधर्मीय शासक र तिनका सेवक समुदायको एउटा हिस्सा सुरक्षित र अनुकुल भुमिको खोजीमा मैदानी भाग छोडेर उत्तर पहाडी भुखण्ड अर्थात भारतको कुमाउ र पौड गढवाल हुदै आजको नेपालको महाकाली नदि तर्दै पुर्वतिर अघि बढ्यो । जुन बेलामा पश्चिम नेपालको पहाडमा खसहरुले प्रवेश गरी विभिन्न राज्यहरु स्थापना गरिसकेका थिए । यसरी बर्तमान नेपाली पश्चिमी पहाडी भुभागमा बाह्रौ सताब्दीदेखि जात व्यवस्था सहित प्रवेश गरेका वैदिक हिन्दु आर्यहरुले नै तत्कालिन खस राज्यहरुका शासकहरुसँग एकता कायम गरी आज भनिने आर्य खस जातीमा छुवाछुत सहितको जात व्यवस्थाको संरचना गरेका थिए ।

तीन, भारतीय भुमिमा जन्मिएर भएको जात व्यवस्था त्यहाका हिन्दुधर्मीय शासकहरुको राज्य विस्तर र जनसमुदायको बसाइँसराइका क्रममा भारतको जात व्यवस्था व्यवस्थित गरेको केन्द्रीय थलोबाट फैलिदै मैथिली, अवधी लगाएका भाषा बोल्ने आजको नेपालको तराई क्षेत्रसम्म जात व्यवस्था आईपुग्यो । सन् १८१६ को ब्रिटिस शासित भारत र नेपाल विच सुगौली सन्धी पछि नेपालको अधिकार भित्र परेको तथा जंगबहादुर राणाको शासनकालमा प्राप्त नयाँ मुलुक भित्रका मधेसी समुदायमा रहको जात व्यवस्था बागमती उपत्यकाबाट फैलिएर त्यहाँ पुगेको हो न त पश्चिमका हिन्दुधर्मीय खस राज्यको प्रभाव हो । त्यहाँ भारतको जात व्यवस्था फैलिदै आजको नेपालको तराई क्षेत्रसम्म आईपुगेको थियो (आहुती, २०७१) ।

नेपालको पहिलो लिखित, संहिताबद्ध कानूनको रुपमा प्रधानमन्त्री जङ्ग बहादुर राणाको पालामा बनेको वि.सं. १९१० को मुलुकी ऐन लाई लिईन्छ । यस मुलुकी ऐनले नेपालमा जातीय पदानुक्रमलाई मूख्यगरी पाँच तहमा विभाजन गरी कानूनी रुपमा लागु गरेको थियो । १९१० को मुलुकी ऐन अनुसारः

१) जनै लगाउनेहरुको जातीय समूह : तागाधारी (उपाध्याय ब्राह्मण, राजपुत ठकुरी, जैंसी, क्षेत्री, देउभाजु नेवार ब्राह्मण, भारतीय ब्राह्मण, योगी, विभिन्न नेवार जातहरु),

२) मदिरा पिउनेहरुको जातीय समुह : नमासिन्या मतवाली (मगर, गुरुङ, सुनुवार र अन्य केही नेवार जातहरु),

३) मदिरा पिउनेहरुको जातीय समुह : मासिन्या मतवाली (भोटे, चेपाङ, कुमाला, हायु, थारु घर्ती),

४) अशुद्ध तर छुनयोग्य जातीहरु : पानी नचल्ने, छोइछिटो हाल्न नपर्ने (कसाई, कुसुले, हिन्दु धोवी, कुलु, मुसलवान),

५) अछुत जातहरु : पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने (कामी, सार्की, कदरा, दमाई, गाईने, बादी, पोडे, च्यामे) ।

यी जातीय समूहहरुमा पनि तागाधारी, नमासिन्या मतवाली, मासिन्या मतवालीलाई जातीय श्रेणी पहिलो अनि पानी नचल्ने, छोइछिटो हाल्नु नपर्ने र पानी नचल्ने, छाईछिटो हाल्नु पर्ने जातीय समुहलाई दोस्रो श्रेणीमा राखिएको थियो । यस जातीय व्यवस्था भित्र भात र पानी चल्ने र नचल्ने नियमको समेत व्यवस्था गरेको पाईन्छ । जनै लगाउने जातीहरु द्वारा छोइएको पानी र भात दुबै अन्य सम्पुर्ण जातीहरुले स्वीकार्ने तर उक्त समूहले मतवाली समूहले छोएको पानी स्वीकार्छन तर भात स्वीकार्दैनन् भने अशुद्ध जातीहरुले छोएको पानी र भात दुबै उच्चजातीहरुले स्वीकार्दैनन् । तर मुलुकी ऐन वि.सं. १९१० को परिमार्जित र परिष्कृत रुप मुलुकी ऐन वि.सं. २०२० ले नेपालको जातीय व्यवस्थाको कानूनी स्वरुपलाई अन्त्य गरेको छ (Hofer, 2004) ।

समाजशास्त्री गोपाल सिंह नेपाली नेवारी जात व्यवस्थाका सम्बन्धमा भन्नुहुन्छ, मल्लकालिन राजा जयस्थिती मल्लले काठमाडौंमा बस्दै आएका नेवार जातीहरुलाई उनिहरुको पेशाका आधारमा ६४ वटा उपजातमा विभिजन गरे पश्चात नेवारी समुदायमा जातीय पदानुक्रम प्रचलनमा आएको हो । जस अनुसार नेवारी जातीय व्यवस्थाको पदनुक्रमलाई यसरी विभाजन गरेको पाईन्छ ।

१. ब्राह्मण : उपाध्याय ब्राह्मण, कुमाई ब्राह्मण, जैसी ब्राह्मण र देउभाजु ब्राह्मण ।

२. क्षेत्री : ठकुरी क्षेत्री, क्षेत्री र खत्री ।

३. बैश्य : उच्च जातका नेवारहरु

४. शुद्र : लिम्बु, राई, तल्लो जातका नेवारहरु, सुनुवार, कुर्मी, थारु ।

५. अछुत : पर्वत वा नेपाली बोल्ने अछुतहरु र अछुत नेवारहरु ।

नेवारी समुदायमा सामाजिक स्तरिकरणको प्रमुख स्वरुपको रुपमा जातीय व्यवस्था रहेको छ। बुद्धमार्गी र हिन्दुमार्गी दुबै नेवार समुदायमा जाती व्यवस्था रहेको पाइन्छ। हिन्दु नेवारहरुमा देउभाजु ब्राह्मण र बुद्धमार्गी नेवारमा गुभाजु वा ब्रजाचार्यहरु उच्च हैसियतमा रहने गर्दछ (G.S. Nepali, 1965) ।

नेपाल धर्म, संस्कृति, जात, जनजाती, लैङ्गिक, क्षेत्रीय र भाषाको हिसाबले निकै विविधता भएको देश हो। नेपालमा राजा सुरेन्द्र शाहको पालामा बनेको पुरानो मुलुकी ऐन, १८५४ ले कानुनी रुपमा जात व्यवस्थालाई सुरुवात गरेको थियो जसमा जात अनुसारको पेशा निर्धारण गरिएको थियो । पुरानो मुलुकी ऐनले लागु गरेको जात व्यवस्था राजा जयस्थिती मल्लले विभाजन गरेको जात व्यवस्थामा आधारित थियो भने यो हिन्दु धर्मका ग्रन्थहरु वेद, रामायण, गीता, भागवत पुराणमा आधारित भएर विभाजन गरेको देखिन्छ। नेपालमा जातीय श्रेणीक्रमको कानूनी व्यवस्थाले असमानता एवं भेदभावको स्तर बृद्धि हुदै गयो परिणाम स्वरुप उच्च भनिने शुद्ध जातहरुको सामाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक हैसियतमा बृद्धि हुदै गयो भने निम्न भनिएका अशुद्ध समुदायहरुको जीवनमा विभिन्न किसिमका सामाजिक साँस्कृतिक असमानताहरु भोग्नु परेको छ। तर २००७ सालमा राणाहरुको १०४ बर्षे जहाँनिया शासनको अन्त्य पछि प्रजातन्त्रको स्थापना सँगै जात व्यवस्था भित्रको पदानुक्रममा विस्तारै परिवर्तन हुदै आएको छ ।

पञ्चायती व्यवस्था अन्तर्गत राजा महेन्द्रको पालामा निर्माण तथा लागु भएको वि.सं. २०२० को मुलुकी ऐनले पुरानो मुलुकी ऐनमा व्यवस्था भएको जात व्यवस्थाको श्रेणीक्रमलाई कानूनबाट पुर्ण रुपमा खारेज गरेको थियो । त्यस्तै नेपालमा पछिल्लो समयको बाम आन्दोलनको लहरले पनि जात व्यवस्थामा परिवर्तन ल्याएको पाइन्छ । बाम आन्दोलनले देशका विभिन्न भुभागहरुमा साँस्कृतिक कार्यक्रमहरु गर्दै गायक गायिकाहरुले क्रान्तीकारी गीतहरु गाउँदै, नाच्दै जातीय असमानताका विरुदैमा सचेतना फैलाउने काम गर्दथे । जसले गर्दा जनताहरु जातीय व्यवस्था केवल परम्परावादी सामाजिक

साँस्कृतिक मुल्य मान्यता सँग सम्बन्धित विषय भएकाले यस्ता असमानताहरुलाई समाजबाट पुणरुपमा निर्मुल पार्नुपर्दछ भन्ने भावना जागृत भएको पाइन्छ । सामन्तवादी उत्पादन स्वरुपमा परिवर्तन हुदै पुजीवादी स्वरुपका उत्पादन प्रणाली देखा पर्दा व्यक्तिहरु धर्ममा भन्दा कर्ममा विश्वास गर्दै जान थाले जसमा मानिसहरुको जन्मजात हैसियत भन्दा आर्जित हैसियतको महत्व बढेर गयो । जसका कारण जात व्यवस्थामा खुकुलोपन देखा पर्‍यो । पेशामा आएको परिवर्तनले कथित उच्च जातसँगको सम्बन्ध टुट्न गई जात व्यवस्थामा परिवर्तन आउन पुग्यो ।

नेपालमा वि.सं. २००७ सालको राजनितिक परिवर्तन पछि स्थापित प्रजातान्त्रिक व्यवस्था समयको परिवर्तनसँग झनझन सफल बन्दै गयो र त्यसको प्रत्येक्ष प्रभाव जात व्यवस्थामा परेको देखिन्छ । किनकी प्रजातान्त्रीक व्यवस्थामा सबैखालका सामाजिक, साँस्कृतिक असमानताहरुको अन्त्य गर्दै व्यक्तिगत स्वतन्त्रता र मानवअधिकार हरुको प्रत्याभूतिमा जोड दिइन्छ । नेपालमा पछिल्लो समयका प्रत्येक राजनीतिक आन्दोलनहरु सफल हुदै गईरहेको छ । वि.सं. २०४६ सालको परिवर्तन, वि.सं. २०५२ सालबाट सुरु भएको जनयुद्ध, वि.सं. ०६३ सालको वृहत्त जनआन्दोलन र तत् पश्चात बनेको २०६३ सालको अन्तरिम संविधानले समेत भेदभाव विरुद्धको कानूनी व्यवस्थालाई जोड दिएको पाईन्छ । नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हक अन्तर्गत धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक स्पष्ट उल्लेख गरेको छ । त्यसैले नेपालको कानूनी व्यवस्थाले नै जातीय असमानताको विरुद्धमा काम गर्नेलाई कानूनी सजाय तोकेको कारण जात व्यवस्थाको अभ्यासमा परिवर्तन भइरहेको देखिन्छ (Luintel and Madhusudan, 2018) ।

### २.२.३ नेपालमा अन्तरजातीय सम्बन्धमा देखिएका गतिशिलताहरु :

सामाजशास्त्री युवराज लुइटेलका अनुसार जाती व्यवस्था तरल र गतिशिल हुन्छ । जातीय समुहहरुले स्थिरता र स्थायित्वको सट्टा ठिमाहापन प्रदर्शन गर्दछ । जाती समुदाय भित्र गैह्रदलित समूहहरुलाई भंग गर्नको लागि दलित र गैह्रदलित विचको सम्बन्ध अझ बढी प्रभावकारी हुने गर्दछ । जातीय पदानुक्रममा दलित र गैह्रदलित पनि कोलाहट भइरहेको देखिन्छ । हालको गतिशिलताका लागि यो तारिफयोग्य विषय बनिरहेको छ । अन्तरजातीय विवाह सामाजिक क्षेत्र मध्येको एक प्रमुख विषय हो जहा जातीय कठोरताहरु अझै प्रभावकारी भइरहेको हुन्छ तर ठिमाहपन समाजमा विस्तारै विस्तारै बढिरहेको  छ (Luintel, 2014)।

युवराज लुइटेलका अनुसार नेपालका फरक फरक पाँच ठाउँ (अछामको कालिमाटी, जुम्लाको हस्तींजा, किर्तिपरको पाँगा, सिराहको दोधना र धनकुटाको पाखिवास) मा अध्ययनगरी निम्न निष्कर्ष निकालेका छन् (लुईटेल २०१८) ।

घोर निरुत्साहनका बावजुद पनि  विभिन्न जातीय समूहहरुका बीच अन्तरजातीय विवाह हुने गरेको पाइन्छ (उदाहरणको रुपमा राई र मगर, श्रेष्ठ र महर्जन, क्षेत्री र पवाई, दलित र विटुला, डोम र मुसहर विच) । समकालिन नेपालमा अन्तरजातीय विवाह जल्दो बल्दो सामाजिक यथार्थको रुपमा रहेको पाईन्छ । अन्तरजातीय विवाह जसरी फैलिदै गएको छ, त्यसरी नै शुद्धता र अशुद्धताको मान्यतालाई कसरी आलोचना रहित बनाउने भन्ने प्रश्न खडा हुने देखिन्छ । तर यहाँ केहि चुनौतीहरु देखिन्छन् । दलित र गैह्रदलित विचको अन्तरजातीय विवाह, विवाहको अधिकार र जीवन साथी छनोट गर्न पाउने स्वतन्त्रता जास्ता एकदमै प्रचलित र जल्दाबल्दा समस्याहरुमा तत्काल ध्यान जान आवश्यक छ । दैनिक समचार तथा पत्रिकाहरुका अनुसार नेपालमा प्रायः दिनको एउटा अन्तरजातीय विवाहले निम्त्याएको अपराधका घटना पढ्न पाईन्छन् । November 2011, उदाहरणको रुपमा सुदुरपश्चिममा दलित परिवारको केटालाई गैह्रदलित परिवारकी केटी सँग विवाह गरेको निहुमा केटी पक्षकाले सांघातिक हमला गरी  जलाईएको घटना । त्यस्तै अर्को घटना, गैह्रदलित केटीसँग एउटा दलित केटाले विवाह गरेका कारण केटाको वुवालाई मारिएको र घर भत्काइएको थियो ।

२००९/२०१० मा सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन स्वरुप एक लाख दिने व्यवस्था गरेको थियो तर यो व्यवस्था सकारात्मक भए पनि पर्याप्त भने होईन । सकारात्मक कदम भए पनि यसले अन्तरजातीय विवाह गरेका जोडीलाई आवश्यक सुरक्षा प्रदान गर्दैन । त्यसैले अन्तरजातीय विवाह गरेका जोडीलाई सुरक्षा तथा समाजमा सम्मान पुर्वक बाँच्न पाउने अधिकारको विषयमा सरकार सचेत रहनु पर्छ ।  पाँच वटै जिल्लामा गरिएको अनुसन्धानले मानविय सुरक्षाको विषयलाई अति आवश्यक वस्तुको रुपमा लिएको छ । प्रायः अन्तरजातीय विवाह गरेका जोडीहरु आफ्नै गाउँठाउँमा घरजम गरी बस्ने भएकाले सुरक्षालाई ख्याल गर्नु आवश्यक देखिन्छ ।

विवाहित दम्पत्तिहरुलाई गाउँ निकाला र परिवारमा सम्बन्ध विग्रने भएकाले सुरक्षा आवश्यक छ । समतामुलक समाज भनिएको जनजातीहरुमा अन्तरजातीय विवाह सहज हुने भनिएता पनि अध्ययनले त्यस्तो देखाउदैन । धनकुटाको अध्ययन गर्दा राई, लिम्बु र गुरुङ सिराहका थारु र पाँगाका बुद्धिस्ट नेवारहरुमा पनि यो विषयमा उत्तिकै जडसुत्रवादी धारणा देखिन्छ । त्यसैले अनुसन्धानको मुख्य निश्कर्षको रुपमा सामाजिक बहिस्कारले अन्तरजातीय विवाहलाई जटिल र समस्याग्रस्त बनाएको छ । सामाजिक खाडललाई झन गहिरो बनाएको छ जसले जातीय सद्भाव र एकतामा असर पुर्याएको छ (Luintel, 2018) ।

## २.३ अन्तरजातीय विवाह र समाजिक परिवर्तन

यसको कुनै स्थापित परिभाषा छैन तर पनि आमरुपमा फरक-फरक नश्ल, जात, धर्म समूहसित आबद्ध स्त्री र पुरुष बिचको विवाहलाई अन्तरजातीय विवाह भन्ने चलन छ। जातीय छुवाछुत प्रथा अन्तरजातीय विवाहका लागि सबै भन्दा बाधक प्रथा हो। जुन स्तरमा समाजमा छुवाछुत प्रथा कमजोर हुदै जानेछ, त्यही स्तरमा अन्तरजातीय विवाह सहज, सरल र सामाजिक रुपमा ग्राह्य बन्दै जानेछ। अन्तरजातीय विवाह र छुवाछुत प्रथा विरुद्धको संघर्षका बिचमा परस्पर सम्बन्ध छ। अन्तरजातीय विवाहले छुवाछुत प्रथालाई कमजोर बनाउन योगदान पुर्‍याउछ भने छुवाछुत प्रथा कमजोर हुदै गयो भने अन्तरजातीय विवाहका लागि सहज वातावरण बन्दै जान्छ (बुढाः २०७७)।

अन्तरजातीय प्रेम विवाह त्यस्तो प्रकारको विवाह हो जहा आफ्नो जात भन्दा अर्को जात (वर्ण व्यवस्था अनुसारका चार वर्ण : ब्राह्मण, क्षेत्री, बैश्य र शुद्र) सँग विवाह गरिन्छ। त्यसैले यो स्वइच्छाले गरिने विवाह हो जसमा आफ्नो जीवनसाथी स्वतन्त्र रुपले छान्न पाउने अधिकार हुन्छ (लुइटेल, २०१८)।

अन्तरजातीय विवाह समकालिन नेपाली समाजको जल्दोबल्दो समाजिक यथार्थ हो। यसले जातीय शुद्धता र अशुद्धताको मान्यतामा निकै गम्भिर पश्न खडा गरेको छ। जब अन्तरजातीय विवाह व्यापक मात्रामा फैलिन्छ, तब शुद्धता र अशुद्धताको तर्क आलोचना रहित होला त ? सन् २००९/१० तिर सरकारले अन्तरजातीय विवाह गर्ने जोडीलाई एक लाख रुपैया पुरस्कार दिने संयन्त्र वनायो। यो सरकारले गरेको सकारात्मक कदम थियो तथापी यो प्रसस्त भने होईन। अन्तरजातीय विवाह गरेका जोडीहरूको सामाजिक एकता कायम गर्न र सवै खाले सुरक्षाकोलागि यस्ता संयन्त्रहरुको विकास गर्न जरुरी छ (लुईटेल, सन् २०१८)।

## २.४ जनवादी विवाहको अभ्यास

प्रेमविवाह र यौनलाई आर्थिक उत्पादनको साधन, स्रोत र स्वामित्वले सिर्जित सामाजिक मनोदशा र चिन्तनको वैज्ञानिकीकरणसँग जोडेर हेरिनु आवश्यक हुन्छ। नेपाली राजनीतिमा सामाजिक मनोवैज्ञानिक सचेत हस्तक्षेप भनेको जनयुद्धकाल नै थियो। जनयोद्धाहरू हिजोका सम्बन्ध र संस्कृतिको संघार काटेर नयाँ जीवनमा अभ्यस्त हुदै थिए। जनयुद्ध कुनै जंगली फिरन्ते अभियान थिएन। त्यहाँ जीवन थियो, भोक, प्यास सँगै यौन पनि थियो। तर नाममा जातीय पहिचान भने थिएनन्। उपनाम थियो। समतामुलक समाज निर्माणकर्मी सबै मानव देखिन्थे। जातीको पर्खाल भत्केका थिए। पुराना सौन्दर्यशास्त्र भत्किए, विवाहका मानक फेरिए। महिला छापामार ब्रिगेवड मात्र होईन, बच्चा पिठ्युमा

वा गर्भमा बोकेर दृढताका साथ बन्दुक समात्ने रणभूमीमा लड्ने बिरङ्गाना महिला शक्तिको स्वर्णिम उदाहरण बने (नरेन्द्रजंग पिटर, सन् २०१८) । नेकपा माओवादीले संचालन गरेको १० वर्षे जनयुद्धमा कैयौँ जोडीले बन्दुक साटेर विवाह गरे । ती बिबाह जनबादी मात्रै थिएनन् ८० प्रतिशत भन्दाबढी अन्तरजातीय थिए । तर, पार्टी शान्ति प्रकृयामा आईसकेपछि कैयौँ जनवादी बिबाह सम्बन्ध विच्छेदमा परिणत भए । अन्र्तजातीय विवाह गरेका दर्जनौँ जोडीहरू बिस्थापित भए (दियो पोष्ट, २०७८) ।

विवाहको ऐतिहासिक पृष्ठभूमीमा जातीय विभेद र असमानताले लथालिङ्ग भएको वर्तमान आधुनिक समाजमा स्वजातीय मात्र होईन अन्तरजातीय विवाहले पनि प्रश्रय पाउन थालेको छ । तर अन्तरजातीय विवाह जातीय विभेद र असमानताको प्रधानता रहेको हाम्रो जस्तो समाजमा अन्तरजातीय विवाह गरेका जोडीको आपसी प्रेमलाई कायम राख्न त्यस्तो समाज विरुद्ध विद्रोहको एउटा तरिका हो भन्दा अतिशयोक्ति नहोला । नेपाली समाजको सन्दर्भमा कुरा गर्ने हो भने धर्मशास्त्रद्धारा शासित प्राचिन समाज होस् या वर्ण व्यवस्था लागु भएपछिको विभिन्न स्मृति र सुक्तिद्धारा शासित समाज हो अथवा जयस्थिती मल्ल र राम शाहले जारी गरेका विभिन्न न्याय सम्पादनका आदेश हुन वा जंगबहादुरले वि.सं.१९१० मा जारी गरेको मुलुकी ऐनद्धारा बाधिएको समाज नै किन नहोस्, सबैले स्वजातीय विवाहमा नै जोड दिएको पाईन्छ । अन्तरजातीय विवाह गर्नेलाई घोषित अघोषित, लिखित अलिखित रुपमा दण्डसजाएको भागि बन्नु परेको नै हामी पाउछौ । कानूनी रुपमा वि.सं. २०४७ को नेपाल अधिराज्यको संविधान पछि मात्र वर्ण व्यवस्थामा आधारित छुवाछुत प्रथा र सबैखाले सामाजिक विभेदलाई अबैधानिक घोषणा गरेपछि अन्तरजातीय प्रेम र अन्तरजातीय विवाहले प्रश्रय पाउन थालेको देखिन्छ (अर्याल, साह : २०१८) ।

नेपालको ईतिहासमा जनयुद्ध एउटा अविस्मरणीय घटना हो । यसले नेपाली समाजको सबै क्षेत्रमा हस्तक्षेप गरको छ । यसको धेरै सकारात्मक पक्षहरु मध्यको अन्तरजातीय विवाह एक सशक्त पक्ष हो । तर दुःख लाग्दो कुरा के छ भने शान्ति र संक्रमणकालीन जटिलताका नकारात्मक प्रभाव सबैतिर परे । युद्धकालमा गठन भएका पारिवारिक संरचनामा त्यसको असर अहिले प्रकट रुपमा दृष्टिगोचर भएको प्रतित हुन्छ । यस विषयमा छलफल गर्ने र नीति बनाउने चासो र फुर्सद कसैलाई छैन । तर युद्धका समयमा क्रान्ति र जैविक आवश्यकतालाई ख्याल गरी निर्माण गरिएका थुप्रै परिवार, भावनात्मक पक्ष र आदर्श ढले र ढल्न थालेका छन् (अनिल शर्माः २०१८) । यसबाट के बुझ्न सकिन्छ भने माओवादी जनयुद्धको समयमा नेपालमा अन्तरजातीय विवाहरु धेरै मात्रामा भए तर शान्ति प्रक्रिया पछि विस्तारै घट्दै गए । अन्तरजातीय जनवादी विवाहको दिगोपना त्यती देखिएन ।

## २.५ सामाजिक परिवर्तन र दिगोपना बारेको समाजशास्त्रीय बुझाई :

सामाजिक परिवर्तन समाजको संरचनामा आधारित हुन्छ। सामाजिक परिवर्तनले मानवीय अन्तरक्रिया र अन्तरसम्बन्धमा हुने परिवर्तनलाई बुझाउँछ। समाजशास्त्रीय कोणबाट हेर्दा सामाजिक परिवर्तनले सामाजिक संरचना भित्रको सम्बन्धहरुमा आउने परिवर्तनलाई बुझाउँछ। जसले मानवीय व्यवहार, मुल्य, मान्यता, सामाजिक संगठन, संस्था आदिको सामाजिक जीवनसँगको सम्बन्धमा आउने परिवर्तनलाई जनाउँदछ। सामाजिक संरचना, एकाइ, संस्था, अन्तरक्रिया अन्तरसम्बन्ध, प्रक्रिया आदिमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ। सामाजिक संरचना सामाजिक संम्बन्ध, सामाजिक संगठन, सामाजिक व्यवहार सहित समाजको स्वरुप र व्यक्तिहरूको सोचाईमा आउने दुरगामी परिवर्तन नै सामाजिक परिवर्तन हो।

जर्मन समाजशास्त्री Norbert Elias (1994) ले उनको लेख The civilizing process मा शक्ति व्यवहार, भावना र ज्ञानहरूविचको सम्बन्धमाथि जोड दिएको पाईन्छ। उनले सभ्यता भन्दापनि सभ्यताको प्रक्रियामा विशेष जोड दिएको पाईन्छ। इलियासले समाजको संरचनात्मक परिवर्तनलाई केन्द्रविन्दुमा राखेर सामाजिक परिवर्तनलाई हेर्ने गर्दछन्। प्रतिकात्मक परिवर्तन (Figurational change) मा विश्वास गर्दछन्। जसले मनोवैज्ञानिक परिवर्तनहरू कुन सामाजिक प्रक्रियाद्धारा हुन्छन् भनेर चरणबद्ध तरिकाले अध्ययन गर्दछ। जुनकुरा लामो समयको अध्ययनले मात्र पत्ता लाग्दछ। मुख्य उद्देश्य पनि भावनाहरू र ज्ञानविचको सम्बन्धको बृहत अवधारणामा विश्लेषण गर्नु हुन्छ। युद्धकालीन जनवादी विवाहको दिगोपनालाई यही फ्रेममा राखेर हेर्न खोजिएको छ। जनयुद्धपछि करिव २५ बर्षको अवधिमा विवाह सम्बन्धमा आएको परिवर्तनलाई यस अध्ययनले विश्लेषण गर्ने आशा गरिएको छ। तसर्थ समाजशास्त्रीहरूले विवाह र परिवारलाई एक सामाजिक संस्थाको रुपमा हेर्दछन्। जसले सामाजिक संरचनाको आधारभूत एकाइ सिर्जना गर्न मदत गर्दछ। संसारभरका संस्कृतिहरूमा विवाह र परिवार दुवैलाई फरक-फरक रुपमा परिभाषित गर्ने गरिन्छ र फरक तरिकाले अभ्यास गरिन्छ। त्यसैले परिवार र विवाह अन्य संस्थाहरू जस्तै सामाजिक परिवर्तनका अनुकुल हुन्छन् (Elias, 1994)।

दिगोपना विकास र वातावरणसँग बढी सम्बन्धित विषय हो। विनास विनाको विकास नै दिगो विकास हो। बर्तमानको आवश्यकतामा सम्झौता नगरिकन भावि पुस्ताको आवश्यकता पुर्तिगर्दै जानु दिगो विकास हो। सन १९७० को दशक भन्दा अगाडीसम्म विकास आर्थिक विषयवस्तु सँग बढी सम्बन्धित थियो, जसले प्रतिव्यक्ति आय, कुल राष्ट्रिय उत्पादन, आर्थिक बृद्धिले सामाजिक उपादेयतामा पुर्याएको

योगदानसँग सम्बन्धित रहेको थियो । तर सन् १९८० को दशक प्रारम्भसँगै विगतको यो अवधारणामा व्यापक परिवर्तन भएको पाईन्छ । जसले विकास भनेको अर्थतन्त्रको विकास हो, तर यसले गरिबी, असमानता र बेरोजगारी पनि हटाउन सक्नु पर्छ भन्ने मान्यतालाई बढी जोड दिएको छ (रेग्मी : २०६६) । यस सन्दर्भमा सामाजिक दिगोपनाले समाजमा स्थापित हुने विभिन्न खालका सामाजिक सम्बन्धहरुको दिगोपनालाई जनाउदछ । यसले समाजमा हुने मानवीय सम्बन्ध, भौतिक संरचना, सामाजिक संस्था आदिको दिगोपनालाई बुझाउछ । सामाजिक दिगोपनाले यसका महत्वपूर्ण चार खम्बा : सुरक्षा, समानता, पारिस्थितिकी प्रक्षेपण, दिगो सहरी स्वरुपहरुलाई बुझाउछ (हेर्नुस् Eizenberg and Jabareen) । विवाह र परिवार पनि एक सामाजिक संस्था हो । युद्धकालीन अन्तरजातीय जनवादी विवाहको दिगोपनालाई बुझ्न यसले मदत गर्छ ।

Berreman र Bailey ले जात व्यवस्थामा जुन परिवर्तन आईरहेको छ भन्ने कुरा गर्नु भएको छ, त्यो परिवर्तन समाजको एउटा पाटो हो भने यो परिवर्तनलाई कसरी हेर्ने भन्ने सवालमा संरचनात्मक परिवर्तनमा हेर्नु पर्छ भन्ने समाजशास्त्रको मुलभूत बुझाई हो । किन संरचनामा हेर्ने, सम्बन्धहरु कत्तिको दिगो भए वा भएनन्, संरचनामा परिवर्तन आयो कि आएन भन्ने कुरा संरचनात्मक परिपर्तन सँग जोडिन्छ । त्यसैले म, अलिकति बेरीम्यान र Bailey लाई पछ्याउछु र अर्को, सामाजिक परिवर्तन कत्तिको दिगो भयो, दिगो हुन सक्छ वा सक्दैन भन्ने कुरा संरचनात्मक परिवर्तन भयो कि भएन भन्ने कुराले विशेष अर्थ राख्छ । यसलाई हेर्नको लागि म नर्बर्ट इलियास लाई पछ्याउछु (Berreman र Bailey) ।

## २.६ सामाजिक प्रभाव

सामाजिक प्रभावले सामाजिक अन्याय र चुनौतीहरुलाई समाधान गर्ने महत्वपूर्ण वा सकारात्मक परिवर्तनलाई बुझाउछ । व्यक्ति र परिवारको राम्रोकोलागि समुदायमा गरिने क्रियाकलापको खुद असरलाई सामाजिक प्रभाव भनि परिभाषित गर्न सकिन्छ । यसले खासगरी समुदायमा आधारित नागरिक समाजका महत्वपूर्ण तत्वलाई बुझाउछ । सामाजिक प्रभावले कुनै संघसंस्थाहरूका तत्कालीन कार्यक्रमका उद्देश्य र कुनै छोटो अवधिको असर भन्दापनि बृहत् सामाजिक असरलाई इङ्गित गर्दछ । यसले लामो समयको वृहत् सामुदायिक असरलाई जनाउछ । यो तात्कालिक सिमाहरू भन्दा पनि दिगो, बृहत् र महत्वपूर्ण परिवर्तनको असर हो (Jenny Onyx: 2014) । विवाह एक सामाजिक संस्था हो । पश्चिम रुकुममा जनयुद्धका क्रममा भएका अन्तरजातीय जनवादी विवाहले समाजमा

पारेको सामाजिक प्रभावलाई बुझ्न सहयोग हुनेछ । २५ बर्ष लामो अवधिमा अन्तरजातीय जनवादी विवाहले समाजमा के कस्तो प्रभाव पार्‍यो भन्ने बुझ्न सजिलो हुनेछ ।

## २.७ ज्ञानको अभाव (Knowledge Gap)

जात व्यवस्थाको सारतत्व (Essence of caste system) भनेको सजातीय विवाह हो (घुर्रे, १९५०) । डुमोका अनुसार जात व्यवस्थामा शुद्धता र अशुद्धताको नियम लागु हुन्छ । त्यो शुद्धता र अशुद्धतालाई छुट्याउने काम सजातीय विवाहले गर्छ । यो विशेष गरी सँगै नबस्ने, सँगै नखाने, नछोईने कुरामा देखिन्छ । अर्को मुख्य कुरा चाही विवाह हो । किनभने जात व्यवस्थाको मान्यताले एउटाको रगत शुद्ध र अर्कोको रगत अशुद्ध हुन्छ भन्ने विश्वास राख्दछ । यि सबैकाम विवाहले निर्धारण गर्छ । जसले एउटा निश्चित जात जन्मनबाट बन्चित गर्‍यो । त्यसैले शुद्ध र अशुद्ध लाई छुट्याउने काम सजातीय विवाहले गर्छ । तर ईतिहासलाई नियाल्ने हो भने प्राचिन समय दखि नै विभिन्न सामाजिक अवरोधका बावजुध पनि अन्तरजातीय विवाह अभ्यासमा रहेको पाईन्छ । र त्यो अन्तरजातीय विवाहलाई परिचालन गर्ने मध्येको एउटा तत्व भनेको जनयुद्ध हो । त्यसैले माओवादी जनयुद्धका क्रममा उल्लेख्य रुपमा बढोत्तरी आयो र ती विवाहले सामाजिक, साँस्कृतिक, राजनैतिक, पारिवारिक स्वीकृतिहरु पाए । तर जब माओवादी जनयुद्ध एउटा सम्झौतामा गएर टुङ्गीयो अर्थात शान्ति प्रक्रियामा आयो तव समाजमा ती अन्तरजातीय जनवादी विवाह गर्ने जोडीहरु एकातिर सम्बन्ध विच्छेद तथा पारिवारिक बिखण्डनमा पुगे भने अर्कोतिर नयाँ अन्तरजातीय विवाह गर्ने जाडीहरुको दर पनि घट्न पुग्यो (शर्मा, २०१८) । त्यो किन भयो ? यो विषयमा सामाजिक अनुसन्धानको क्षेत्रमा त्यती अध्ययन हुन सकेको छैन । त्यसैले अन्तरजातीय विवाह र जनयुद्धको विषयमा जुन खालको ज्ञानको अभाव अर्थात कमि छ त्यो अभावलाई मेरो अनुसन्धानले पुरा गरेको छ । जुन मेरो अनुसन्धानको उद्देश्य पनि हो ।

# परिच्छेद-तीन

# अनुसन्धान विधि

यस अनुसन्धानको उद्देश्य माओवादी जनयद्धका दौरानमा अन्तजातीय जनवादी विवाहमा उल्लेख्य मात्रामा बृद्धि हुनुमा खास के-के तत्वहरु थिए भन्ने बारेमा सुक्ष्म तरिकाले खोज गर्नु हो । यसले खासगरी समाजमा जनवादी विवाहको अभ्यास तथा विवाह प्रक्रिया कस्तो थियो, जनवादी विवाह गरेका जोडीहरुलाई परिवार र समाजले कुन तह सम्म स्विकार गरिएका छन् भन्ने कुरा बुझ्न सहयोग गरेको छ । शान्ति प्रक्रियापछि ती जनबादी विवाह गरेका जोडीहरु एकातिर सम्बन्ध विच्छेद तथा पारिवारिक विखण्डनमा पुगे भने अर्को तिर नयाँ अन्तरजातीय विवाह गर्ने जोडीहरुको दरमा पनि कमि आएको देखियो । यो किन र कसरी भन्ने विषयमा त्यती अध्ययन अनुसनधान हुन सकेको छैन । त्यसैले मेरो अध्ययन अन्तरजातीय जनवादी विवाह र माओवादी जनयुद्धका विषयमा केन्द्रित छ ।

### ३.१ अनुसन्धान ढाँचा :

अन्तरजातीय जनवादी विवाहका तथ्यगत विवरण के छन्, यसका यसका कारणहरु के-के हुन सक्छन् अनि किन अन्तरजातीय विवाहमा विभिन्न खालका समस्या र चुनौती खडा हुन्छन् भनि खोज गर्नु पर्ने भएकाले यो अनुसन्धान व्याख्यात्मक र विश्लेषणात्मक हुनेछ । व्याख्यात्मक अनुसन्धानले अध्ययनको के (समाजमा के कुराहरु त्यस्ता छन् र अध्ययन गर्न परेको छ) पक्षलाई जोड दिन्छ भने विश्लेषणात्मक अनुसन्धानले अध्ययनको किन त्यसो हुन्छ (कारण र असर) पक्षलाई जोड दिन्छ । विशेषगरी यो घटना अध्ययनमा आधारित हुनेछ । अन्तरजातीय जनवादी विवाह गरेका जोडीहरूको विवाह कति सम्म स्थायी भयो, ती अन्तरजातीय जनवादी विवाहलाई परिवार र समाजले कुन तहसम्म स्विकारेका छन भन्ने कुरालाई व्याख्यात्मक र विश्लेषणात्मक तरिकाले अनुसन्धान गरिने छ ।

यस अनुसन्धानमा गुणात्मक अनुसन्धान विधि प्रयोग गरिनेछ । सामाजिक घटनाहरुको अध्ययन अनुसन्धान र व्याख्या गर्न गैर तथ्याङ्कीय माध्यमबाट खोज गर्ने तरिकालाई गुणात्मक अनुसन्धान विधी भनिन्छ । सामाजिक घटनाहरू वा विषयहरु जसको अध्ययन गर्दा गुणात्मक प्रकृतिका तथ्यहरु संकलन र विश्लेषणमा यो विधिको प्रयोग गरिन्छ । यसमा विषयगत व्याख्यालाई जोड दिईन्छ । खास खालको मानवीय व्यवहार र सम्बन्धका स्वरुपहरु वुझ्न गुणात्मक अनुसधान विधिको प्रयोग गर्ने गरिन्छ । गुणात्मक अनुसन्धान विधि अन्तर्गत गहन अन्तरवार्ता र व्यक्तिगत घटना अध्ययन विधि प्रयोग गरी सूचना संकलन गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य :

मेरो यो अध्ययन पश्चिम रुकुममा गरेको छु। किनकी यो रुकुम पश्चिम माओवादी जनयुद्धको प्रभावित क्षेत्र मध्येको एक हो । माओवादी जनयुद्धको आधारभूमि हो । जहाँ माओवादी जनयुद्धको दौरानमा अन्तरजातीय विवाह प्रशस्त भएको पाईन्छ । त्यसो भएकाले मैले मेरो अध्ययनमा जनयुद्धको प्रभाव भएको र अन्तरजातीय विवाह गरेका जोडीहरु भएको पनि हुनु पर्ने भएकाले त्यस मध्येको एउटा रुकुम पश्चिमलाई लिएको छु। अर्को त्यही रुकुम जहाँ अन्तरजातीय विवाह कै विषयलाई लिएर रुकुम हत्याकाण्ड भएको थियो । जनयुद्धको आभारभूमी, जनयुद्धको दौरानमा अन्तरजातीय विवाहलाई निकै प्रोत्साहन गरेको क्षेत्र भएर पनि त्यही ठाउँमा नरसंहार हुन पुग्यो । त्यसैले पनि मलाई त्यही ठाउँ रोज्न उद्देलित गर्‍यो ।

यो अनुसन्धान रुकुम पश्चिम जिल्लाको आठविसकोट नगरपालिका, बाँफिकोट गाउँपालिका र जाजरकोट जिल्लाको भेरी नगरपालिकामा गरिएको छ । पश्चिम रुकुमका ७ वटा पालिकामध्ये आठविसकोट नगरपालिकालाई विशेष जोड दिई अध्ययन गरिएको छ, किनकी यस पालिकामा विविध जातजातिहरुको मिश्रीत बसोवास रहेको अनि अन्तरजातीय जनवादी विवाह गरेका दम्पत्तिहरु पनि बढी मात्रमा भेटिएका छन र रुकुम जनयुद्धको आधार ईलाका[१] भएकाले पनि त्यहा जनवादी विवाहको अभ्यास धेरै भएको पाईन्छ ।

### ३.२.१ अध्ययन क्षेत्रको परिचय:


आठबिसकोट नगरपालिका रुकुम पश्चिमको तीन नगरपालिका मध्येको एक हो । २०१५ मा आठबिसकोटका पूर्व गाउँ विकास समितिहरू आठबिस डाँडागाउँ, घेत्मा, गोतामकोट, स्यालाखाडी र मग्मा (७ र ८ वार्डहरू) समायोजन गरेर स्थापना भएको हो । २०६८ को जनगणनाको अनुसार यस पालिकामा ६४.१० प्रतिबर्ग कि.मी., ७५५३ घरधुरी र जनसंख्या ३५,९१७ (१७,६१८ पुरुष र १८,२९९ महिला) थियो । यो भौगोलिक रुपमा ५६०.३४ वर्ग कि.मि.क्षेत्रफलमा फैलिएको रुकुम पश्चिमको सबैभन्दा बढी जनसंख्या भएको पालिका हो। यसमा १४ वटा वडाहरु छन्। यो नगरपालिका भौगोलिक रूपमा पश्चिममा जाजरकोट र उत्तरमा डोल्पासँग जोडिएको छ। र वडा नं. ९ को राडी जिउलाबाट

---

१. आधार ईलाका : माओवादीले जनयुद्धको क्रममा देशका विभिन्न क्षेत्रमा थुप्रै संख्यामा आधार ईलाका निर्माण गरेका थिए। जहाँ माओवादीको आफ्नो छुट्टै किसिमको जनसत्ता थियो । जिल्ला जनसरकार, गाउँ जनसरकार, वडा जनसरकार थियो । उनिहरुको छुट्टै सेना थियो, प्रशासन थियो, एक खालको अर्थतन्त्र थियो । जुन रुकुममा पनि थियो ।

प्रशासित छ । राडी जिउला उपत्यका जस्तै छ, पहाडले घेरिएको ठुलो भेरीको किनारमा; स्थानीय व्यापारको लागि महत्वपूर्ण स्थान र डोल्पाको व्यापारिक मार्ग पनि हो ।

चित्र १: नेपालको राजनीतिक तथा प्रशासनिक नक्सामा अध्ययन क्षेत्र




**Source: https://kpadhne.com/77-districts-of-nepal/**

यस नगरपालिकाको सम्पुर्ण नगरवासीहरुले मातृभाषाको रुपमा मुख्य गरी नेपाली भाषा नै बोल्ने गरेको पाइन्छ । नगरपालिकाको जम्मा साक्षरता दर ५८.३५ प्रतिशत छ, जसमा महिला ४९.४० प्रतिशत र पुरुष साक्षरता दर ६७.४८ प्रतिशत छ । युवा साक्षरता दर (१५-२४बर्ष) ८६.७१ प्रतिशत रहेको छ । यहाँ जम्मा ६९५ जना कुनै न कुनै प्रकारको अपाङ्गता (शारीरिक रुपमा फरक क्षमता भएका व्यक्तिहरु) छन् । जसमध्ये ३२० जना महिला छन् भने ३७५ जना पुरुष रहेका छन् । यस नगरपालिकामा जातजातीगत रुपमा जनसंख्याको वितरणलाई हेर्दा कुल जनसंख्याको ५५.२० प्रतिशत ब्राह्मण, क्षेत्री, ठकुरी छन् भने ३२.१२ प्रतिशत दलित छन् । त्यस्तै कुल जनसंख्याको १२.१४ प्रतिशत मगर समुदायको बसोवास रहेको पाइन्छ ।

**तालिका १: जातजातिगत आधारमा आठबिसकोट नगरपालिकाको जनसंख्या वितरणः**

| जातजाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | २००४१ | ५५.७८ |
| दलित | ११४०१ | ३१.७४ |
| जनजाति | ४४३१ | १२.३५ |
| मुस्लिम | १२ | ०.०४ |
| अन्य | ३२ | ०.०९ |
| जम्मा | ३५,९१७ | १०० |

*(स्रोत : नेपालको जनगणना, २०७८)*

यस पालिकामा सबैभन्दा बढी जनसंख्या ब्राह्मण २००४१ जना रहेको छ भने सबै भन्दा कम जनसंख्या मुस्लिम १२ जना रहेको छ। त्यस्तै कुल जनसंख्याको ४४३१ जनजाती र ३२ जना अन्य रहेका छन् । जातिगत रुपमा यस नगरपालिकामा ब्राह्मण/क्षेत्रीहरुको बाहुल्यता रहेको देखिन्छ।

## ३.२.२ आठबिसकोटको सामाजिक जनसांख्यिकी

आठबिसकोट नगरपालिकामा मुख्य धर्मको रुपमा हिन्दु र क्रिश्चियन धर्मलाई मान्दै आएका छन् । यहाँ जम्मा जनसंख्याको ९७.२५ प्रतिशतले हिन्दु धर्म र २.५० प्रतिशतले क्रिश्चियन धर्म मान्ने गरेका छन्। त्यहा प्रकृतिपुजकसँग निकट देवी देवताहरु बराह, भुमेपुजा, मस्टो पुजा धार्मिक अभ्यासहरु पनि प्रचलनमा छन्। तलको तालिकामा धर्म अनुसार जनसंख्याको वितरण गरिएको छ।

**तालिका २: धर्म अनुसार जनसंख्याको वितरण**

| क्र.सं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | ३४९३१ | ९७.२५ |
| २. | क्रिश्चियन | ८९८ | २.५० |
| ३. | बौद्ध | ७६ | ०.२२ |
| ४. | इस्लाम | १२ | ०.०३ |
| | जम्मा | ३५९१७ | १०० |

*स्रोत : नेपालको जनगणना २०७८*

माथिको तथ्याङ्कलाइ हेर्दा यस पालिकामा सबैभन्दा बढी हिन्दु (९७.२५%) धर्म मान्ने मानिसहरु छन् भने सबै भन्दा कम (०.०३%) इस्लाम धर्म मान्नेहरु छन् । त्यस्तै दोस्रोमा क्रिश्चियन(२.५०%) र तेस्रोमा बौद्ध (०.२२%) रहेका छन् । यस पालिकामा धार्मिक रुपमा हिन्दु धर्मको बाहुल्यता रहेको पाईन्छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत :

रुकुम पश्चिममा जनयुद्धको अवधिमा अन्तरजातीय विवाह बढ्नु पछाडीको खास-खास कारणहरु के-के थिए, ती विवाहित दम्पत्ती र परिवारहरुको अहिलेको अवस्था विश्लेषण गरी उनिहरुका वैवाहिक अनभव र चुनौतीहरुको जानकारी दिने उद्देश्यले यो अध्ययन गरिएको छ । यो अध्ययन कर्णाली प्रदेशको रुकुम पश्चिम जिल्ला आठविसकोट नगरपालिका, बाँफीकोट गाउँपालिका र जाजरकोटको भेरी नगरपालिकामा गरिएको छ। यो अध्ययन २०७८ फागुन १० देखि वैसाख २७ गते सम्म गरिएको छ ।

यो अध्ययन जुन उद्देश्यमा आधारित छ, त्यो उद्देश्य प्राप्त गर्नको लागि मैले अन्तरजातीय विवाह गरेका जोडीहरुको विचार, भावना, उनिहरुको दृष्टिकोण संकलन गरेको छु। जुन कुरा मेरो अध्ययनको लागि महत्वपुर्ण हुन्छ । त्यो कुरा उनिहरु सँगकै सामिप्यता, कुराकानी तथा बार्तालापबाट नै प्राप्त भएको छ र त्यो मैले क्षेत्रकार्यबाट पाएको छु । उनिहरुको जिवन भोगाई, विचार, दृष्टिकोणका लागि मैले क्षेत्रकार्य गरेको छु । त्यसैले यस अध्ययनको तथ्याङ्कको प्रकृति गुणात्मक खालको छ । र यसको मुल श्रोत क्षेत्रकार्य र उत्तरदाता नै हुन् । किनकी जनयुद्धको दौरानमा भएका अन्तरजातीय विवाहको अभ्यास र त्यसको दिगोपना हेर्ने, बुझ्ने सहि विधि भनेको समाज विज्ञानमा क्षेत्रकार्य नै हो, उनिहरुको विचार दृष्टिकोण हो । त्यसो भएकाले यो अध्ययनमा उनिहरुको विचार दृष्टिकोणको गर्छु । जसका लागि गुणात्मक एवं प्राथमिक खालको तथ्याङ्कको प्रयोग गर्छु, जुन तथ्याङ्क क्षेत्रकार्यबाट लिएको छु ।

यो अनुसन्धान मुलतः प्राथमिक तथ्याङ्कमा आधारित भएर गरिएको छ। उक्त तथ्याङ्क जनवादी विवाह गरेका जोडीहरूसँगको गहन अन्तरवार्ता र व्यक्तिगत घटना अध्ययनबाट संकलन गरिएको छ । समाजका बुद्धिजिवी, सामाजिक अगुवा, शिक्षक, पार्टीका नेता कार्यकर्ताहरुलाई मुख्य सूचनादाताको रुपमा लिई तथ्याङ्क लिईएको छ । उत्तरदाताको नमूना छनौट गर्दा उद्देश्यमुलक नमुना छनौट विधिको प्रयोग गरिएको छ, जसमा यस अध्ययन क्षेत्रमा जनयुद्ध पहिले, जनयुद्धको क्रममा र जनयुद्ध पश्चात भएका अन्तरजातीय विवाहहरु मध्ये मुल उत्तरदाताको रुपमा अन्तरजातीय जनवादी विवाह गरेका १२ जोडी दम्पत्तीहरूलाई लिइएको छ। व्यक्तिगत घटना अभिलेख र गहन अन्तरवार्ताद्वारा तिनिहरुको

बुझाई, अनुभव लिईएको छ । द्धितिय तथ्याङ्क रुपमा माओवादी पार्टीको चुनावी घोषणा पत्र, नगरपालिकाबाट प्रकाशित गरिएको नगर प्रोफाईल, पालिकाको बजेटबाट लिइएको छ। चेक लिष्टमा आधारित भई गहन अन्तरवार्ताद्धारा तथ्याङ्क संकलन गर्ने कार्य गरेको छु।

### ३.४ उत्तरदाताहरुको छनौट र तथ्याङ्क संकलनको विधि :

यो अध्ययन पश्चिम रुकुमका सात वटा पालिका मध्ये आठविसकोट नगरपालिकामा बढी केन्द्रित भएर गरेको छु। किनकी आठविसकोट नगरपालिकामा मैले अध्ययन गर्न खोजेको विषयसँग सम्बन्धित विषयबस्तु भेटिने भएकाले र यो नगरपालिका जनयुद्धको सुरुवात विन्दु भएकाले यस पालिकालाई बढी जोड दिएको छु। आठविसकोट नगरपालिकाका वडा नं. १०, ७, ४, ९, ११, वडाहरुबाट तथ्याङ्क संकलन गरेको छु । आठविसकोट नगरपालिकामा गई मुख्य सूचनादाता उत्तरदातासँगको सूचनाका आधारमा यस पालिकाका वडाहरुलाई छनौट गरिएको छ । यसका साथसाथै यसै नगरपालिका सँग जोडिएको अर्को पालिका वाँफिकोट गाउँपालिका र जाजरकोट जिल्लाको भेरी नगरपालिका रिम्नाबाट पनि आवश्यक तथ्याङ्क संकलनल गरेको छु।

यस अध्ययनमा मैले उत्तरदाताको रुपमा मुलतः जनयुद्धमा अन्तरजातीय विवाह गरेका जोडीहरुलाई नै छनौट गरेको छु। मेरा अध्ययनका उत्तरदाताहरु दुई प्रकारका छन्। एकखालको जोडीहरु जनयुद्धमा अन्तरजातीय विवाह गरेर त्यसलाई अहिले सम्म कायम राखेकाहरु छन् भने अर्को विभिन्न व्यक्तिगत, पारिवारिक, सामाजिक अवरोध तथा अस्वीकृतिका कारण सम्बन्ध विच्छेद एवं पारिवारिक विखण्डनमा पुगेकाहरु छन्। ती घटना अध्ययन गरेका जोडीहरुको सूची पछाडी अनुसूचीमा समावेश गरेको छु। घटना अध्ययन तयार पार्दा गहन अन्तरवार्ता र यस विषयमा उनिहरुको विचार, दृष्टिकोण समेटेको छु । सकेसम्म उनिहरुले अभिव्यक्त गरेका कुराहरुलाई जस्ताको तस्तै राख्ने प्रयास गरेको छु । उनिहरुको भाषा, भोगाई, विचार, दृष्टिकोणलाई नै यहाँ स्थान दिने कोशिस गरेको छु । उनिहरु जनयुद्धमा लाग्दाखेरीको अवस्था, अन्तरजातीय सम्बन्ध सुरुवात गर्दा खेरीको भोगाई, उतारचढाव, सम्बन्ध प्रतिको दृष्टिकोण, सम्बन्धमा आएका आरोह, अवरोहलाई नै समेटेर घटना अध्ययन तयार पारेको छु। यसका अध्ययनका लागि उत्तरदाताको रुपमा १२ वटा घटना अन्तरजातीय जनवादी विवाह गरेका जोडीहरुः (जसमा ५ जोडी अन्तरजातीय जनवादी विवाह, ४ जोडी अन्तरजातीय विवाह र ३ जोडी जनवादी विवाह) सँग गहन अन्तरवार्ताका साथसाथै अन्तरजातीय विवाह गरेका र अन्तरजातीय विवाहलाई नजिकबाट बुझेका अध्ययन गरेका ७/८ जना अरु उत्तरदाताहरुसँग पनि अन्तरवार्त गरेको छु। ती मध्ये अधिकांश अन्तरजातीय विवाह गर्नेहरु छन् र तिनिहरुका भोगाई, अनुभवसँग सम्बन्धित

घटनाहरु लिएको छु। यी अन्तरवार्ताहरु अनौपचारिक छन्। उत्तरदाताहरु काम गर्दै गर्दा, चिया खादै गर्दा उनिहरुकै घर, आगन, चिया पसलहरुमा बस्दै कम्तिमा एक घण्टा देखि बढीमा साढे दुई घण्टा सम्म उनिहरुको सहमति लिई रेकर्ड गर्दै कुराकानी गरेको छु।

यस अनुसन्धानको लागि व्यक्तिगत घटना अध्ययन, गहन अन्तरवार्ता र मुख्य सूचनादाता अन्तरवार्ता विधिको प्रयोग गरिनेछ। जुन विधिलाई यसप्रकार तल उल्लेख गरिएको छ।

### ३.४.१ व्यक्तिगत घटना अध्ययन :

अन्तरजातीय जनवादी विवाह गरेका जोडीहरुको जीवन भोगाई लाई राम्ररी अध्ययन गर्न तथा बुझ्नको लागि व्यक्तिगत घटना अध्ययन विधि उपयुक्त हुनेछ। यस अध्ययनको मुख्य उद्देश्य पश्चिम रुकुममा जनयुद्धको समयमा अन्तरजातीय जनवादी विवाहहरु बढ्नुको खास कारणहरु के थिए, अन्तरजातीय जनवादी विवाह गरेका जोडीहरूको वैवाहिक सम्वन्ध कस्तो छ, जनवादी विवाह स्थायी नहुनुको मुख्य तत्व के हुन सक्छ, ति जोडीहरूले कस्ता खालका सामाजिक समस्याहरु सँग जुध्नु परेको छ, परिवार तथा समाजको धारणा के छ भन्ने रहेको छ। व्यक्तिको जीवनमा आएका उतारचढाव, बाधा अवरोध, चुनौतीहरुलाई बुझ्न र उनिहरुको जीवनको गहिराई सम्म पुगि वास्तविक तथ्याङ्क ल्याउन व्यक्तिगत घटना अध्ययन विधि उपयुक्त हुने भएकाले यस विधिको प्रयोग गरिएको छ।

यस विधीको प्रयोगद्धारा मैले अन्तरजातीय जनवादी विवाहको स्थायित्व सम्बन्धि सूचनाहरु संकलन गरेकोछु। यस अध्ययन क्षेत्रमा जनयुद्ध पहिले, जनयुद्धको क्रममा र जनयुद्ध पश्चात भएका अन्तरजातीय विवाहहरु मध्ये मुल उत्तरदाताको रुपमा १२ वटा घटना अन्तरजातीय जनवादी विवाह गरेका जोडीहरु: (जसमा ५ जोडी अन्तरजातीय जनवादी विवाह, ४ जोडी अन्तरजातीय विवाह र ३ जोडी जनवादी विवाह) छन् भने आठविसकोट नगरपालिकाका नगरप्रमुख गोरख बहादुर के.सी., नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका प्रदेश कमिटी सदस्य क. जनक बटाला (प्रभात), महिला नेतृ प्रेमा शाही, शिक्षक मुक्ति प्रसाद रिजाललाई मुख्य सूचनादाको रुपमा लिएको छु। त्यस्तै सामाजिक अगुवा, नेता कार्यकर्ता, विद्यार्थीहरु सम्मिलित एउटा समूह छलफल गरेको छु। यसरी ती अन्तरजातीय जनवादी विवाह गरेका जाडीहरूको जीवन भोगाई तथा अनुभव यस व्यक्तिगत घटना अध्ययनमा समावेश गरेकोछु।

### ३.४.२ गहन अन्तरवार्ता विधि :

अन्तरवार्ताले खास गरी एउटा गुणात्मक तथ्याङ्क संकलन विधि हो जसले औपचारीक अथवा अनौपचारिक रुपमा एकैसाथ धेरै व्यक्तिहरुलाई व्यवस्थित तरिकाले प्रश्न गर्न सक्छ । उतरदाता संग राम्रो व्यवहारिकता निर्माण गरी गहन अन्तरवार्ताद्धारा उत्तरदाताका आन्तरिक तथ्याङ्क ल्याउनेछु । किनकी गहन अन्तरवार्तामा व्यक्तिका सामान्य धारणा, व्याख्या तथा जीवन भोगाईका अनुभव सम्बन्धि बुझाई आउने गर्दछन् । यसले व्यक्तिका आन्तरिक भावनाहरुलाई पनि उजागर गर्न मद्दत गर्दछ ( मारभस्ति, २००४) ।

यस विधिद्धारा अन्तरजातीय जनवादी विवाह गरेका दम्पतीहरूसँग उनिहरुको आन्तरिक भावना बाहिर ल्याउन र अन्तरजातीय विवाह सम्बन्धि धारणा बुझ्न सजिलो भएको छ । त्यस क्षेत्रमा अन्तरजातीय विवाह गरेका दम्पत्तिहरु मध्ये १२ वटा बैवाहिक जोडीहरुको वैयक्तिक अध्ययन गरी उनिहरुको बैवाहिक सम्बन्धमा आएका उकाली ओरालीको विस्तृत अध्ययन गरिएको छ । सवै जसो विवाहित जोडीहरु प्राय उस्तै-उस्तै समस्या तथा चुनौतिबाट अगाडी बढेको पाइयो । विवाह प्रेममा आधारित भेटियो । प्रेम गर्दा देखि उनिहरुको अहिलेको अवस्था सम्म सामान्य विवाह अर्थात सजातीय प्रेम विवाह जस्तो सहज देखिएन । विवाहको सुरुवातीका ४/५ बर्षहरु असामान्य रहेको पाईयो । त्यस पछि मात्र जीवन विस्तारै सामान्य जस्तो बन्दै गएको पाईन्छ । धेरै जोडीहरु अन्तरजातीय विवाह भएकै कारण विवाह गरेर सिधै आफ्नो घर जान सकेनन् । आफन्तकोमा अथवा घर भन्दा टाढा प्रहरी सुरक्षा भएको ठाउँ खोज्दै होटेलमा केहि दिन बस्नु परेको बाध्यता सुनाउनु भयो । घरका मुख्य चाँडपर्व जस्तो कुल पुजाहरुमा ज्वाँइ तथा बुहारीहरुलाई बन्चित गरेको पाईयो । यस्ता अनेक प्रकारका समस्या, अवरोध, चुनौती, उतारचढावलाई झेल्दै उनिहरुले जीवन बिताईरहेको भेटियो । यो अन्तरवार्ता लिदा विवाहित दम्पत्तिहरुको घरमै गई घरको आगन, बार्दलि, भान्छाकोठाहरुमा एकदमै अनौपचारिक रुपमा कुराकानी गर्दै उनिहरुले भनेका कुरा पछि राम्ररी समेट्न सकियोस भन्ने उद्देश्यले अनुमति लिई रेकर्ड गर्दै गरियो ।

### ३.४.३ मुख्य सूचनादाता अन्तरवार्ता

मुख्य सूचनादाता अन्तरवार्ता गुणात्मक अनुसन्धानको गहन अन्तरवार्ता कार्यको लागि प्रयोग गरिन्छ । यसमा त्यस्ता व्यक्तिहरुसित सूचना लिईन्छ कि जो व्यक्ति समाजमा के भइरहेका छ, के हुदैछ भन्ने विषयमा जानकारी राख्दछ । यसको उद्देश्य मुख्य व्यक्तित्वबाट बृहत तहको सूचना संकलन गर्नु हुन्छ । ती व्यक्तिहरु सामुदायिक नेता, पेशाव्यवसायी, शिक्षक बुद्धिजिवी, स्थायी बासिन्दा हुन सक्छन जससँग

प्राथमिक ज्ञान र सूचना हुन्छ । ती समुदायका विज्ञहरुसँग भएको ज्ञान र बुझाइले समस्याको प्रकृति र समाधानको बाटो दिन्छ । त्यसैले यस अध्ययनमा तथ्याङ्क संकलनका लागि मुख्य सूचनादाता अन्तरवार्तालाई तथ्याङ्क संकलनको विधिका रुपमा विशेष जोड दिईनेछ ।

यस अध्ययनका लागि मुख्य सूचनादाताको रुपमा आठविसकाट नगरपालिकाका नगरप्रमुख गोरख बहादुर के.सी., नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका प्रदेश कमिटी सदस्य क. जनक बटाला (प्रभात), महिला नेतृ प्रेमा शाही, शिक्षक मुक्ति प्रसाद रिजाललाई लिएको छु । उहाँहरुले दिएको तथ्याङ्क र सल्लाह सुझावका आधारमा अध्ययनलाई व्यवस्थित गरिएको छ भने त्यहाँका स्थानीय नेता तथा अगुवाहरुको सहयोगले अन्तरजातीय विवाह गरेका जोडीहरु सम्म पुग्न सजिलो भएको थियो ।

### ३.५ तथ्याङ्क विश्लेषणको तरिका

यस अध्ययनमा संकलन गरिएका प्राथमिक तथा द्धितिय तथ्याङ्कहरुलाई यिनिहरुको प्रकृतिको आधारमा विश्लेषण गरिएको छ । सम्पुर्ण तथ्याङ्कहरु अनुसन्धान कार्यक्षेत्र रुकुम पश्चिमको आठविसकोट नगरपालिका र बाँफिकोट गाउँपालिका तथा जाजरकोटको भेरी नगरपालिका रिम्नाबाट संकलन गरेको छु । सर्वप्रथम क्षेत्रकार्यबाट संकलन गरेर ल्याएका तथ्याङ्कलाई उल्था गरी व्यवस्थित गर्ने काम गरेको छु । ती तथ्याङ्कलाई आधिकारीक स्रोतहरु (नगरपालिका, गाँउपालिकाका तथ्याङ्कहरु) सँग दाँजी शुद्धिकरण गरेको छु । ती तथ्याङ्कलाई विभिन्न शिर्षक उपशिर्षकमा विभाजन गरी विश्लेषण गरेको छु । तार्किक विश्लेषणको आधारमा नतिजा तथा निष्कर्ष निकालेको छु ।

### ३.६ अध्ययनको सीमा

यो अनुसन्धान विशेष गरी रुकुम पश्चिमको आठविसकोट नगरपालिकाको राडी जिउलामा गरिएको छ । यो अनुसन्धान प्राथमिक र द्धितिय दुवै तथ्याङ्कमा आधारित छ । अन्तरजातीय जनवादी विवाह गरेका जोडीहरु सँगको अन्तरवार्ता भएकाले विभिन्न सामाजिक मुल्य, मान्यता तथा नीति नियमका कारण घरपरिवार सँगै बस्ने अस्था नरहेको हुनाले केही उत्तरदाताका परिवार सँग कुरा गर्न सकिएको छैन । अन्तरजातीय विवाहको विषयमा धेरै अनुसन्धान भएको भएपनि यो अनुसन्धान अन्तरजातीय विवाहमा पनि अनुलोम, प्रतिलोम तथा जनवादी विवाहमा जोड गरिएको छ । त्यसैले यो अनुसन्धान प्रत्येक अन्तरजातीय विवाहको विषयमा त्यति धेरै नबोल्न सक्छ । यो आठविसकोटमा भएका अन्तरजातीय जनवादी विवाहको अभ्यासका बारेमा मात्रै हो, सिङ्गो नेपालको होईन । यो अध्ययनले नेपालमा हुने अन्तरजातीय जनवादी विवाह परम्पराको प्रतिनिधिमुलक कथा भनेपनि सिङ्गो देशमा हुने

अन्तरजातीय जनवादी विवाहको पुर्ण कथा नभन्न सक्छ किनकी यस अध्ययनको नमुना तथ्याङ्कको आकार सानो छ । छोटो समयका कारण सोचे जति तथ्याङ्क सँकलन गर्न सकिएको छैन ।

## परिच्छेद-चार

## रुकुम पश्चिममा माओवादी जनयुद्ध र अन्तरजातीय विवाह

यस अध्याय अन्तरगत अध्ययन क्षेत्र पश्चिम रुकुममा माओवादी जनयुद्धको सुरुवात, यसको प्रभाव, अन्तरजातीय जनवादी विवाहको अभ्यासका विषयमा विश्लेषण गरिएको छ । आधार इलाकाका रुपमा पश्चिम रुकुम र त्यहाको सामाजिक परिवर्तनलाई व्याख्या गरिएको छ । पश्चिम रुकुमको राजनीतिक, सामाजिक परिवेश तथा अन्तरजातीय विवाहिताहरुको आर्थिक सामाजिक अवस्थाको बारेमा चर्चाका साथै संकटकालीन अवस्था र भोगाई तथा उत्तरदाताहरुको अनुभवलाई समावेश गरिएको छ ।

### ४.१ रुकुम पश्चिममा जनयुद्धको सुरुवात

२०५२ सालमा आठविसकोट नगरपालिका वडा नं. ९ मा रहेको राडीज्यूला प्रहरी चौकी कब्जा गरेर माओवादी जनयुद्ध सरु भएको थियो । जुन प्रहरी चौकी त्यतिवेलाका प्रधानपञ्चकै घरमा थियो । त्यतिवेला प्रधानपञ्चलाई सामन्त भन्ने गरिन्थ्यो । प्रहरी चौकी कब्जा गरीसकेपछि जनमोर्चाका नाममा जति मान्छेहरु शंकामा छन् तिनीहरुलाई सरकारले मुद्धाहाल्न सुरु गर्‍यो । यसरी जनयुद्ध सुरु भयो । त्यसपछि पुरानो सत्तामा भएका मान्छेले माओवादी (तत्कालिन जनमोर्चा) का नाममा पर्चा पम्पलेट छापे । यिनिहरु मओवादी हु भनेर जनमोर्चाका कैयौ नेता कार्यकर्ताहरुलाई छानीछानी मुद्धा लगाईयो । जसरी आगोको सानो झिल्कोले जंगल डढाउछ त्यसरी नै माओवादी जनयुद्ध ब्यापकरुपमा फैलियो । यसै क्रममा असह्य पिडा, शोषण, दमन, अन्याय, अत्यचारका विरुद्ध कोही बाध्य भएर लागे भने केहीलाई चौकी कब्जा गरेको आरोपमा गोली हानेर हत्या गरियो । फलस्वरुप जनयुद्धको व्यापकरुपमा सुरुवात भयो । त्यसैले पश्चिम रुकुमको पनि आठविसकोट सुरुदेखिनै जनयुद्धको प्रभाव रहेको ठाउँ हो ।

### आधार ईलाकाको रुपमा रुकुम पश्चिम

माओवादी जनयुद्धको दौरानमा नेकपा माओवादी पार्टिले एउटा छुट्टै खालको राज्यको परिकल्पना गरेको थियो । त्यस अनुरुप देशका विभिन्न भागहरुमा राज्यसत्ता संचालनका विभिन्न संरचनाहरु तय गर्दै आधार ईलाका घोषणा गरेको थियो । अछामको रामारोशन, कालिकोटको माल्कोट, रुकुमको राढीचौर, दाङको भालुवाङ, रोल्पाको थवाङलाई आधार ईलाकाको रुपमा विकास गरी आफ्ना गतिविधीहरु संचालन गरेका थिए । ती आधार ईलाकामा राज्यसत्ता संचालनका आफ्नै खालका योजनाहरु थिए, विकासका आफ्नै खालका नमुना थिए, प्रशासनिक निकायको रुपमा वार्ड, गाउँ र

जिल्ला जनसरकार[२] थिए, न्याय सम्पादन गर्न जनअदालत[३]हरु थिए, शिक्षाको विकासका लागि नमुना विद्यालय थिए, शोषक, सामन्त र भ्रष्टहरुलाई जनकारवाही[४]को दाएरामा ल्याइन्थ्यो । उनिहरुको छुट्टै सेना थियो, प्रशासन थियो, अदालत थियो । पुजीवादी राज्यसत्ताको समानान्तर हुने गरी एक खालको राज्यसत्ता नै निर्माण गरिएको थियो । यसरी माओवादीको विशेष पकड भएको क्षेत्रलाई आधार ईलाका घोषणा गरिन्थ्यो । ती आधार ईलाका मध्येको एउटा क्षेत्र रुकुम पश्चिम पनि हो ।

नेपालको सामन्ती निरंकुश राज्यसत्ताका विरुद्ध २००७ साल देखि २०४६ साल सम्म बेलाबेलामा विभिन्न राजनीतिक दलहरुले संघर्ष गर्दै आए । तर ती संघर्षहरुले नेपाल राज्य र नेपाली समाजको अग्रगामी रुपान्तरण गर्न सकेन । युगौदेखिका वर्गीय, जातीय, क्षेत्रिय, लैङ्गिक र दलित उत्पीडनका समस्याहरुको उचित सम्वोधन हुन सकेन । २०४७ देखि निरन्तर सदन र सडकबाट शान्तिपुर्ण ढङ्गले समाज र राज्यको अग्रगामी रुपान्तरणका निमित्त उठाइएका आवाजहरुको कुनै सुनुवाई नभएपछि २०५२ फागुन १ गते बाट नेकपा (माओवादी) ले सशस्त्र जनयुद्धको थालनी गरेको थियो । राष्ट्रियता, जनतन्त्र र जनजिविका जनयुद्धताका प्रमुख एजेण्डा थिए । वर्गीय, जातीय, क्षेत्रिय, लैङ्गिक र दलित उत्पीडनका सवाललाई एकिकृत ढङ्गले जनचाहना अनुरुप उठाएका कारण जनयुद्धले छोटो समयमा जनताको विश्वास जित्न सफल भयो । युगौदेखि नेपाली समाजमा जरा गाडेर रहेको सामन्तवाद र राजतन्त्रलाई घुडा टेक्न बाध्य पार्नु नेपालका साथै विश्व ईतिहासको एउटा महत्वपुर्ण घटना हो ।

माओवादी जनयुद्धको दौरानमा नेपाली समाजमा व्याप्त वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक तथा विभिन्न खाले उत्पीडनका सवालहरुलाई शसक्त ढङ्गले उजागर गरिएको हुनाले समाजमा हुने विभिन्न खाले भेदभावमा कमि आएको देखिन्थ्यो । जसको उदाहरणका रुपमा अन्तरजातीय विवाहलाई लिन सकिन्छ । पश्चिम रुकुममा त्यस दौरानमा अन्तरजातीय विवाह दर उल्लेख्य मात्रामा बढेको पाईन्छ । त्यसबेला नेकपा माआवादी पार्टीको स्कुलिङ्ग द्धारा जनताको चेतनामा आएको परिवर्तनलाई नजरअन्दाज गर्न सकिदैन । मानिसमा आएको राजनीतिक चेतनाको विकासले समाजका हरेक अभ्यासहरुमा परिवर्तन ल्याएको थियो भलै त्यो परिवर्त दिगो हुन सक्यो वा सकेन भन्ने एउटा वहसको विषय हुन सक्छ । तर समाजले एक खालको कोल्टो फेरेको भने पक्कै थियो । नेपाल जस्तो जातीय समाजमा जातीय असमानताका सिमाहरुलाई धुमिल बनाउन माओवादी जनयुद्धले महत्वपुर्ण भूमिका निर्वाह गरेको थियो

[2] जनसरकार: जनयुद्धको समयमा माओवादीले नेपाल सरकारको समानान्तर हुनेगरी तयार गरेको जनताको सरकार ।

[3] जनअदालत : जनताको अदालत ।

[4] ज्नकारवाही : जनताको पक्षबाट गरिने कारवाही ।

। रुकुम पश्चिममा जनयुदद्धको दौरानमा थुप्रै जनवादी विवाह भए, जस मध्ये अधिकांश अन्तरजातीय विवाह थिए । ती अन्तरजातीय विवाहहरु माओवादी जनयुद्धको अवधिभर सामान्य ढङ्गले अघि बढेको पाइन्छ भने जब माओवादी जनयुद्ध एउटा सम्झौतामा गएर टुङ्गियो त्यस पश्चात ती अन्तरजातीय बैवाहिक सम्बन्धमा विस्तारै द्वन्द्ध, अशान्ति उत्पन्न हुदै सम्बन्धविच्छेद सम्म पुगेका तथ्यहरु पाइन्छन् ।

## ४.२ रुकुम पश्चिमको राजनीतिक परिवेश

वि.सं. २०७४ मा रुकुम जिल्लालाई २ जिल्लामा विभाजन गरेपछि रुकुम पश्चिम र रुकुम पूर्व गरी दुई भागमा यो जिल्ला विभाजन भयो । हाल कर्णाली प्रदेश अन्तरगत पर्ने यस रुकुम पश्चिम जिल्लाको पूर्वी सीमानामा रुकुम पूर्व, पश्चिम सीमानामा जाजरकोट, उत्तरमा डोल्पा र दक्षिणमा सल्यान र रोल्पा जिल्लाहरु पर्दछन । करीब १ लाख ५५ हजार जनसख्या भएको यस जिल्लाको सदरमुकाम मुसिकोट हो । यस जिल्लामा हिमाली, पहाडी र तराई  सम्मकै हावापानी पाईन्छ । विभिन्न ताल तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो जिल्लमा विभिन्न जातजाति र भाषा भाषीका मानिसहरु वसोवास गर्दछन । उनीहरुको रहन सहन र कला संस्कृति पनि विविध खालको छ ।

यस जिल्लाका मानिसको मुख्य पेशा कृषि नै हो । विस्तारै सरकारी सेवा तथा अन्य पेशा व्यवसाय अबलम्बन गर्ने मानिसहरुको संख्या पनि बढिरहेको अवस्था छ । राप्ती लोकमार्ग र मध्य पहाडि लोकमार्ग जस्ता सडक सञ्जाल पनि यस जिल्लामा पर्दछन । ग्रामीण सडकहरुको निर्माण कार्य पनि भैरहेको छ । जिल्लाको भौगोलिक बनोट विकट खालको रहेको छ । यस जिल्लामा एउटा प्रतिनीधि सभा निर्वाचन क्षेत्र, २ वटा प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन् । ६ वटा स्थानीय तह अन्तरगत ३ वटा गाउँपालिका त्रिवेणी, बाँफिकोट र सानोभेरी) र ३ वटा नगरपालिका (आठविसकोट, चौरजहारी र मुसिकोट) रहेका छन् । मुख्य राजनीतिक दलहरुमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्सवादी-लेनिनवादी), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल कम्युनिष्ट पार्टी (माओवादी-केन्द्र), नेपाली काग्रेस, नयाँ शक्ति, नेकपा विप्लव, राष्ट्रिय जनमोर्चा रहेका छन् ।

## ४.३ जनताको चेतनास्तरमा आएको परिवर्तन

रुकुम पश्चिममा माओवादी जनयुद्धको क्रममा भएको प्रभावले जनताको चेतना स्तरमा व्यापक परिवर्तन ल्याएको छ । गणतन्त्र प्राप्तिका खातिर अन्याय, अत्याचार, उत्पीडनका विरुद्ध आफु मरेर दुनिया हसाउने चेतना विकास भएको थियो, जुन चानचुन कुरा थिएन । समाजमा कायम रहेको हरेक

खालका जातीय, लैङ्गिक, भाषिक, धार्मिक, सामाजिक, साँस्कृतिक, क्षेत्रिय, वर्गीय मुक्तिका लागि जनयुद्धमा मर्न र मार्न तयार हुनु चेतना स्तरमा आएको एक प्रकारको प्रगतिशिल छलाङ हो । त्यसबेला भएको बर्गसंघर्षले जातीय तथा बर्गीय विभेदलाई समुल अन्त्य गर्ने लक्ष्य राखेर रणनीतिक योजनाहरु तय गरिएका थिए । यो जनताको चेतनास्तरमा आएको परिबर्तनले नै सम्भव भएको हो ।

यस अध्ययनलाई ठोस रुप दिने क्रममा गरिएको स्थलगत सर्वेक्षणमा एक जना नेकपा माओवादीका राजनीतिक नेताको अनुभव यस्तो छ,

> *म चाहि जनसंघटक भएर काम गरे । युद्धको वेलामा म भालुबाङको लडाईमा स्वयम सेवकको रुपमा प्रत्येक्ष सहभागी भएको छु । त्यहा हाम्रो एउटा संघटक टिम गुल्मीमा थियो भने एउटा टिम रुकुमबाट आएको थियो । टिमको भालुवाङ प्रहरी चौकी आक्रमाण गर्ने योजना रैछ, त्यहा स्वयमसेवकको रुपमा सहभागी भईयो । यसरी स्वयमसेवकको रुपमा सहभागी हुदा पुर्व तयारीको रुपमा बास, कुटो कोदाली, डोको जस्ता सरसमानहरु लिनु पर्थ्यो । अहिले हेर्दा मान्छेले सहज मानेका छन् हामी आफै जनयुद्धमा सहभागी हुदाखेरी मुक्तिकामी युद्ध भनेर, त्यती धेरै पिडा, अन्याय, अत्याचार नभएको भए आफु मर्दा आफैलाई गाड्नको लागि भनेर कुटो, कोदाली लिएर गईदैनथ्यो होला । हामी आफ्नो लागि आफै साधन बोकेर हिड्ने गर्थ्यौ । यसरी युद्धको विभिन्न मोर्चाहरुमा हामी स्वत स्फुर्त रुपमा सहभागी भइन्थ्यो । हरेक खालका जातीय, बर्गीय मुक्तिका लागी मर्न पनि तयार हुने चेतना जनयुद्धले विकास गरेको हो भन्ने लाग्छ ।*

रुकुम पश्चिम माओवादी जनयुद्धको सुरुवात भएको ठाउँ भएकोले यहाँ जनयुद्धको राजनीतिक, सामाजिक, साँकृतिक प्रभाव रह्यो । उहाको अनुभव सुन्दा पनि के थाहा हुन्छ भने माओवादी जनयुद्ध सामान्य थिएन । यो हरेक खालका जातीय, बर्गीय, लिङ्गीय, क्षेत्रिय तथा सामाजिक, साँस्कृतक उत्पीडनका विरुद्ध मुक्तिको सशत्र विद्रोह थियो । माओवादी जनयुद्धमा मानिसहरु स्वतःस्फुर्त रुपमा भूमिगत भएर लागेका थिए । जसले मनिसहरुमा एक खालको विद्रोही चेतनाको विकास गरेको थियो । आफ्नो ज्यानको समेत प्रवाह नगरी मुत्यु या मुक्ति भनेर युद्धमा लामबद्ध भएका थिए । सामन्य मानिसमा पनि त्यो सपना देखिन्छ कि, अब हामीहरुको पनि राज्य हुन्छ, हामी पनि यो देशका अन्य नागरिक समान रुपमा बाच्न पाउछौं, देशमा शान्ती हुन्छ विकास हुन्छ, असमान व्यवहार भोग्नु पर्दैन । मानिसहरुसँग भन्न, बोल्न लजाउने मानिसहरु बन्दुक भिरेर यद्धमा होमिन तयार भए । उनिहरुको राजनीतिक, सामाजिक, साँस्कृतिक चेतनामा परिवर्तन आयो । यो सबै कुरा माओवादी जनयुद्धमा तत्कालीन ए. ने.क.पा. माओवादी पाटीको प्रशिक्षणले महत्वपुर्ण भुमिका निर्वाह गरेको देखिन्छ । तत्कालिन राज्य व्यवस्था प्रतिको आम जनमानसमा उत्पन्न भएको वितृष्णा र जनताको चेतनामा आएको परिवर्तनले तत्कालिन युद्धको अवस्था सिर्जना गर्‍यो जसले मानिसमा अन्याय अत्याचार,

शोषण दमनका विरुद्ध विद्रोह गर्ने प्रेरणा जगायो र मानिसहरु आफ्नै ज्यानको प्रवाह नगरी आफ्नो चिहान आफै खन्ने समेतको साहस बटुलेर विद्रोहमा लाग्ने चेतना विकास भयो ।

### ४.४ संकटकालिन अवस्था र भोगाई

माओवादी जनयुद्धको केन्द्रबिन्दु पश्चिम रुकुमको संकटकालिन अवस्था जटिल र तनावग्रस्त थियो । यस अनुसन्धानको अध्ययन क्षेत्र कर्णाली प्रदेशको पश्चिम रुकुममा "अन्तरजातीय जनवादी विवाह : द्वन्द्वकालिन अभ्यास र दिगोपना" विषयमा गरिएको अध्ययनका क्रममा सोधिएका केही उत्तरदाताहरुको अनुभव लाई यहाँ सँक्षेपमा उल्लेख गरिएको छ । एक जना राजनीतिक नेतृ भन्नुहुन्छ,

> *पहिले अन्तरजातीय जनवादी विवाह गर्दा हेडक्वाटरमा निवेदन वा कुरा गरेर त्यहाको इन्चार्जको नेतृत्वसीपमा विवाह हुन्थ्यो । अलि फरक खालको, सबैको अगाडी दुबै पक्षले स्वीकारी सकेपछि बाहिर आएर अविर र मालाले विवाह .गरिन्थ्यो भने अहिले अन्तरजातीय जनवादी विवाहहरु अलि फरक फरक तरिकाले भईरहेको देखिन्छ । अन्तरजातीय विवाह हुदै गर्दा खेरी युद्धकालमा पनि एक अर्कालाई मन पराईसकेपछि, यो जातभात भन्ने कुरा केहि पनि होईन भनेर हाम्रै पार्टीले सुरुवात गरेको हो । मेरै दाईले पनि अन्तरजातीय जनवादी विवाह गर्नुभाछ । दाई जनमुक्ती सेनामा नै हुनुहुन्थ्यो । दाई शाही ठकुरी भाउजु बुढामगर ।*

यसमा समाजले कुरा नकाट्ने त कुरै भएन । छरछिमेक गाउँटोलका मानिसहरु यसले अन्तरजातीय विवाह गर्‍यो, यस्तो चाही गर्न नहुने हो । शाही ठकुरीको छोराले मल्ल, चन्द ठकुरीको छोरि विवाह गर्नु पर्ने तर मगरको छोरी विवाह गर्‍यो यो चाही ठिक भएन भन्ने खालको कुरा भइराखेको देखियो । उहाँको दाई र घरपरिवारले यो कुरालाई क्रस गर्नु भयो । जबकी उहाँहरुलाई जातभातको कुनै मतलव छैन भने समाजले के भन्छ के भन्दैन भन्ने कुराको पछि किन लाग्नु ? हालसालै करिव दुई महिना मात्र भयो दाईको छोराले पनि अन्तरजातीय विवाह गरेको छ । यहाँ स्पष्ट के देखिन्छ भने जनयुद्धकालमा विवाह गर्नलाई जातको बन्धन थिएन अर्थात भनौ जातीय सिमारेखाहरु धुमिल भएका थिए । विवाह गर्ने प्रक्रिया तथा पद्धिती भिन्न थियो कुनै प्रकारको पण्डित राखिदैनथ्यो, कुनै तामझाम हुदैनथ्यो । खर्चको हिसाबले एकदमै मितव्ययी थियो समान्य फुलमाला टिकामा विवाह सम्पन्न हुन्थ्यो । यसले विवाह प्रतिको आर्थिक, सामाजिक, साँस्कृतिक धारणालाई स्पष्ट पार्दछ ।

शान्ति प्रक्रियामा आईसकेपछि अन्तरजातीय विवाहमा अलिकति समस्या, अप्ठ्याराहरु आएको हुन । विवाहमा जातीयता हेर्न थालियो, वर्ग हेर्न थालियो, सामर्थ्यता हेर्न थालियो । विवाह गर्ने प्रक्रिया फेरी त्यही परम्परागत पद्धति जस्तो तामझामका साथ गर्न थालियो । विवाहमा खर्च कसले कति गर्ने भन्ने

होडबाजी नै चलेको देखिन्छ । त्यसैले यस्ता जातीय, बर्गीय, सामाजिक, साँस्कृतिक कुराहरुलाई क्रस गर्दै जानु पर्छ, घरपरिवारले नै सल्टाउनु पर्छ र जसको नेतृत्व पनि घर परिवारले नै लिनु पर्ने देखिन्छ । अर्को कुरा शान्ती प्रक्रियामा आईसकेपछि पनि यो समाजमा अन्तरजातीय विवाह थुप्रै भए तर कतिपय अभिभावकहरुमा अन्तरजातीय विवाह सम्बन्धि सोचाईमा स्पस्टता नभएकोले केही समस्या देखिन्छन् । जनयुद्धले उठाएका एजेण्डाहरु निष्कर्षमा नपग्दै एउटा सम्झौतामा गएर टुङ्गिदा समाज फेरी पश्चगमनको बाटो तिर लाग्यो । जस्तो की उमेरको कारण देखाएर केटाकेटीलाई छुट्याउने, अलग गर्ने, फिर्ता लिने जस्ता कार्यहरु भईरहेका छन् । गालि बेइजती तथा कुटपिटका घटनाहरु भईरहेका छन् । यि सबै कुरा कथित जात नमिलेकोले भएको हो भन्ने कुरा स्पष्ट देखिन्छ किनकी यदि एउटै जातमा विवाह भएको भए उमेर नपुगेकै भए पनि यो अवस्था सिर्जना हुने थिएन । त्यस्तै अर्का राजनीतिक नेताका संकटकालीन अवस्थाका केहि भोगाई तथा यादहरु यस्ता छन्,

> *गुल्मी गएको बेला स्वयमसेवक त्यहा पुग्नु भन्दा अगाडी हामीले गाउघरमा घरदैलो कार्यक्रम गर्थ्यो । जनता सँगै खाने, जनता सँगै मल बोक्ने, उहाँहरु सँगै कोदो रोप्ने, मकै रोप्ने उहाहरुले जे जे गर्नुहुन्थ्यो त्यही त्यही गर्ने सँगसँगै हाम्रो कुराहरु बुझाउने गर्‍यौ । यो परिवर्तनकारी पार्टीले तपाईका अधिकारको वकालत गर्ने, तपाईहरुका कुराहरु सुन्ने, काममा सघाउने यसै गरी हिजो हामीले संगठन बनायौ । त्यसो गर्दै गर्दा खेरी म चाही गुल्मीको सिसिने गाविस जहा साउनको महिनामा कोदो रोप्ने गरिन्थ्यो । मकै लगाइन्छ तर पनि विचविचमा कोदो रोपिन्छ । त्यस पछाडी यसो अहिले पनि याद आउछ के, पछि त्यहाँ चाही उतिबेलाको शाही नेपाली सेना आइहालेछ । हामी चाही २/२ जनाको समुहमा बाडिएर गाउमा थियौ । झोला सुरक्षित नै थियो, जनस्तरमै थियौ । हामीलाई पहिल्यै प्रशिक्षण के हुन्थ्यो भने पुलिस आर्मी देख्यो भने अनुहार कत्तिपनि चेन्ज नगर्ने, नहडबडाउने । यदि थाहा पाईहाल्यो भने पनि त्यही साहदत होस् पार्टीको पोल नखोल्ने भन्ने खालको कडा अनुशासन थियो । कोदो रोप्ने क्रममा त्यहाको एकजना दिदी, आमा, हामी दुईटा, ठ्याकै हामी चाही उल्टो साईडमा रहेछौ, अरु साथीहरु सेभ साईडमा भागिहाल्नु भएछ । सूचना आएन, त्यसैले हामी दुस्मन सँग नजिकै थियौ । झण्डै झण्डै मृत्युको मुखमा पगेका थियौ तर त्यहाबाट बाच्न सफल भयौ ।*

यसरी माओवादी जनयुद्धको बेलामा पश्चिम रुकुमका जनताहरु मृत्यु वा मुक्ति भनेर जिन्दगीलाई मृत्युको अग्निकुण्डमा होम्दै मुक्तिको लडाई होमिए । उनिहरुसँग कसरी लुक्ने, कसरी भाग्ने भन्ने आइडिया थियो, साहस थियो । यतिसम्म कि दुस्मनको हातको राइफल खोसेर उनिहरुलाई नै ताक्न समेत पछि हट्दैनथ्ये । विना तलव विना पैसा कति जागरण हो, कति हिम्मत हो त्यतिबेला । चानचुन कुरा थिएन जनयुद्ध तर अहिले त शब्दको अपभ्रंश गरिएको छ भने मानिसहरुपनि अपभ्रमित भइसकेका

छन् । जनयुद्धको प्रशिक्षणले मानिसहरुमा त्यो खालको चेतना विकास गरेको थियो कि मानिसहरु घर परिवार छोडेर मुक्तिको आन्दोलन भन्दै सामेल हुने गरेको देखियो ।

सर्वसाधारण जनतामा आएको यो अग्रगामी परिवर्तनात्मक चेतनाले पश्चिम रुकुममा राम्रै प्रभाव छोडेको कुरा बुझ्न सकिन्छ । पुरानो राज्यसत्तालाई ध्वस्त पारी नयाँ जनवादी सत्ता स्थापना गरेको देखिन्छ । जनताको चेतना स्तर बृद्धि भएको देखिन्छ, समाजको सामाजिक साँस्कृतिक रुपान्त्रणको गति तिब्र भएको थियो । जातीय, बर्गीय, क्षेत्रिय तथा लैङ्गिक विभेद कम भएको थियो र समाजले एक खालको परिवर्तनको गति पकडेको थियो, जुन यो माओवादी जनयुद्धको सकारात्मक पक्ष हो । माओवादी जनयुद्धका एकजना योद्धा प्रेम बहादुर पुन (सगरमाथा) आफ्नो अनुभव यसरी सुनाउनुहुन्छ,

> *खासगर परिस्थिती र वातावरणले भुमिगत भईयो । त्यतिखेरको अवस्था यस्तो थियो कि गाउँमा क्याप टोपी र सुरुवाल लगाएको मान्छे देखेपछि डर लाग्थ्यो । त्यस्ता मान्छेहरु गाउँ देखिदै देखिदैनथे । तिनिहरुलाई पुलिस हुन भन्ने बुझ्थे । यस्ता मान्छे आएपछि पक्कै पनि हामिलाई केही गर्न आएका हुन भन्ने बुझिन्थ्यो । हामी स्कुल पढ्दै गर्दा संगठित भएका हौ । भागेर जंगल जान्थ्यौ । राज्य पक्षको ज्याजतीले बिद्रोह बाहेक अरु उपाय नै छैन भन्ने थियो । मार्ने या मर्ने भन्ने खालको मानसिकता बनिरहेको थियो । विहेको कुरा गर्दा २०५९ साल तिर गरेको हु । त्यतिखेर उनि र म पि.एल.ए. मै थियौ । प्लाटुन एउटै थियो, हामी बटालियन थियौ ।*

उहाँको भनाई अनुसार त्यतिखेर उनको पोष्ट भनेको अहिलेको आर्मीको संरचना अनुसार क्याप्टेन हुन्छ । उहाकोमा त्यतीखेर प्लाटुन कमाण्डर थिए, उनि सेक्सन कमाण्डर भएर १३/१४ जनाको नेतृत्व गर्थिन् । सामान्य घर व्यवहारमा सिमित हुने एक जना महिला यत्रा सेक्सनको नेतृत्व गर्नु सामान्य कुरा होईन । परिस्थिती अनुकुल नभए पनि जीवनमा कोही न कोहीको साथ चाहीदो रहेछ भन्ने महसुस हुन्थ्यो । विहे हुनुभन्दा करिब ४/५ महिना अगाडी देखि उनिहरु प्रेममा थिए । सोच त विहे नगर्ने, मर्ने जिन्दगी हो, विहे गरेर के नै हुने हो भन्ने लाग्ने । पछि बुझ्दै जादा खेरी नेपाली नेपाली लडेर गर्नु के छ र ? भाइभाई लडाई गरी जुन पक्ष मरेपनि पिडा नेपालीलाई नै हो । लडाईमा एक भाईले अर्को भाईलाई मार्दाको पिडा कस्तो हुन्छ भन्ने कुरा कल्पना गर्न पनि सकिदैन ।

अब यसरी हुदैन केहि न केही गर्नु विकल्प रोज्नु पर्छ भन्ने भईसकेको थियो । अब राज्य पक्षले पनि यो कुरा बुझिदिनु पर्‍यो कि त नेताहरुले सरासर आफ्नो ड्यूटी पुरा गर्नु पर्‍यो र सरकारमा जानु पर्‍यो अथवा के हुन्छ विकल्प खोज्नु पर्‍यो । मार्ने तिर होईन जोगाउने अथवा बचाउने तिर लाग्नु पर्छ भन्ने चेतना भईसके पछि विहेवारी पनि गर्नु पर्छ भन्ने मनसाय भयो । त्यसैले प्रस्ताव मैले नै राखे तपाईलाई मन पराउछु भन्ने तिर लागियो । प्रस्ताव राखियो, अब चाही विहे गर्ने भन्ने कुरा

भईसके पछि हुन्छ गरम न त भन्ने खालको आईसके पछि दुवै जनाको प्रशिक्षण कार्यक्रम थियो बटालियन मै । त्यतिबेला ५/६ जोडी १०/१२ जोडीको सँगै विवाह हुन्थ्यो । त्यतिबेला उनिहरु दाङ र प्यूठानको सिमाना होलेरी तिर हामी सँगै ३ जोडीको विहे भयो । मान्छे करिब १०००/१२०० जना जति थिए, विवाहको आयोजना ब्रिगेडले गर्‍यो । त्यतिबेला ब्रिगेडियर नन्दकिशोर पुन (पासाङ) हुनुहुन्थ्यो । विहे गर्दा खासै त्यस्तो प्रक्रिया त के हुनु युद्धको बेला थियो यताउति हिड्नु पर्थो । अविर फूलमाला मैनबत्ति बालेर यो संगठन अथवा पार्टी र क्रान्तीको निम्ति लड्ने र लड्दै गर्दा बैवाहिक जीवनको खाचो पर्दो रैछ, आवश्यकता पर्दो रैछ । जस अनुसार काम गर्दै गर्दा एक अर्कालाई धोका दिइने छैन । उहाँ प्रतिको मेरो माया र म प्रतिको उहाँको मायालाई हामीले कहिल्यै लत्याउने छैनौ भन्ने संकल्प गर्दै उपहार स्वरुप किताब, कलम, डायरी दिएर विवाह गर्नुभयो ।

यसर्थ माओवादी जनयुद्धमा विवाह हुन्थे, प्रेम हुन्थे तर ति विवाहहरु विलकुल प्रगतिशिल थिए । ती प्रेम सम्बन्धहरु विल्कुल प्रगतिशिल थिए । जातीय, बर्गिय चेतनाबाट निकै माथि उठेर विवाह हुन्थे, प्रेम हुन्थे । समाजमा साँस्कृतिका मामिलामा एकदम अनुशासन थियो । विवाहको परम्परागत मान्यतालाई चुनौति दिदै विवाह गरेकै दिन किन नहोस् जिम्मेवारी आईपर्दा न्याय र मुक्तिको आन्दोलनका क्रममा पुर्व पश्चिम हुन पनि तयार हुन्थे । यसमा समाजको क्रमिक परिवर्तन देखि लिएर विविभन्न कुराहरुले प्रत्येक्ष अप्रत्येक्ष खेलेनन् भन्न त सक्दैन तर नेतृत्वदायी भूमिका चाही जनयुद्धले नै खेलेको कुरामा यो अनुसन्धानकर्ता विस्वस्त छ ।

**सामाजिक परिवर्तन :**

माओवादी जनयुद्धपछि रुकुम पश्चिममा भएको सामाजिक परिवर्तनले देशको आम परिवर्तनलाई संकेत गर्दछ । एक दशक लामो माओवादी जनमुक्ति सेना र सरकारबीचको संघर्षले देशको समग्र सामाजिक, आर्थिक र राजनीतिक परिस्थितिहरूमा बदलाव ल्याएको छ र रुकुम पश्चिम पनि यसखाले परिवर्तनबाट पृथक रहन सक्दैन । मेरो अध्ययनको क्षेत्र अर्थात पश्चिम रुकुमको आठविसकोट नगरपालिकामा जनयुद्ध पश्चात भएका आर्थिक, सामाजिक तथा राजनीतिक परिवर्तनहरुलाई त्यहाँका स्थानीय जनप्रतिनीधि नगरप्रमुख यसरी बताउछन् ।

*माओवादी जनयुद्धको समयमा बदलिएको एक प्रमुख पक्ष, समाजमा समानता र समाजसेवाको अभिवृद्धि भएको थियो । समाजमा बर्गिय, जातीय तथा लैङ्गिक चेतनामा सकारात्मक परिवर्तन आएको छ । जातजाती धर्म संस्कृतीलाई हेर्ने दृष्टिकोणमा बदलाव*

*आएको छ । समाजसेवामा निस्वार्थ रुपमा लागनु पर्छ भन्ने भावनाले विभिन्न बाटोघाटो मर्मत, स्वास्थ्य शिक्षाका भवनहरु विर्माण गरिएका छन् ।*

*माओवादी आन्दोलनले नेपालमा राजनीतिक परिवर्तन पनि ल्याएको थियो । सामाजिक न्याय, समानता, र समताका लागि जनताबीच एक प्रकारको समर्थन पनि बढेको थियो । नागरिकहरु राजनीतिक रुपमा सचेत भएका छन् । राजनीतिक स्थितिमा हुने बदलावले समृद्धि र विकासका क्षेत्रमा पनि सकारात्मक परिणामहरू ल्याउछ । सामाजिक परिवर्तनको एक महत्वपुर्ण पाटो शिक्षा पनि हो । शिक्षाले विभिन्न जाति र वर्गहरूमा समानता ल्याउछ । त्यसैले पश्चिम रुकुममा शैक्षिक उन्नयनकालागि नागरिकहरु जागरुक देखिन्छन् । राजनीतिक बदलावले बजार र रोजगारको क्षेत्रमा सुधार गरेको छ, जसले स्थानीय जनतालाई आर्थिक रूपमा फरक पहुँच पनि प्रदान गर्दछ । पश्चिम रुकुमको राडीज्यूला क्षेत्र त्यहाको व्यापारिक केन्द्रको रुपमा विस्तार भएको छ जसले नागरिकहरुमा दैनिक उपभोग्य सामानहरुको पहुचमा सहजता ल्याएको छ भने रोजगारीको अवस्थामा पनि सुधार भएको छ । माओवादी जनयुद्धपछि सामाजिक समृद्धि र परिवर्तनले जनताबीच असहमति र समर्थनलाई सुदृढ गरेको पाईन्छ । नागरिकका सामाजिक असहमतिहरुलाई बैकल्पिक माध्यमबाट समाधानको बाटो प्रस्तुत गरेको पाईनछ भने एक अर्कोलाई समर्थन जनाउन सक्ने भावना विकास भएको छ ।*

स्थानीय जनप्रतिनिधीहरुका भनाईलाई विश्लेषण गर्दा त्यस क्षेत्रमा समाजिक समानता र समाजसेवामा बृद्धि भएको देखिन्छ । राजनीतिक रुपमा बदलाव, समृद्धि, विकास, शिक्षा र जागरुकता, व्यापार र रोजगारमा सुधार सामाजिक असहमति र समर्थनका विषयमा उल्लेख्य सुधार आएको पाईन्छ । तथापी पश्चिम रुकुममा यि सामाजिक परिवर्तन तथा बदलावले मात्र समाजको पुर्ण विकास हुन्छ भन्ने छैन । तर माओवादी जनयुद्ध पश्चात आठविसकोटमा आएको परिवर्तनलाई नजरअन्दाज भने गर्न सकिदैन ।

## ४.५ रुकुम पश्चिममा अन्तरजातीय विवाह :

रुकुम पश्चिमको आठविसकोट नगरपालिकामा केन्द्रित भई गरिएको यस अध्ययनमा मैले उत्तरदाताको रुपमा मुलतः जनयुद्धमा अन्तरजातीय विवाह गरेका जोडीहरुलाई नै छन् । तर पनि मेरो यस अध्ययनका उत्तरदाताहरु दुई प्रकारका रहेका छन् । एकखालको जोडीहरु जनयुद्धमा अन्तरजातीय विवाह गरेर त्यसलाई अहिले सम्म कायम राखेकाहरु छन् भने अर्को विभिन्न व्यक्तिगत, पारिवारिक, सामाजिक

अवरोध तथा अस्वीकृतिका कारण सम्बन्धविच्छेद एवं पारिवारिक विखण्डनमा पुगेकाहरु छन् । अध्ययनका क्रममा लिईएका केही अन्तरजातीय विवाहिता जोडीहरुसँगको अन्तरवार्तामा उनिहरु यस्तो सुनाउँछन् ।

*एक दम्पती शाह थरको केटी र नेपाली (दलित) थरको केटा, उनिहरुवीच अन्तरजातीय प्रेम विवाह भयो । हामीहरु भागेर सिधै घरमा आयौ, सुरुमा गह्रो भयो घर बाहिरै बस्नु पर्‍यो । आमा र दाईहरुले ९ १० महिना पछि स्वीकार गरे अर्थात बोलचाल गर्नुभयो तर बुवाले चाही धेरै बर्षपछि मात्र बोलचाल गर्नु भयो । आजभोली माईतमा त आउजाउ छ तर ठुलोबुवाहरुकोमा आउने जाने अझै छैन ।*

अन्तरजातीय विवाह समाज परिवर्तनको एउटा सशक्त माध्यम हो । यसले समाजमा जातीय असमानतालाई कम गर्छ । फरक फरक परिवारवीच एकताको गराउन सहयोग गर्दछ तर एक अर्कालाई स्वीकार्न सहज भने छैन । यि दम्पतीयको भोगाई सुन्दा समाज जातीयतको सवालमा अझै धेरै रुढीग्रस्त छ । ढिलो वा चाडो घरपरिवारका सदस्यहरुले अन्तरजातीय विवाह सम्बन्धलाई स्वीकार्लान तर छरछिमेक र समाजले स्वीकार्न निकै समय लाग्ने देखियो । जनयुद्धको क्रममा साँस्कृतिक रुपान्तरण अलि बढी भए पनि जनयुद्ध पश्चात समाज अझै करिब पहिलेकै अवस्थामा फर्केको देखिन्छ । त्यस्तै अर्को दम्पति यस्तो भन्नुहुन्छ,

*शान्ती प्रक्रिया पछि करिब २०६९ साल तिर हामीले भागेर विवाह गर्‍यौ । सुरुमा त एकदमै गाह्रो भयो, २/३ महिना सम्म आफ्नै घर भन्दा पनि बाहिर बस्नु पर्‍यो । ३/४ बर्ष सम्म पनि माईतिमा स्वीकारेनन् । माईतिलाई कोशेली लिने, सिन्दुर हाल्ने लगाएत अझै सम्म पनि विवाहको कुनै प्रक्रिया भएको छैन । माईतिमा आवतजावत सम्म मात्र भएको छ । म विहे गर्दाखेरी वेरोजगार थिए जुनबेला मलाई धेरै विभेद हुन्थ्यो, जब म जागिर गर्न थाले त्यसपछि मैले विभेद अलि कम भएको महशुस गरे ।*

अन्तरजातीय विवाहमा माईतिले स्वीकार्ने कुरामा बर्गले पनि केही भुमिका खेलेको देखिन्छ । माथिको घटनामा वेरोजगार हुदा माईतीले गर्ने व्यवहार र जागिर गर्न थालिसकेछि गर्ने व्यवहारमा धेरै भिन्नता पाईन्छ । उहाँले भने अनुसार अन्तरजातीय विवाहमा वर्गले ठुलो भुमिका निर्वाह गर्दछ । अर्थात आर्थिक रुपमा सम्मपन्न छ, पढेलेखेको छ भने करिब करिब घरपरिवार तथा समाजले स्वीकार्ने अवस्था रहन्छ तर गरिव छ, पढलेख छनै भने चाही अत्यन्तै गह्रो छ । त्यसैले अन्तरजातीय विवाहमा आत्मसम्मानको कमि देखिन्छ । एकजोडी उत्तरदाता (केटा जैसी र केटी ठकुरी) यस्तो भन्नुहुन्छ ;

*हामीले जनयुद्धको बेला जनवादी विवाह गर्‍यौ । विवाह सामान्य बत्ति बालेर, अविर माला लगाएर हामी दुई जनाको जोडीले पाटीलाई निरन्तरता दिनेछौ, पार्टीप्रति विस्वासघात गर्ने छैनौ, हाम्रो रगत र स्वास रहे सम्म पार्टी र हाम्रो सम्बन्धलाई धोका दिने छैनौ भन्ने प्रतिबद्धता गर्दै गरियो । माओवादी पार्टीमा रहुन्जेल त्यस्तो केही भएन तर शान्ति प्रक्रिया पछि घर गएर बस्दा माईतीले स्वीकारेनन् । संघर्ष गर्नु पर्‍यो । हामी सँगै २ जोडीले दलित गैह्रदलित विच अन्तरजातीय विवाह गरेका थिए । हामी भन्दा उनिहरुलाई धेरै असहज भएको सुन्थे ।*

माओवादी जनयुद्धले सामाजिक साँस्कृतिक रुपमा ल्याएको जनचेतनाले गर्दा त्यतिबेला अन्तरजातीय विवाहिताहरुले त्यस्तो असहज महशुस गर्नु परेन तर पछिल्लो चरणमा घरपरिवार तथा समाजमा समायोजन हुन निकै संघर्ष गर्नु परेको पाईन्छ । उत्तरदाताको भनाई अनुसार कथित उपल्लो जात भित्र एकअर्को जातमा विवाह गर्दा विभेद भोग्नु परेको देखिन्छ तर जुन हदसम्म दलित गैह्रदलित विचको सम्बन्धमा विभेद भोग्नु पर्छ त्यति चाही होईन । माओवादी जनयुद्धले समाजमा परिवर्तनको सुरुवात गरेको थियो भन्ने कुरा उत्तरदाताको पनि बुझाई देखिन्छ ।

### ४.६ अन्तरजातीय जनवादी विवाहिताहरुको सामाजिक/आर्थिक अवस्था :

नेपाल संघीय संरचनामा गईसके पछि रुकुम जिल्ला विभाजित भई रुकुम पुर्व र रुकुम पश्चिम गरी दुई जिल्लामा परिणत भएको हो । माओवादी जनयुद्ध, नेपालको इतिहासमा एक खालको विशिष्ट प्रभाव छाडेको एउटा ऐतिहासिक घटना हो । २०५२ साल फागुन १ गतेबाट सुरुवात भएको माओवादी जनयुद्ध २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलन पश्चात शान्ति प्रक्रियामा आई सम्झौतामा टुङ्गियो । माओवादी जनयुद्धको सुरुवात विन्दु त्यही रुकुम पश्चिम आठबिसकोट नगरपालिकाको राडीचौर हो । जुन मैले मेरो अध्ययनको लागि क्षेत्रकार्य गरेको छु ।

यो अनुसन्धान लुम्बिनी प्रदेशको रुकुम पश्चिम र जाजरकोट जिल्लामा आधारित भएर गरिएको छ । मुसिकोट खलङ्गा रुकुम पश्चिमको सदरमुकाम हो । २०६८ को जनगणना अनुसार रुकुम जिल्लाको कुल जनसंख्या २,०८,६६७ थियो । रुकुम जिल्ला बहुजातीय बसोबास भएको क्षेत्र हो । जहाँ जाती जनजातीका आधारमा निम्नानुसारको जनसंख्या विवरण रहेको पाईन्छ । जसमा क्षेत्री ९३, ८५७, मगर ४९,७४३, कामी ३२,९६५, ठकुरी ९,८८५, दमाई ७,४८०, ब्राह्मण ६,९१०, सार्की ३,०८६, दशनामी सन्यासी १२८४, नेवार ५८९ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

यस अध्ययनमा रुकुमका विभिन्न जातजातिका मानिसहरु प्रतिधित्व रहेको छ । विवाहिताहरु लाई उनिहरुको उमेर समूह, शिक्षा, लिङ्गका, पेशाका आधारमा वर्गिकरण गरी हेरिएको छ ।

**तालिका नं. ३**

### ४.६.१ उमेर अनुसार बर्गीकरण

| उमेर समूह | पुरुषको संख्या | महिलाको संख्या | जम्मा |
|---|---|---|---|
| १९-२३ | २ | २ | ४ |
| २४-२८ | २ | २ | ४ |
| २९-३३ | ४ | ३ | ७ |
| ३४-३८ | ३ | ५ | ८ |
| ३९-४३ | २ | ३ | ५ |
| ४३ भन्दा माथि | २ | १ | ३ |
| जम्मा | १५ | १६ | ३१ |

माथिको तालिकाबाट उत्तरदाताहरुको उमेर समूह ३४-३८ का ८ जना सबैभन्दा बढी छन् । ३४-३८ बर्ष उमेर समूहका उत्तरदाताहरु (८) जनाको तुलनामा ४३ बर्ष भन्दा माथि उमेर समूहका उत्तरदाताहरु ३) जना एकदमै न्यून हो ।  यहाँ (२९-३३) बर्ष उमेर समूहका उत्तरदाताहरु (७) जना रहेका छन् । (३९-४३) बर्ष उमेर समूहको उत्तरदाताहरु (५) जना, (१९-२३) बर्ष उमेर समूह र (२४-२८) बर्ष उमेर समूहका उत्तरदाताहरु बराबर (४/४) जना रहेका छन् ।

यसबाट के स्पष्ट हुन्छ भने अन्तरजातीय विवाहलाई उनिहरुको उमेरले खास प्रभाव नपार्ने देखिन्छ किनकी उमेर अनुसारको बर्गिकरणलाई हेर्दा सबैभन्दा बढी ३४-३८ बर्ष उमेर समुहका युवायुवतीहरु देखिन्छन । त्यसैले उमेरले अन्तरजातीय जनवादी विवाहलाई धेरै फरक पारेको देखिदैन ।

**तालिका नं. ४**

**४.६.२ शिक्षाको आधारमा बर्गीकरण**

| शिक्षा | पुरुषको संख्या | महिलाको संख्या | जम्मा |
|---|---|---|---|
| निरक्षर | १ | ३ | ४ |
| साक्षर | ३ | ५ | ८ |
| आधारभूत | ४ | ३ | ७ |
| माद्यामिक | २ | ५ | ७ |
| स्नातक | ३ | - | ३ |
| स्नातकोत्तर | २ | - | २ |
| जम्मा | १५ | १६ | ३१ |

यस तालिकाबाट उत्तरदाताको शैक्षिक अवस्था सबैभन्दा बढी आधारभूत तह र माध्यामिक तहमा (७+७ = १४) जना रहेको देखिन्छ, जुन अधिकतम संख्या हो । आधारभूत तह र माद्यामिक तहको तुलनामा स्नातकोत्तर धेरै कम हो । निरक्षर (४) र स्नातक, स्नातकोत्तर(३+२=५) उस्तै उस्तै संख्यामा देखिन्छन् । साक्षरहरुको संख्या ८ जना रहेको छ । भौगोलिक हिसावले विकट पहाडी जिल्ला भएकोले यहाँ पुर्ण रुपमा साक्षर देखिदैनन् । त्यसैले उत्तरदाताहरुको शैक्षिक स्तरले अन्तरजातीय जनवादी विवाहलाई प्रत्येक्ष प्रभाव पारेको देखिन्छ ।

**तालिका नं. ५**

**४.६.३ पेशाको आधारमा**

| पेशा समूह | पुरुषको संख्या | महिलाको संख्या | जम्मा |
|---|---|---|---|
| गृहणी | | ४ | ४ |
| कृर्षि | ४ | ४ | ८ |
| व्यापार | २ | ३ | ५ |
| सरकारी जागिर | २ | | २ |
| शिक्षण | ३ | १ | ४ |
| राजनीति | १ | १ | २ |
| जम्मा | १२ | १३ | २५ |

माथिको तालिकाबाट उत्तरदाताको पेशा व्यवसायलाई हेर्दा, सामान्य कृषि गरेर जीवन निर्वाह गर्ने (८) जना देखिन्छन् । सवैभन्दा कम उत्तरदाताहरु राजनीति गर्नेहरु र सरकारी जागिर (२/२) जना देखिन्छन् । यसले सरकारी सेवामा त्यहाका नागरिकहरुको उपस्थिती न्यून रहेको संकेत गर्दछ । सरकारी सेवामा प्रवेशदर बढाउनु पर्ने आवश्यकता रहेको छ । त्यस्तै व्यापारमा (५) जना, गृहणी र शिक्षण पेशामा बराबर (४/४) जना छन् । व्यवसायिक कृर्षि गर्न सकिरहेका छैनन् तर पनि निर्वाहमुखि कृर्षि प्रणाली अपनाएको दखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने धेरै जसो मान्छेहरुको जीवीकोपार्जनको माध्याम सामान्य कृर्षि पेशा नै हो ।

**तालिका नं. ६**

### ४.६.४ माओवादी जनयुद्धमा संलग्नताको अबस्था

| उमेर समूह | पुरुषको संख्या | महिलाको संख्या | जम्मा |
|---|---|---|---|
| १४-१८ | १ | | १ |
| १९-२३ | ३ | २ | ५ |
| २४-२८ | २ | ३ | ५ |
| २९-३३ | ५ | ४ | ९ |
| ३४-३८ | ४ | २ | ६ |
| ३९-४३ | २ | २ | ४ |
| ४३ भन्दा माथि | १७ | १४ | ३१ |

यस तालिकाबाट उत्तरदाताहरुको माओवादी जनयुद्धमा संलग्नताको अवस्थालाई हेर्दा सबैभन्दा बढी १९ देखि ३३ बर्ष उमेरका युवायुवतीहरु (५जना पुरुष ४जना महिला) संलग्न रहेको देखिन्छ, जुन अधिकतम संख्या हो । उमेर समुहको आधारमा हेर्दा सबै भन्दा कम १४ देखि १८ बर्षका रहेका छन् । १९ देखि २३ र २४ देखि २८ बर्ष उमेरका युवायुवतीहरुको संलग्नता उस्तै उस्तै संख्यामा देखिन्छन् । यसबाट के देखिन्छ भने पश्चिम रुकुमको आठविसकोट नगरपालिका र आसपासका पालिकाहरुमा माओवादी जनयुद्धमा युवा देखि बृद्ध सम्म उत्साहजनक सहभागिता रहेको थियो । उनिहरु जनयुद्धमा स्वत स्फुर्त रुपमा परिवर्तनका लागि सामेल भएका थिए ।

**तालिका नं. ७**

**४.६.५ जातको आधारमा**

| जात | श्रीमान् संख्या | श्रीमतीको संख्या | जम्मा |
|---|---|---|---|
| विश्वकर्मा | १ | २ | ३ |
| परियार | ४ | | ४ |
| जनजाती | २ | १ | ३ |
| क्षेत्री | ५ | ८ | १३ |
| बहुन | | १ | १ |
| जम्मा | १२ | १२ | २४ |

माथिको तालिका हेर्दा अन्तरजातीय जनवादी विवाह गर्नेहरु मध्य सबैभन्दा बढी क्षेत्रीहरुको सहभागिता रहेको देखिन्छ । बाहुन, जनजाती, दलितको तुलनामा क्षेत्रि महिलाहरु अन्तरजातीय जनवादी विवाह गर्नेमा बढी सहभागी छन् । १३ जना क्षेत्रीहरु अन्य जातजाती समूह भन्दा बढी हुन आउछ । दोस्रो स्थानमा दलितहरु छन् जम्मा ७ जनामा महिला २ जना र पुरुष ५ जना छन् । तेस्रो स्थानमा जनजाति समूह देखिन्छ, जम्मा ३ मा १ जना महिला र २ जना परुष छन् । त्यस्तै चौथो स्थानमा बहनु जसमा १ जना महिलाले मात्र अन्तरजातीय जनवादी विवाह गरेको पाईन्छ ।

## ४.७ रुकुममा पश्चिम अन्तरजातीय विवाह र माओवादी जनयुद्धको प्रभाव

माओवादी जनयद्धले अन्तरजातीय, जनवादी तथा प्रगतिशिल विवाहलाई एउटा अवस्थामा पुर्‍याएको थियो । जनयुद्धको बेलामा धेरैजसो अन्तरजातीय जनवादी विवाह सामान्य जस्तो भएको थियो । जनयुद्धमा डब्लु. टी. भएर लागेका नेता कार्यकर्ताहरु विच विवाह हुदा त पुर्णरुपमा जनवादी अथवा प्रगतिशिल विवाहको नै अभ्यास गरिन्थ्यो । माओवादीको पकडक्षेत्र भएका आधार इलाकामा अन्य मान्छेहरुले पनि धेरैजसो प्रगतिशिल विवाह नै गर्ने अभ्यास थियो । ब्राह्मणको उपस्थिती विना र समय तथा पैशाको एकदमै न्यून खर्चमा पनि विवाह गर्न सकिन्छ भन्ने सँस्कार त्यसबेला थियो । जातीय सिमारेखाहरु धुमिल हुदै गएका थिए । विवाहको लागि कुनै जातीय बन्धन थिएन । नेताकार्यकर्ताहरु विच अन्तरजातीय विवाहको अभ्यास पनि गरिन्थ्यो । एक किसिमले भन्ने हो भने प्रगतिशिल बन्ने नाममा अन्तरजातीय विवाहको त प्रतिश्पर्धा नै चलेको थियो । यसरी हेर्दा जनयुद्धले अन्तरजातीय, जनवादी तथा प्रगतिशिल विवाहलाई राम्ररी प्रभावित गरेको थियो ।

माओवादी जनयुद्धको आधार इलाका नै भएकाले यहा जनयुद्धको निकै प्रभाव रहेको देखिन्छ । यसले गर्दा रुकुम पश्चिम आसपासका जिल्लाहरुमा पनि जनयुद्धले राम्ररी प्रभावित गर्‍यो । यहा हुने माओवादी प्रशिक्षणले जनताहरुमा सवै खालका उत्पीडन, शोषण, दमन विरुद्ध बिद्रोहभाव जागृत भएको थियो । असमान तथा सामन्ती राज्यव्यवस्थाले जवरजस्त लादेको असमानता तथा सवैखाले भेदभावलाई जरैदेखि उखेल्नु र नयाँ खालको जनवादी व्यवस्था ल्याउन न्याय र मुक्तिको युद्ध लड्नु पर्छ भन्ने जोस जाँगर र हौसला जनतामा थियो । मृत्यु वा मुक्ति भनेर जिन्दगीलाई मृत्युको अग्निकुण्डमा होम्दै मुक्तिको लडाई होमिन तयार भए । उनिहरुसँग राज्यसत्ताका सुरक्षा निकायबाट कसरी लुक्ने, कसरी भाग्ने भन्ने आइडिया थियो, साहस थियो । यतिसम्म कि दुस्मनको हातको राइफल खोसेर उनिहरुलाई नै ताक्न समेत पछि हट्दैनथ्ये । यसले समाजको सामाजिक, साँस्कृतिक शैक्षिक तथा राजनीतिक क्षेत्रमा निकै ठुलो प्रभाव छोड्यो । सामाजिक रुपमा मान्दै आएका कुरितीहरुलाई निरुत्साहन गर्‍यो । साँस्कृतिक विकृति विसंगतीहरु त्यतिवेला निशेध नै भए । शिक्षा प्रणालीमा एउटा नयाँ बहसको सुरुवात भयो । विभिन्न ठाउँहरुमा नमुना विद्यालय नै खोलेर जनवादी शिक्षाका अभ्यास भए । राजनीतिक रुपमा जनतामा नयाँ खालको सोचको विकास भयो । समान्य नागरिकहरु पनि आफ्नो अधिकारको लागि भन्न बोल्ल नहिचकिचाउने अवस्थामा पुगे । सामुहिकताको भावना विकासका लागि विभिन्न कम्यूनहरु वनाई अभ्यास गरे । यस्ता तमाम कुराहरुमा जनयुद्धले निकै प्रभाव छाडेको थियो ।

## ४.८ रुकुम पश्चिमको सामाजिक परिवेश

सामाजिक रुपमा पश्चिम रुकुम विविधतायुक्त समाज भएको ठाउँ हो । यहाँ विभिन्न जातजाति, भाषाभाषीका मानिसहरुको बसोवास रहेको छ । पश्चिम रुकुम जिल्ला नेपालको कर्णाली प्रदेशमा अवस्थित एक पहाडी जिल्ला हो । यो जिल्ला प्रदेशका १० जिल्लाहरू मध्ये एक हो । जिल्लाको सदरमुकाम मुसिकोट हो । औपचारिक रूपले पश्चिमी रुकुम जिल्ला रुकुम जिल्लाकै एक भाग थियो । असोज २०७२ मा, राज्यले प्रशासनिक विभाजनको पुनर्निर्माण गरेपछि रुकुम र पूर्वी रुकुम गरि दुई जिल्लामा विभाजन गरिएको थियो ।

पश्चिम रुकुम जिल्लाको कुल क्षेत्रफल १,२१३.४९ वर्ग किलोमिटर (४६८.५३ वर्ग माइल) रहेको छ भने यस जिल्लाको कुल जनसंख्या २०७८ को जनगणना अनुसार १,६६,७४० रहेको छ । पश्चिम पहाडी क्षेत्रमा अवस्थित रुकुम पश्चिम पहाडी जिल्ला हो । यो जिल्लामा धेरै उपत्यकाहरू छन् ।

यसको सिमाना पाँच जिल्लासँग जोडिएको छ। लुम्बिनी प्रदेशको पूर्वी रुकुम र रोल्पा पूर्वमा, दक्षिणमा सल्यान, पश्चिममा जाजरकोट र उत्तरतर्फ डोल्पा रहेको छ।

नेपालको २०७८ को जनगणनामा रुकुम पश्चिमको जनसंख्या १,६६,७४० जसमा महिला ८१०९१ र महिला ८५६४९ रहेको थियो । क्षेत्रीहरू यस जिल्लाको मुख्य जातीय समूहहरू हुन् भने अन्य जातीहरुमा कामी, मगर, ठाकुरी, बाहुन तथा अन्य खस दलित, दमाई र सार्कीहरु रहेका छन्। यहाँका ९९.३% जनसंख्याले नेपाली भाषा बोल्दछन्। यहाँ विशेषगरी धार्मिक रुपमा हिन्दु, बौद्ध, क्रिश्चियन र इस्लाम धर्म मान्ने मानिसहरुको बसोवास रहेको छ।

रुकुम पश्चिममा अन्तरजातीय विवाहहरु पहिले देखि नै हुने गरेको पाईयो तर माओवादी जनयुद्धको दौरानमा त्यहाँको सामाजिक परिवेशले अन्तरजातीय, जनवादी तथा प्रगतिशिल विवाहहरु उल्लेख्य मात्रामा भए। समाज रुपान्तरणको तिब्र अभिलाशा सहित अभ्यास गरिएका अन्तरजातीय, जनवादी तथा प्रगतिशिल विवाहहरुले त्यहाँको सामाजिक परिवेशलाई प्रत्येक्ष प्रभाव छाडेको छ।

मेरो अनसन्धानका उत्तरदाताहरु खासगरी तीन किसिमका छन् । जसमा ५ जोडी उत्तरदाताहरु अन्तरजातीय जनवादी विवाह गरेका, ४ जोडी उत्तरदाताहरु अन्तरजातीय विवाह गरेका र ३ जोडी उत्तरदाताहरु जनवादी विवाह गरेका वाला छन् । यी तीन प्रकृतिका उत्तरदाताहरुको बैवाहिक सम्बन्धमा देखिएका मुख्य भिन्नताहरुमा खास गरी अन्तरजातीय जनवादी विवाह गरेका दम्पत्तीहरुको आर्थिक, सामाजिक साँस्कृतिक रुपमा स्पष्ट धारणा रहेको पाईन्छ। उनिहरु उनिहरुको विवाह अभ्यास एकदमै मितव्ययी, तामझाम लगभग सुन्य, आवद्ध पार्टी प्रतिको दृढ आस्था, समान्य फुलमाला र अविरले सफत लिदै विवाह गर्ने गरेको पाईयो । अर्को प्रकृतिका उत्तरदाताहरु जसले अन्तरजातीय विवाह गरेका छन् तिनिहरुले सुरुमा अत्यन्त संघर्ष गर्नु परेको देखियो । विस्तारै विस्तारै उनिहरु घरपरिवारमा समायोजन हुदै गएको देखिन्छ। समाजमा समायोजन हुन उनिहरुलाई धेरै संघर्ष गर्नु परेको छ। अन्तरजातीय विवाह गरेका मध्ये केही जोडीको भने सम्बन्ध विच्छेद सम्म पुगेको पाईयो । अर्को प्रकृतिका उत्तरदाताहरु जसले खाली जनवादी विवाह मात्र गरेका छन् उनिहरुमा भने त्यस्तो समस्या देखिदैन। उनिहरुले समाजमा हुने तडकभडक भन्दा पनि अलि क्रान्तीकरीपनले विवाह गरेको पाईन्छ। खर्चमा मितव्ययी, विवाह गर्ने प्रचलन प्रगतिशिल, विना पण्डित विवाह गर्ने गरेको पाईयो । उनिहरुको बैवाहिक सम्बन्ध दिगो र टिकाउ देखिन्छ।

# परिच्छेद–पाँच

## अन्तरजातीय विवाहको वर्तमान अवस्था र दिगोपना

यस परिच्छेद अन्तरगत अध्ययन क्षेत्रमा माओवादी जनयुद्धका क्रममा अन्तरजातीय विवाह गरेका १२ वटा जोडीहरु: (जसमा ५ जोडी अन्तरजातीय जनवादी विवाह, ४ जोडी अन्तरजातीय विवाह र ३ जोडी जनवादी विवाह) लाई लिइएको छ। ती दम्पतीहरुको बर्तमान कस्तो छ, अन्तरजातीय विवाहका सम्बन्धहरु कत्तिको दिगो बने वा बनेनन्, शान्ति प्रक्रियामा आउनु अघि र पछि तिनिहरुका बैवाहिक सम्बन्धमा के कस्ता उतारचढावहरु आए, घरपरिवार र समाजले कुन हदसम्म स्वीकार गर्‍यो वा गरेनन् भन्ने विषयमा सम्बन्धित रहेर छलफल गरिएको छ। एक जोडी उत्तरदाताका अनुसार,

> *हामीले अन्तरजातीय प्रेम विवाह गरेउ। यता पोईली घरतिर राम्रै छ तर माईतीमा १/२ बर्ष सम्म आउजाउ कुनै सम्बन्ध भएन। स्कुल पढ्दा देखि नै माओवादी पार्टीका विचार राम्रो लाग्थ्यो त्यसैले पार्टी प्रति आस्था पहिले देखिनै थियो। पछि त्यस्तै २०६० साल तिर बाट पार्टीमा लागेउ। पार्टीका विचार व्यवहारहरु सबै रामै लाग्थ्यो त्यसैले भित्रबाट आस्था भएर आफै लागेका हौं। अहिले हामी ४ जनाको परिवार छौ र जिविकोपार्जनको लागि सानो तिनो व्यवसाय टर्की पालन, बाखा पालन र भैसी पालन गरीरहेका छौं।*

जनयुद्धले सामाजिक साँस्कृतिक रुपान्त्रणमा महत्वपुर्ण योगदान खेलेपनि जनयुद्धमा सहभागिहरुको आर्थिक अवस्था त्यति राम्रो भएको पाईदैन। उनिहरु अहिले जिविकोपार्जनको लागि विभिन्न खाले आर्थिक संघर्ष गर्नु परिरहेको देखिन्छ। अहिले उनिहरु कोही व्यापार कोही उद्यम कोही सिलाईकटाइ सिप सिकी जिविकोपार्जन गरिरहेको देखिन्छ। त्यसैले उनिहरुको जीवनस्तर उकास्नमा त्यस्तो खास तात्विक भिन्नता ल्याएको पाईदैन।

नेपाली समाजमा अन्तरजातीय विवाहले सामाजिक विचलन ल्याउछ भन्ने परम्परागत सामाजिक मान्यताले सजातीय विवाह अभ्यासमा छ भने अन्तरजातीय विवाहमा विभिन्न बाधा अवरोधहरु सिर्जना गरिएका छन् (युवराज लुइटेल, २०१८)। पश्चिम रुकुमको आठविसकोट र आसपासमा पनि सामाजिक अवरोधका बावजुद उल्लेख्य मात्रामा अन्तरजाती विवाह अभ्यासमा छन्। स्थलगत भ्रमणका क्रममा नमुना अन्तरवार्ताका रुपमा लिइएका १२ जोडी दम्पतीहरु मध्ये ९ दम्पतीहरुको अन्तरजातीय विवाह छ। इलियासले समाजको संरचनात्मक परिवर्तनलाई केन्द्रविन्दुमा राखेर सामाजिक परिवर्तनलाई हेर्ने गर्दछन्। प्रतिकात्मक परिवर्तन (Figurational change) मा विश्वास गर्दछन्। जसले मनोवैज्ञानिक परिवर्तनहरू कुन सामाजिक प्रक्रियाद्धारा हुन्छन् भनेर चरणबद्ध तरिकाले अध्ययन गर्दछ। जुनकुरा लामो समयको अध्ययनले मात्र पत्ता लाग्दछ (इलियास, १९९४)।

## ५.१ अनुलोम अन्तरजातीय विवाह स्वीकृतिको प्रकृति

यस शिर्षक अन्तरगत अनुलोम अन्तरजातीय विवाह स्वीकार्यताको अवस्था कस्तो छ भन्ने विषयमा विश्लेषणात्मक अध्ययन गरिएको छ । कुन जातीय परिवार अन्तरगत पर्दछन्, ती दम्पतीहरुलाई धन सम्पत्ति र जग्गा जमिन दिन स्वीकाछन् कि स्वीकार्दैनन्, सामाजिक रुपमा कत्तिको विभेद अनुभव गरेका छन् र समयसँगै पारिवारिक सम्बन्धमा के कस्तो सुधार आएको छ । जस अन्तरगत कथित माथिल्लो जातको केटा र तल्लो जातको केटीवीच विवाह हुदा केटीलाई घरको बुहारीको रुपमा स्वीकार गर्न कत्तिको सहज हुन्छ र केटालाई ज्वाई स्वीकार गर्न कत्तिको सहज वातावरण सिर्जना हुन्छ भनि विश्लेषण गर्दा केटीलाई बुहारी स्वीकार्न जति असहज छ, केटालाई ज्वाई स्वीकार्न कुनै प्रकारको असहजता छैन ।

यहाँ अनुलोम विवाहमा श्रीमानको परिवारले एउटै घरमा बस्न दिनु भन्दा पनि सम्पत्ति बाडेर अलग बस्न विकल्प दिन्छन् भन्ने कुरा खोज गरिएको छ । सम्पत्ती बाड्ने कुरामा पनि श्रीमान्ले कत्तिको आफ्नो कुरा स्पष्ट राख्न सक्छ, कत्तिको दबाव सिर्जना गर्न सक्छ भन्ने कुरामा भर पर्छ । सम्पत्ती मागे पछि मात्र बाड्ने नत्र वास्तै नगरी यत्तिकै टार्ने र परिवारको अंश हो भन्ने कुरा नै नगर्ने खालको व्यवहार गर्छन । ब्राह्मण, क्षेत्रीहरुले जातीय मुल्य मान्यता तथा नियमहरु कडाका साथ पालना गर्छन । यति सम्म की घर भित्र प्रवेश गर्नमै रोक लगाउछन् तर प्रत्येक अन्तरजातीय विवाहमा दलित बुहारीलाई अस्वीकार गर्दछन् । यद्यपी माओवादी जनयुद्धमा भने जनतामा आएको चेतना र माओवादी आन्दोलनका कारणले कसैको जात थर सोधेनन् । केही उत्तरदाताहरुलाई सोध्दा हामीले त्यो बेलामा कुनै विभेदको महशुस नै नगरेको बताए । केही दम्पत्तीहरुले श्रीमान्को परिवार र नातागोताबाट सामाजिक दवाब भोग्नु परेको बताए । तिनीहरुले श्रीमान् श्रीमतीको सम्बन्ध छुटाउन सबै प्रकारको बल बुद्धि प्रयोग गरे । केहि गरि छुटाउन नसकेपछि ती दम्पतिहरुलाई नै अस्वीकार गरे । ती दम्पतीहरुको परिवार तथा नातागोतामा कुनै प्रकारको सम्बन्ध हुदैन । परिवारीक घटना, कार्यक्रममा, चाडवाड, उत्सबहरुमा निमन्त्रणा गरिदैन । तर अन्तरजातीय विवाहमा पारिवारिक एकता तथा सामिप्यताको एउटा माध्याम भनेको बच्चाबच्चीको जन्म हो । बच्चा जन्मिसकेपछि परिवारका सदस्यहरुले कम्तिमा सम्बन्ध राख्न थाल्दछन् । धेरैजसो उत्तरदाताहरुले बच्चा जन्मिसकेपछि नाती, नातीनी, भतिजा, भतिजिहरुको मायाले हजुरबा, हजुरआमा, काका, काकीहरुको मन जित्ने भएकाले श्रीमान् तिरको परिवारसँग सम्बन्ध सुधिन थालेको बताए तर दलित बुहारीको माईती तर्फका

परिवारका सदस्यहरुसँगको सामिप्यता देखिदैन । केही घटनाहरुमा बुहारीको घरको आर्थिक स्थिती र शिक्षाले केही हदसम्म भुमिका खेलेको देखिन्छ । यहा केही उत्तरदाताहरुको भोगाईलाई हेरौ :

*हामीहरुको परिवारमा जातीय भेदभावका विषयमा अलि चेतनास्तर उठिसकेको हुनाले त्यती प्रत्यक्ष रुपमा त भेदभाव भएन तर अप्रत्येक्ष रुपमा भेदभाव भएको एउटा घटना सुनाउन चाहन्छु । कुल पुजाको समय थियो, हाम्रोमा कुल पुज्ने ठाउँमा करिब १२०/२५ घर परिवार हुन्छन । त्यतीबेला के गरे भन्दा एकै ठाउँमा थान (मन्दिर) बनाएर पुजा गर्ने चलन थियो । त्या पुजा गर्ने बेला मैले विवाह गरेको साल थियो त्यो पुजा जेठको महिनामा हुन्थ्यो । मष्टो पुज्ने भन्ने । त्यतिखेर परिवारका कोही पनि उपस्थित भएनन् त्यो ठाउँमा, कुनै सूचना पनि भएन । यो कारणले उपस्थित भएनौ भनेर पनि कसैले भनेन ।*

उनिहरुका अनुसार, यस्तो किन भयो भनेर यसो मानिसहरुलाई फोन गरेर बुझ्दा खेरी उनिहरुले भन्न थाले की अब हामी आफ्नो आफ्नो ठाउँमा पुजा गरौ किनकी हामी आफ्नै आफ्नै परम्परामा छौ, उनलाई इङ्गीत गर्दै फलानोले दुःख नमानुन् । यो समाज नै यस्तै छ भन्दै फोन गरेर यताउता कुरा गर्दै त्यो ठाउँमा उपस्थित भएनन् दाजुभाईहरु । अब यसलाई प्रत्यक्ष भन्ने की अप्रत्येक्ष । उनलाई लाग्छ यो त प्रत्येक्ष विभेद नै हो । त्यहानेर सामुहिक रुपमै भाई पट्टिकाले अस्वीकार गरेको देखियो । उनिहरुले कुनै अपशब्द नबोली सकारात्मक ढङ्गले कडा प्रतिवाद गरेको देखियो । यसरी कुल पुजामै मलाई छुट्याउदा यो सबै कुरा उनले अन्तरजातीय विवाह गरेकै कारणले हो भन्ने महशुस भयो । त्यसैले अन्तरजातीय विवाहमा घरपरिवारले स्वीकारे पनि समाजले स्वीकार्न निकै समय लाग्ने देखिन्छ । समाज रुपान्त्रणका लागि यो मात्रै पर्याप्त छैन अझै धेरै कुरा गर्न बाकी देखिन्छ । त्यस्तै अर्को उत्तरदाता यस्तो भन्नुहुन्छ,

*हामीहरु वीच जनयुद्धकै क्रममा प्रगतीशिल प्रेम विवाह भएको हो । विवाह भएको केही बर्ष सम्म हाम्रो सम्बन्ध राम्रै थियो । हाम्रो दुई वटा सन्तान भए, सबै ठिकठाक चलिरहेकै थियो । घरपरिवारले पनि कुनै नराम्रो व्यवहार गरेका थिएनन् तर मेरो श्रीमान् एक्कासी अर्को विवाह गर्नु भयो । सबै कुरा ठिकठाक हुदाहुदै यसरी अर्को विवाह गर्नुको पछाडीको मुख्य कारण जात नै हो भन्ने लाग्छ । पहिले त यस्तो लागेको थिएन अनि मैले भन्ने गर्थ्ये तैले हाम्रो जात नमिलेकै कारण यस्तो गरिस नत्र मेरो के समस्या कमजोरी थियो भन । कि ममा के समस्या छ भन्नु पर्‍यो होईन भने के कारणले अर्को विवाह गरेको हो भनेर भन्दा खेरी उसले भन्थ्यो त्यस्तो होईन, मान्छेहरु मलाई अन्तरजातीय भएकाले हो भन्ने दोष त लगाउलान त्यो तलाई खाली उचाल्ने काम मात्र हो । यसमा जातको कारणले केही होईन । तर मलाई विस्वास लाग्दैन यो सबै कुरा जातकै कारणले हो ।*

यी माथिका उत्तरदाताहरुका अनभव तथा भोगाईहरुलाई हर्दा अनुलोम विवाहमा अन्तुरजातीय बैवाहिक सम्बन्धहरुका सुरुवाती चरणहरुमा थुप्रै कठिनाईहरु भोग्दै सन्तान जन्मिसके पछि विस्तारै अलि सहज

भएका पाईन्छन भने केहीको चाही सम्बन्ध विच्छेद सम्म पुगेको पाईएको छ । कम्तिमा अन्तरजातीय विवाह गर्ने साहस भएको छ । यो अवस्था पहिलेको भन्दा धेरै प्रगतिशिल छ । पहिले पहिले पनि अन्तरजातीय विवाहहरु नभएकै त होईन तर एकदमै नगण्य मात्रामा रहेको देखिन्छ । विवाह भइहाले पनि सामाजिक साँस्कृतिक रुपमा बहिस्कार हुनु पर्थ्यो, अपमान असाध्यै सहनु पर्थ्यो, कुटपिट त्यतिकै मात्रामा हुन्थ्यो । अन्तरजातीय बैवाहिक सम्बन्धहरु टिक्नै गाह्रो पर्थ्यो । अहिले त्यो अपमान, दुख, कष्ट पिडाको मात्रामा धेरै सुधार तथा कमि आएको पाईन्छ । यसो हुनुमा माओवादी जनयुद्धले मुख्य भुमिका खेलेको छ ।

## ५.२ जातीयताका आधारमा अनुलोम अन्तरजातीय विवाहलाई अभिभावकको स्वीकृतीको अवस्थामा विभिन्नता

अनुलोम विवाहमा पनि जात अनुसार अभिभावकहरुको स्वीकृतिमा विभिन्नता रहेको देखिन्छ । रुकुम पश्चिममा प्रत्येक्ष क्षेत्र भ्रमणका क्रममा केहि उत्तरदाताहरुसँगको कुराकानीको आधारमा भन्न सकिन्छ की दलित केटी र गैह्रदलित केटावीचको बैवाहिक सम्बन्धलाई स्वीकार्न जति असहज छ गैह्रदलित भित्रकै कथित तल्लो र माथिल्लो जातमा हुने बैवाहिक सम्बन्धलाई स्वीकार्न त्यति असहज छैन । यस अध्ययनको एक दम्पती (मगर थरकी केटी र क्षेत्री थरको केटा) अनुभव,

> *हाम्रो विहे भएको १७ बर्ष जती भयो । विहे गर्दा हाम्रो उमेर १७/१८ बर्ष थियो होला । हामीहरुको उमेर त्यस्तै २ बर्ष जतिको अन्तर छ । उमेर, शिक्षा, धनि, गरिबले खासै त्यस्तो फरक पार्दैन । माया, प्रेममा यस्ता कुराले अर्थ राख्दैन जस्तो लाग्छ । मैले मेरो बैवाहिक सम्बन्धमा कुनै खालको विभेद भोग्नु परेको छैन । घरको दैनिक पुजाआजा, कुलपुजा, कामकाजमा केही भेदभाव छैन । माईती तथा ससुरालीका परिवार सँग सम्बन्ध रामै छ । आउजाउ राम्रो सँग हुन्छ ।*

यहाँ यि दम्पतिहरुलाई जसरी बैवाहिक सम्बन्धमा कुनै प्रकारको रोकतोक छैन त्यस्तो दलित गैह्रदलितविचको अन्तरजातीय विवाहमा हुदैन । उनिहरुलाई शिक्षा, धन सम्पत्ति उमेरले फरक पारेन अर्थात भनौ उनिहरुको प्रेममा यि कुराको कुनै महत्व रहेन । यदि यहाँ दलित गैह्रदलित विचको अन्तरजातीय विवाह हुन्थ्यो भने त्यहा जातको कुरा आउथ्यो, धन सम्पत्तिको कुरा आउथ्यो, शिक्षाको कुराको र उमेरको कुरा प्रमुख भएर आउथ्यो । यति सम्मकी उमेरको बाहना बनाई कानूनी प्रक्रिया मा समेत पुग्न पछि पर्दैनथे । त्यसैले अन्तरजातीय विवाहलाई अझै पनि समाजका सहज वातावरण छैन । यसकुरामा माओवादी जनयुद्धले जुन खालको भुमिका निवाह गरेको थियो त्यो आफैमा एक महत्वपुर्ण थियो । समाज रुपान्तरणको एक सशक्त माध्यम माओवादी जनयुद्ध हो र यसले सामाजिक

रुपमान्तरणका विभिन्न पाटाहरुलाई केलाउदै हस्तक्षेपकारी भुमिका निर्वाह गरेको पाईन्छ । अर्को दम्पतीको अनुभव,

> दलित थरकी केटी र क्षेत्री (सिँह) थरको केटा । *विवाह गर्दा हाम्रो उमेर १७ बर्ष जती थियो हाम्रो उमेरमा २/३ बर्षको अन्तर छ । हामीहरु विच प्रेम विवाह भयो । हामी दुवै जना जनयुद्धमा आवद्ध थियौ । हामी दुई विच सम्बन्ध लामो समय सम्म टिक्न सकेन । उसले आफ्नै थरको केटी सँग अर्को विवाह गर्‍यो । यसरी अर्को विवाह गर्नु पर्ने अरु कुनै कारण थिएन, कारण थियो त एउटै मात्र जात फरक थियो । मलाई लाग्छ की उसले अर्को विवाह गर्नुमा हामीवीचको अन्तरजातीय विवाह नै मुख्य कारण हो ।*

यहा के देखिन्छ भन्दा जनयुद्धमा हुदै गर्दा पनि उनिहरुको बैवाहिक सम्बन्ध टिक्न सकेन । किनकी यो विवाह दलित र गैह्रदलित विचको अन्तरजातीय विवाह थियो । विभिन्न अध्ययनले भन्छ कि, अन्तरजातीय विवाहले सामाजिक अन्तरघुलन गर्छ, एक अर्काको भाषा संस्कृतिको विकासमा सहयोग गर्छ, जातीय भेदभावलाई कम गर्छ तर यहाँ जातकै कारणले अन्तरजातीय बैवाहिक सम्बन्धहरु सम्बन्धविच्छेद सम्म पुग्छन् । त्यसैले सिद्धान्त र वास्तविक व्यवहारिक जीवन फरक देखिन्छ । अन्तरजातीय विवाहका फरक फरक आरोह अवरोहहरु छन् जसलाई यी घटनाहरुले पुष्टि गर्छ । उनले अर्को विवाह गर्नु पर्ने कुनै कारण थिएन । उनमा कुनै समस्या थिएन, केही थियो भने उनि दलित थरकी केटी थिईन् । त्यसैले अन्तरजातीय विवाहमा जातव्यवस्थाले निकै लामो समय देखि जरा गाडेर बसेको छ । यो माओवादी जनयुद्धको वेलामा अलि तरल भएको थियो, विडम्बना माओवादी जनयुद्ध नै एउटा सम्झौतामा गएर टुङ्गिएपछि फेरी उहि रुपमा समाजमा जातव्यवस्थाले मान्यता पायो । त्यस्तै अर्को दम्पत्ति (दलित थरको केटा र क्षेत्री थरकी केटी) को अनुभव,

> *हामीहरु भागेर विवाह गरेर सिधै घर आयौ सुरुमा त ४/५बाहिर नै बस्नु पर्‍यो साह्रै गाह्रो भयो । दाईहरु सँग यस्तै ९/१० महिना पछि मात्र बोलचाल भयो । बुवाले धेरै समय सम्म स्वीकार्नु भएन, आमाले चाही अलि चाडो स्वीकार्नु भयो । अहिले जुवाई ससुराली जाँदा कुनै भेदभाव छैन । वरपरको समाज अनि ठूलो बुवाहरु टाढै हुनुहुन्छ । माईतीमा हाम्रो घर मात्रै हो । बुवाहरु माथितिर छन् त्यहाँ हामी जादैनौ, उनिहरु पनि आउदैनन् । घरमा आएपछि एकतर्फी मात्र विवाह गरेउ तर माईती तिरका सानासाना भतिजा भतिजीहरु मात्र आए, ठूला मान्छेहरु कोही आएनन् । त्यसैले अलि अप्ठ्यारो महशुस त हुने भैहाल्यो ।*

दलित र जनजातीहरु विचको अन्तरजातीय सम्बन्ध चाही बाहुन क्षेत्रीहरुसँगको भन्दा तुलनात्मक रुपले अलिकति सहज हुदो रहेछ । यस्तो सम्बन्धमा पनि सुरुसुरुमा त असहज महसुस गरेको देखिन्छ तर पछि चाही त्यस्तो कठोर भेदभाव देखिदैन । उनिहरुले घरमा आईसकेपछि विवाह पनि गरे, जुन

विवाहमा माईतिको तर्फबाट साना बच्चाहरु मात्र भएपनि कम्तिमा सहभागि भएको पाईन्छ जुन सकारात्मक कुरा हो ।

### ५.३ सम्बन्धविच्छेदका घटनाहरु

रुकुम पश्चिममा माओवादी जनयुद्धको क्रममा अन्तरजातीय विवाहका प्रशस्त अभ्यासहरु भए तर विवाह सम्बन्धहरु लामो समयसम्म टिकेनन् ।

भेरी नगरपालिका–१ मैदी, रिम्नाकी निर्मला वि.क.(सिँह) ३८ बर्षकी भईन् । २०५६/५७ साल तिर माओवादी पार्टीमा लागेकी निर्मलाको १७/१८ बर्षको उमेरमै विवाह भएको थियो । हाल २ वटा छोरा लाई हुर्काउन बढाउनको लागि माईतीको सहारामा सानो किराना पसल गरी गुजारा चलाईरहेकी छिन् । उहा सँग भएको कुराकानी यहा जस्ताको तस्तै राखिएको छ ।

> *हामी दुबै जना पार्टीमै थियौ । केटा चाई सिँह ठकुरी हो । म जनकलाकार थिए, उ जनमुक्ति सेनामा थियो । हाम्रो विवाह पहिले त्यही साधारण तरिकाले केटाकेटीमा प्रताव राख्ने हुथ्यो अनि पार्टीमा प्रताव राख्ने, पार्टीले विवाह गरिदिने हुन्थ्यो । त्यो बेला पार्टीमा अन्तरजातीय विवाह गर्दा पुरुस्कार दिने, प्रोत्साहन दिने हुन्थ्यो त्येसैले राम्रो होला भन्ने लाग्यो यस्तो होला भन्ने ख्याल भएन त्येतिखेर ब्या भयो क्यार राजीखुसीमै । पार्टीकै काम अनुसार उ अर्को तिर १ नं. एरियामा गयो । त्यहा जाँदा त्यतैको एकजनि केटी सँग साँस्कृतिक काण्डमा फसेछ, त्यसपछि तेहि केटीलाई भगाएर लगि भारत गयो । त्यसपछि उसले मलाई भन्यो त्यो कुरा यस्तो यस्तो भयो । मलाई विवाह गरु भन्छ । अब त्यो केटी सँग नसकिने भो, म त्यसलाई लिएर भारत जान्छु तिमी बच्चा बच्ची पालेर बस्नु म आउँछु । मैले के किन केही भनिन तर पार्टीमा कुरा राखे । पार्टीले अनुसन्धान गर्दै जादा त्यो केटीको बारेमा थाहा भयो । पार्टीले नै तिनिहरुलाई पक्राउ गरेर ल्याई केटिलाई उसको घर छाडे । एक बर्षपछि श्रमजेल हाले त्यसपछि पनि फेरी उसैलाई भगाएर लगेर भारत गयो । त्यसैले मलाई लाग्छ जातकै कारणले मलाई यस्तो गरेको हो । मेरा २ वटा छोराहरु छन् उसले अर्कै केटी लगेर गए पछि अहिले म माईतीको साहरामा सानोतिनो खुद्रा पसल गरेर बसेकी छु ।*

रुकुम पश्चिममा जनयुद्धको बेलामा अन्तरजातीय, प्रगतीशिल तथा जनबादी विवाहरु प्रसस्त मात्रमा भए पछि गएर यि सम्बन्धहरु लामो समयसम्म टिक्न सकेनन् । उहाँले भने अनुसार उसको आफन्तबाट पनि दबाब भन्ने कुरा केहि थिएन । उसको पनि ममि, दाई, भाउजु दिदी हुनुहुन्थ्यो । दिदी भारतमै बस्ने, घरपरिवारबाट पनि त्यस्तो केहि थिएन उसलाई । यस्तै चलिरहेकै थियो पार्टीकै काम अनुसार उ अर्को तिर १ नं. एरियामा गयो । त्यहा जाँदा त्यतैको एकजनि केटी सँग साँस्कृतिक काण्डमा फसेछ, त्यसपछि तेहि केटीलाई भगाएर लगि भारत गयो । त्यसपछि उसले उनलाई कुरा यस्तो यस्तो भयो, त्यो केटीले मलाई विवाह गरु भन्छ । अब त्यो केटी सँग नसकिने भो, म त्यसलाई लिएर भारत

जान्छु तिमी बच्चा बच्ची पालेर बस्नु म आउँछु । तर उनले आफुमाथि अन्याय भएको महसुस गरी पार्टीमा यथार्थ कुरा राखिन् र पार्टीले कारवाही गर्‍यो ।

यो एउटा प्रतिनिधि घटना हो जुन परिवार, समाजका कारण सम्बन्ध विच्छेद सम्म पुगे । माओवादी जनयुद्धको क्रममा मानिसहरुमा चेतनामा परिवर्तन आएको थियो तर त्यो लामो समय रहेन । यस्तो विद्रोह गरेका उनि जस्ता तमाम नेता कार्यकर्ताहरुका जिविकोपार्जन तथा आर्थिक व्यवस्थापनको लागि कुनै ठोस योजना देखिएन । उनि अहिले छोराछोरी हुर्काउनको लागि माईतिको सहारामा सानो किराना पसल थापेर बसेकी छिन् ।

### ५.४ अन्तरजातीय विवाहको दिगोपनामा समस्या

अन्तरजातीय विवाहले नेपाली समाजमा गहिरो जरा गाडेको रहेका सामाजिक मान्यता, सांस्कृतिक मूल्यमान्यता र ऐतिहासिक अभ्यासहरू झल्काउने विभिन्न चुनौतीहरूको सामना गर्नु पर्ने अवस्था छ । यद्यपी विशेष गरी युवा पुस्तामा अन्तरजातीय विवाहको बढ्दो स्वीकृति देखिन्छ । माओवादी जनयुद्धमा अन्तरजातीय विवाह गर्ने लहर नै चल्यो । बृहत्त शान्ति सम्झौता पछि गठन भएका मन्त्रीमण्डलमा सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने केही योजनाहरु पनि सार्वजनिक गरे । माओवादी जनयद्धमा सामाजिक रुपान्तरणको पाटोलाई जबरजस्त ढङ्गले प्रस्तुत गरेको देखिन्छ तथापी केही चुनौतीहरू कायमै छन् । अन्तरजातीय विवाहको दिगोपनासँग सम्बन्धित समस्याहरूका विषयमा केही उत्तरदाताहरुको भनाईलाई यहाँ समेटिएको छ :

> *एक जना उत्तरदाता यस्तो भन्नुहुन्छ, अन्तरजातीय विवाहले सामाजिक कलंकको सामना गर्नु परेको छ, किनकि केही समुदायहरू अझै पनि जातिय व्यवस्थालाई दृढतापूर्वक पालन गर्छन् र यसलाई सामाजिक कलंकका रुममा हेर्ने गर्दछन् । अन्तरजातीय विवाह गरेका दम्पतीहरुले आफ्नो समुदायबाट अन्याय, भेदभाव र बहिष्कारको सामना गर्नु परेको देखिन्छ । परिवारहरू, विशेष गरी आमाबाबु र वृद्धहरूले सामाजिक अपेक्षाहरू, पारिवारिक प्रतिष्ठा, र सांस्कृतिक परम्पराहरू गुमाउने डरको कारणले अन्तरजातीय विवाहको विरोध गर्दछन् । जसले अन्तरजातीय विवाहलाई निरुत्साहन गर्दछ र पछिल्लो पुस्तासम्म यो मानसिकता पुस्तान्तरण हुदै जान्छ । परिवारको कडा प्रतिकारका कारण अधिकतम अन्तरजातीय विवाह सम्बन्धहरु सम्बन्ध विच्छेदमा पुगदछन् । जुन अन्तरजातीय विवाहको दिगोपनामा चुनौतिपुर्ण छ ।*

*त्यस्तै अर्को उत्तरदाताको भनाई यस्तो छ ; नेपाली समाज बहुभाषिक, बहुसाँस्कृतिक विविधताले भरिपुर्ण छ । अन्तरजातीय विवाह गरेका दम्पतीहरूले साँस्कृतिक भिन्नताहरू सामना गर्नु परेको छ, जसमा रीतिरिवाज र परम्पराहरू समावेश छन् जुन तिनीहरूको सम्बन्धित जातहरूबीच भिन्न हुन्छन् । यी भिन्नताहरू सन्तुलन गर्न चुनौतीपूर्ण छ । विविध जातजाति भाषाभाषीहरुको संगम रहेको नेपाली समाजमा ती विविध जातजातिहरु वीचको आर्थिक भिन्नताले अन्तरजातीय विवाह गरेका दम्पतीहरूको लागि आर्थिक चुनौतीहरू निम्त्याउने खतरा रहेको छ । असमान आर्थिक स्थितीका कारण परिवारले ति दम्पत्तिहरुको सम्बन्ध स्वीकार्दैनन् जुन चुनौतीपुर्ण छ । अन्तरजातीय दम्पतीहरूले सामाजिक अपेक्षाहरू पूरा गर्न दबाबको सामना गर्नुपर्ने हुन्छ, जसले उनीहरूको जीवनशैली, धार्मिक अभ्यासहरू, र बाल पालनपोषणको बारेमा छनौट गर्ने उनीहरूको स्वतन्त्रतालाई असर गर्दछ । सकेसम्म विभिन्न बाहनामा दम्पतीहरुलाई अलग गराई एकआपसमा मिलाउन दवाव सिर्जना हुन्छ ।*

उत्तरदाताहरुको भोगाई तथा अनुभवलाई हेर्दा उनिहरुले अन्तरजातीय विवाहको दिगोपनामा सामाजिक कलंक, पारिवारिक विरोध, साँस्कृतिक भिन्नता, आर्थिक असमानता र समाजमा मिलाउन दबाव जस्ता कुराहरुले समस्या पारिरहेको देखिन्छ । चुनौतिहरूको बावजुद, नेपालमा धेरै अन्तरजातीय विवाहहरू सफल छन्, र सामाजिक मनोवृत्तिहरू क्रमशः परिवर्तन हुँदैछन् भन्ने कुरामा ध्यान दिनु महत्त्वपूर्ण छ । विषेगरी माओवादी जनयुद्ध, शिक्षा, सचेतना र खुला सञ्चारले समयसँगै अन्तरजातीय विवाहलाई अझ बढी स्वीकृति र दिगो बनाउन योगदान दिएको पाईन्छ । सामाजिक परिवर्तनको दिशामा काम गर्ने सहयोगी समुदाय, नागरिक समाज र सामाजिक संस्थाहरूले थप समावेशी समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् ।

# परिच्छेद–छ

# सारांश र निष्कर्ष

यस परिच्छेद अन्तरगत उद्देश्य र अनुसन्धान प्रश्नका साथै अन्तरजातीय जनवादी विवाहको अभ्यास सम्बन्धी  मुख्य अनुसन्धान प्राप्तीहरुलाई संक्षेपिकरण गरिएको छ । यस अध्ययनले उठाउन खोजेको मुख्य विषयः जनयुद्ध अघि र पछि रुकुम पश्चिममा अन्तरजातीय विवाह कुन हद सम्म भए र ति अन्तरजातीय बैवाहिक सम्बन्धहरु कुन हदसम्म टिकाउ भए भन्ने कुरालाई गुणात्मक अनुसन्धानको सहायताले विस्तार गर्नु रहेको छ । प्राथमिक तथ्याङ्क संकलन आठविसकोट नगरपालिका वार्ड नं. ९,१०,११ बाफीकोट ६ र भेरी नगरपालिका १ बाट गरिएको छ । यस अध्ययनको प्राथमिक तथ्याङ्क संकलनका लागी गहन अन्तरवार्ता, मुख्य सूचनादाता अन्तरवार्ता, फोकस ग्रुप डिस्कसन, प्रत्येक्ष अवलोकन जस्ता अनुसन्धान साधनको प्रयोग गरिएको छ । यस अध्ययनमा १२ जोडी दम्पत्तिहरु लगायत जम्मा ३० जना उत्तरदातालाई सहभागी गराईएको छ ।

विवाह एक प्रकारको सामाजिक प्रक्रिया हो । फरक-फरक परिवारका दुई विपरित लिङ्गी व्यक्तिलाई एक सुत्रमा बाध्ने काम विवाह हो । यो सामाजिक तथा कानूनी रुपले मान्य हुनु पर्दछ ।  फरक-फरक नश्ल, जात, धर्म समूहसित आबद्ध स्त्री र पुरुष बिचको विवाहलाई अन्तरजातीय विवाह भन्ने चलन छ । क्षेत्रगत अध्ययनको तथ्याङ्कले हामीलाई पश्चिम रुकुमको आठविसकोट क्षेत्रमा पछिल्लो २५ बर्ष यताको अन्तरजातीय विवाहमा आएको परिवर्तन र अन्तरजातीय विवाहको आकर्षण तत्व, त्यहाँका जनताको चेतनास्तरमा आएको परिवर्तन, अन्तरजातीय जनवादी विवाहमा देखिएको बृद्धिका बारेमा तथ्य प्रस्तुत गर्नेछ ।

### ६.१ अध्ययनको सारांशः

पश्चिम रुकुमको आठबिसकोट नगरपालिकामा गरिएको अनुसन्धानबाट प्राप्त तथ्यहरुका आधारमा यसका मूख्य उपलब्धीहरु तल उल्लेख गरिएका छन् :

प्रथम, अध्ययनका लागि लिईएका घरधुरीहरु विभिन्न जातजातीका छन् र तिनीहरुको आर्थिक, सामाजिक तथा शैक्षिक चेतनास्तर पनि फरक-फरक छ । उत्तरदाताहरु मध्ये ४ जोडी दम्पतीहरु अन्तरजातीय विवाह गरेका छन्, ५ जोडी दम्पत्तीहरु अन्तरजातीय जनबादी विवाह गरेका छन् भने ३ जोडी दम्पतीहरु जनवादी विवाह गरेका छन् ।

यस अध्ययनमा मुख्य गरी यो अन्तरजातीय तथा प्रगतिशील विवाह गर्नको लागि जनयुद्धले रोलमोडेको रुपमा भूमिका खेलेको पाईन्छ । गहन अन्तरवार्ता लिने क्रममा धेरै उत्तरदाताहरुले भनेका छन् हामी कोही राज्यसत्ताको शोषण दमनका कारण त्यसबाट मुक्ति पाउनको लागि जनयुद्धमा होमियौ, कोही चाही अग्रजहरुको प्रेरणाबाट जनयुद्धमा होमियौ । जनयुद्धमा लागिसके पछि त्यहाँ यस्तो स्कुलिङ्ग हुन्थ्यो कि कोही साथीहरुले पनि त्यसलाई क्रस गरेर जान सक्दैनथे । कडा नियम कानून हुथ्यो, उच्च अनुसाशनमा रहनु पर्थ्यो । जातीयता सम्बन्धी, धर्म सम्मबन्धीको गहिरो प्रशिक्षण हुन्थ्यो । जातीय रुपमा भेदभाव गर्न पाईदैनथ्यो । यदि कसैले जातीय भेदभाव गरेको पाईएमा कडा सजायको भागिदार हुनु पर्थ्यो । त्यसैले विवाह गर्दा कुनै किसिमको जातभात हेरिदैनथ्यो, विवाहमा नयाँपना ल्याउने हेतुले प्रगतिशिल (जनवादी) विवाह गर्ने गरिन्थ्यो । कुनै किसिमको पण्डित नराखेर, विना कुनै तामझाम खाली अविर, फुलमालाले सामान्य खर्चमा विवाह सम्मपन्न गरिन्थ्यो ।

समाजशास्त्री जि.एच. घुर्रेका अनुसार जात व्यवस्थालाई निरन्तरता दिने काम सजातीय विवाह (Marriage endogamy) ले गर्छ । त्यसैले सजातीय विवाहलाई जोगाईराख्न जात व्यवस्थामा अन्तरजातीय विवाहलाई दण्डित गरिन्छ (घुर्रे, १९५०) । अर्का समाजशास्त्री लुईस डुमोन्टका अनुसार जात व्यवस्थामा शुद्धता र अशुद्धताको नियम लागु हुन्छ । त्यो शुद्धता र अशुद्धतालाई छुट्याउने काम सजातीय विवाहले गर्छ । किनभने जात व्यवस्थाको मान्यताले एउटाको रगत शुद्ध र अर्कोको रगत अशुद्ध हुन्छ भन्ने विश्वास राख्दछ । यि सवैकाम विवाहले निर्धारण गर्छ, जसले एउटा निश्चित जात जन्मनबाट बन्चित गर्‍यो । त्यसैले शुद्ध र अशुद्ध लाई छुट्याउने काम सजातीय विवाहले गर्छ (डुमोन्ट, १९९८) ।

अन्तरजातीय विवाह तथा प्रगतिशिल (जनवादी) विवाह त जनयुद्ध भन्दा पहिले पनि हुने गर्थ्ये र जनयुद्ध पछि पनि भइनै रहेका छन् तर जनयुद्धको वेलामा जुन मात्रामा अन्तरजातीय प्रगतिशिल विवाह भए त्यो मात्रामा जनयुद्धको अघि र पछि भएको पाईदैन । यसो हुनुको मुख्य कारण अथाव भनौ जनयुद्धकालमा अन्तरजातीय प्रगतिशिल विवाह उल्लेख्य मात्रमा बढ्नु पछाडी खास के त्यस्तो तत्व थियो त भनि खोज्दै जाँदा, जनयुद्धमा भएको राजनीतिक प्रशिक्षणले मानिसको चेतनामा ल्याएको परिवर्तन नै हो भन्ने पाईयो ।

दोस्रो, माओवादी जनयुद्ध एक प्रकारको संक्रमण अवस्था नै थियो । यस क्रममा थुप्रै अन्तरजातीय तथा प्रगतिशिल विवाह भए । जनयुद्धले मानिसमा एक प्रकारको मानसिक तरङ्ग पैदा गरेको थियो जसले गर्दा ती जातिय वैवाहिक सम्बन्धहरु सुखमय नै थिए तर जब माओवादी जनयुद्ध एउटा

सम्झौतामा गएर टुङ्गियो पहिलेका राम्रा सम्बन्धहरु विस्तारै बैमनस्यता, तिक्ततापुर्ण हुदै गए । उनिहरुलाई जीवन निर्वाह गर्ने उपयुक्त माध्यम भएन । घरपरिवारमा राम्रो मेलमिलापको वातावरण छैन । जीवनयापनको लागि उत्तम विकल्प छैन, जनयुद्धको जस्तो मानसम्मान पाइदैन, कसैले कसैलाई वास्ता गर्दैनन् । यसो हुनुमा माओवादी जनयुद्ध एउटा निष्कर्षमा नपुग्दै सम्झौतामा गएर टुङ्गीयो । जनयुद्धले उठाएका मुलभूत मुद्धाहरु पुरा हुन पाएनन् । जसले समाज प्रतिगमन तिर अगाडी बढ्यो र माओवादी जनयुद्धमा भएका अन्तरजातीय जनवादी विवाह गरेका दम्पतीहरुको वर्तमान अवस्था कमजोर रहेको पाईयो ।

तेस्रो, मओवादी जनयुद्धमा भएका अन्तरजातीय जनवादी विवाहहरु केही घटनाहरु सम्बन्धविच्छेदमा पुगे पनि मुल रुपमा दिगो नै रहेको पाईयो । यी सम्बन्धहरुमा विभिन्न खालका आरोह अवरोह तथा उतार चढाव देखिए पनि सम्बन्ध विच्छेद सम्मै चाही कमै पुगेको पाईन्छ । अधिकांस उत्तरदाताहरुको अनुभवलाई सुन्दा अन्तरजातीय विवाह सम्बन्धहरु सरल र सहज थिएनन् । सुरुवाती चरणमा साह्रै दुःख भोगेको सुनाए । बच्चाबच्चिको जन्मपछि विस्तारै विस्तारै घरपरिवारले स्वीकारे पनि नातागोता र समाजले स्वीकार्न गह्रो परेको बताए ।

समाजशास्त्री दिपाङ्कर गुप्ताको लेख, Hierarchy and Difference : An Introduction मा लेख्दछन्, जातीय व्यवस्था सामाजिक स्तरिकरणको एक उदाहरणको रुपमा देखिन्छ । जात व्यवस्थाले हिन्दुहरुलाई व्यापक रुपले अलग्याएको र श्रेणीबद्ध गरेको बुझ्न सकिन्छ । यसै लेखमा मेक्स वेवर र कार्ल मार्क्स पदानुक्रम र फरकपनालाई यसरी लेख्दछन्, मेक्सका अनुसार वर्ग, स्थिति र राजनीतिले स्तरीकरणलाई निर्धारण गर्दछन् । समाजमा वर्गलाई बजार अवस्थाले निर्धारण गर्दछ भने स्थिती सामाजिक हैसियतले निर्धारण गर्दछ, त्यस्तै शक्ति राजनीतिक क्षमताले निर्धारण गर्दछ । कार्ल मार्क्सका अनुसार समाजमा वर्ग स्तरीकरणको प्रमुख आधार आर्थिक स्रोत साधनहरु हुन् जसलाई समाजको उत्पादन प्रणालीले निर्धारण गर्दछ (गुप्ता, २०००) । सामाजशास्त्री युवराज लुइटेलका अनुसार जाती व्यवस्था तरल र गतिशिल हुन्छ । अन्तरजातीय विवाह सामाजिक क्षेत्र मध्येको एक प्रमुख विषय हो जहा जातीय कठोरताहरु अझै प्रभावकारी भइरहेको हुन्छ तर ठिमाहपन समाजमा विस्तारै विस्तारै बढिरहेको छ (लुइटेल, २०१४) ।

सबै विद्वानहरुले उल्लेख गर्नु भएको छ कि जात व्यवस्थामा सजातीय विवाहलाई अनुसरण गरिन्छ र अन्तरजातीय विवाहलाई दण्डित अर्थात निषेध गरिन्छ तर समाजमा अन्तरजातीय विवाह बढिरेको छन् । यसबाट के बुझिन्छ भने अन्तरजातीय विवाहले जातीय भेदभावमा कमि ल्याउछ र परम्परागत

जातीय मुल्यमान्यतालाई भत्काउन सहयोग गर्दछ। माओवादी जनयुद्धमा पार्टीको प्रशिक्षणले मानिसको चेतनामा आएको परिवर्तनले अन्तरजातीय विवाह तथा जातीय भेदभावलाई कम गर्न झन सहयोग पुग्यो ।

### ६.२ निष्कर्षमा :

विवाहको ऐतिहासिक पृष्ठभूमीमा जातीय विभेद र असमानताले लथालिङ्ग भएको वर्तमान आधुनिक समाजमा स्वजातीय मात्र होईन अन्तरजातीय विवाहले पनि प्रश्रय पाउन थालेको छ। तर अन्तरजातीय विवाह जातीय विभेद र असमानताको प्रधानता रहेको हाम्रो जस्तो समाजमा अन्तरजातीय विवाह गरेका जोडीको आपसी प्रेमलाई कायम राख्न त्यस्तो समाज विरुद्ध विद्रोहको एउटा स्वरुप हो भन्दा अतिशयोक्ति नहोला । नेपाली समाजको सन्दर्भमा कुरा गर्ने हो भने धर्मशास्त्रद्धारा शासित प्राचिन समाज होस् या वर्णव्यवस्था लागु भएपछिको विभिन्न स्मृति र सुक्तिद्धारा शासित समाज हो अथवा जयस्थिती मल्ल र राम शाहले जारी गरेका विभिन्न न्याय सम्पादनका आदेश हुन वा जंगबहादुरले वि.सं.१९१० मा जारी गरेको मुलुकी ऐनद्धारा बाधिएको समाज नै किन नहोस्, सबैले स्वजातीय विवाहमा नै जोड दिएको पाईन्छ। अन्तरजातीय विवाह गर्नेलाई घोषित अघोषित, लिखित अलिखित रुपमा दण्डसजाएको भागि बन्नु परेको नै हामी पाउछौ । कानूनी रुपमा वि.सं. २०४७ को नेपाल अधिराज्यको संविधान पछि मात्र वर्णव्यवस्थामा आधारित छुवाछुत प्रथा र सबैखाले सामाजिक विभेदलाई अबैधानिक घोषणा गरेपछि अन्तरजातीय प्रेम र अन्तरजातीय विवाहले प्रश्रय पाउन थालेको देखिन्छ (अर्याल र साह, २०१८) ।

समयको परिवर्तन सँगै जातको विषेशताहरुमा समेत परिवर्तन देखा पर्दछ। त्यसैले जात व्यवस्थाको असमानता एवम् स्तरीकरणलाई परिवर्तनशिल व्यवस्थाको रुपमा लिनु पर्दछ । Berreman का अनुसार डुमन्टको अवधारणा र भारतीय सामाजिक संरचनाविचमा सर्वव्यापी भिन्नता रहेको पाईन्छ । भारतीय समाज डुमन्टले भने जस्तो परम्परावादी नभएर आधुनिक संरचना तर्फ अघि बढीरहेको साथै भारतमा पूँजीवादी उत्पादन प्रणाली आधुनिक शिक्षा एवम् प्रविधिको समेत विकास भएको पाईन्छ । (Berreman, 2000)।

संरचनात्मक विश्लेषण सम्बन्धहरुसँग सम्बन्धित छ नकि भाग र समग्रताबीचको पदार्थ-सम्बन्ध। यो जात व्यवस्थामै थियो, हामीले कसरी भन्न सक्छौ भन्ने कुरा मात्र हो, अन्तरजातीय सम्बन्ध नकी जात भित्रको सम्बन्ध । डुमोन्टका लागि हिन्दु जात व्यवस्था पदसोपान हो । जुन पदसोपान पनि राजनीतिको आधारमा होईन धर्मको आधारमा छ (डुमोन्ट, १९७०) ।

यी र यस्ता वास्तविक तथ्यहरुको पृष्ठभूमीमा रही यो अध्ययन पश्चिम रुकुमको आठविसकोट नगरपालिकामा आयोजना गरिएको छ, जसले बैवाहिक सम्बन्धहरुमा आएको परिवर्तनको नेतृत्व गरेको छ । माआवादी जनयुद्धमा त्यहाको हरेक संरचनाहरुमा परिवर्तन आएको पाईन्छ जसमध्ये एउटा अन्तरजातीय जनबादी विवाह पनि हो । समाजको अन्य संरचनामा आएको परिवर्तन भन्दा विवाह सम्बन्धमा आएको परिवर्तन महत्वपुर्ण छ । माओवादी जनयुद्धमा एउटा महत्वपुर्ण सफलता भनेको समाजको आन्तरिक संरचनालाई पुरै प्रतिस्थापन गरेर छुट्टै प्रशासनिक संयन्त्र जनसत्ता नै स्थापना गरेका थिए । यो एकदमै शसक्त कदम थियो जसले जनयुद्ध पश्चात निरन्तरता पाउन सकेन । सर्वहारा वर्गको अधिनायकत्व सहित जनगणतन्त्र स्थापना गर्ने उद्देश्य राखेर माओवादीले दिर्घकालिन जनयुद्ध संचालन गरेको जनयुद्धमा जनताको व्यापक सहयोग र बलिदान रह्यो । तर आन्दोलनले पुर्णरुपमा विजय हासिल गर्ने स्थिति नबन्दै सम्झौतामा टुङ्गियो ।

क्षेत्रकार्यको तथ्यले माओवादी जनयुद्धको अवधिमा मानिसका दैनिक जीवनमा प्रत्येक्ष प्रभाव छोड्यो । उत्तरदाताहरुले भने बमोजिम जातीय भेदभाव, धार्मीक आस्थाका सीमारेखाहरु धुमिल हुदै गैरहेका छन् । माओवादी जनयुद्धले मानिसको चेतनामा ल्याएको परिवर्तनले गर्दा अन्तरजातीय विवाह गर्नेहरुको संख्यामा उल्लेख्य बृद्धि भएको छ । विवाहको लागि मानिसहरुले जात नसोध्ने, विवाहमा हुने खर्चलाई एकदम शुन्यमा झार्ने खालका अभ्यासहरु भएका छन् । माओवादी जनयुद्धको उग्गम स्थल पश्चिम रुकुम भएकाले पनि यहाँका मानिसहरुको चेतनामा परिवर्तन आएको हो भन्ने बुझाई रहेको छ ।

अर्कोतिर, माओवादी जनयुद्धको केन्द्रविन्दु पश्चिम रुकुममा अन्तरजातीय जनवादी विवाहहरु प्रशस्त मात्रामा भएको पाईयो तर ति अन्तरजातीय विवाह गरेका दम्पत्तिहरुले घरपरवार तथा समाजमा समायोजन हुन लामो समय संघर्ष गर्नु पर्‍यो, केही केहि दम्पत्तिहरु सम्बन्ध विच्छेदमा पुगे भने केही चाही परिवार र समाजमा समायोजन हुन नसकी त्यो ठाउँ छोडेर शहरतिर पलाएन भएको पाईन्छ । अन्तरजातीय विवाहमा पनि अनुलोम (केटा माथिल्लो केटी तल्लो जातको) विवाहमा घरपरिवार र सामाजमा समायोजन हुन अलि सहज र प्रतिलोम (केटा तल्लो र केटी माथिल्लो जातको) विवाहमा झन कठिन हुने गरेको पाईन्छ । यसमा पनि शिक्षा र आर्थिक तत्वले महत्वपुर्ण भूमिका रहेको पाईन्छ । प्रतिलोम विवाहमा पनि केटा शैक्षिक रुपमा राम्रो शिक्षा हासिल गरेको र आर्थिक रुपमा सम्मपन्न छ भने स्वीकार्न त्यति समस्या पर्दैन अर्थात सहज हुन्छ तर अनुलोम विवाह भए पनि केटीको शैक्षिकस्तर, आर्थिकस्तर कमजोर भएपछि त्यस्तो सम्बन्ध स्वीकार्न गाह्रो हुने गर्दछ ।

यस अध्ययनले अन्तरजातीय जनवादी विवाह माओवादी जनयुद्ध पहिलेको भन्दा जनयुद्ध पछि धेरै मात्रामा भएका छन् भनेर ठोकुवा गर्दछ । जनयुद्धकालमा विषेशगरी वि.स.२०५८ साल पछि अन्तरजातीय जनवादी विवाह बढेको देखिन्छ । यसमा पनि अनुलोम विवाह भन्दा प्रतिलोम विवाह बढी भएको पाईन्छ । अन्तरजातीय विवाहले जातीय भेदभाव कम गर्न सहयोग पुर्याएको छ । सुरुवाती चरणमा पारिवारीक सम्बन्ध राम्रो नभएता पनि विस्तारै सहज हुदै गइरहेका छन् । पश्चिम रुकुममा अन्तरजातीय जनवादी विवाह बढ्नु पछाडीका आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक लगाएतका थुप्रै तत्वहरुले भूमिका खेलेको होला तर प्रमुख भुमिका चाही माओवादी जनयुद्धनै हो भनेर भन्न सकिन्छ ।

समग्रमा यस अध्ययनमा भेटिएका कुराहरुलाई यसरी उल्लेख गर्न सकिन्छ,

- जनयुद्धले जातीय तथा लैङ्गिक विभेदलाई कम गरेको छ ।
- यसले जनवादी र अन्तरजातीय विवाहलाई प्रश्रय दिएको पाइयो ।
- जनयुद्धले मानिसमा राजनीतिक तथा समाजिक चेतनाको स्तरमामा बृद्धि ल्याएको देखियो ।
- जनयुद्धको क्रममा अन्तरजातीय विवाह गर्नेहरुको संख्यामा बृद्धि भएको पाईयो ।
- आर्थिक असमानता, सामाजिक चेतना, शैक्षिक स्तर तथा पारिवारिक अस्वीकृतीका कारणले जनयुद्धमा भएका अन्तरजातीय विवाहहरु दिगो रहेनन् ।
- माओवादी जनयुद्धले उठान गरेका मुल विषयहरु निष्कर्षमा नपुग्दै सम्झौतामा टुङ्गिएका कारण जनयुद्धले सोचेको नतिजा आउन नसकेको देखियो ।

अन्त्यमा, अन्तरजातीय जनवादी विवाहले नेपाली समाजमा व्याप्त जातीय भेदभावलाई कमि गर्न राम्रो भुमिका खेलेको छ र परम्परागत विवाह प्रक्रियामा हुने अनावश्यक खर्चलाई घटाई मितव्ययी बन्ने प्रबृतिको विकास गरेको छ । परम्परागत विवाह पद्धतिमा हुने अनावश्यक रुढीवादलाई हटाई सरल र सहज परम्पराको विकास गरेको छ ।

## सन्दर्भ सामग्रीहरु


अम्बेडकर, बी.आर. (२०२०). *जातको उन्मुलन* (छेवाङ योन्जन, अनुवाद, प्रथम नेपाली संस्करण). लालिगुराँस प्रकाशन ।

आहुती. (वि.सं. २०७७). *जात वार्ता* (प्रथम संस्करण). वेला प्रकाशन ।

आहुती. (वि.सं. २०७१). *नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष* (दोश्रो सँस्करण). समता फाउण्डेशन ।

खड्का, एम. (वि.सं. २०७७, जेठ १३). अन्तरजातीय प्रेम सम्बन्धले निम्त्याएको घटना. *कारोवार दैनिक ।*

खतिवडा, एस. (२०१८) । अन्तरजातीय विवाह र साँस्कृतिक रुपान्तरण । *विवाहः सम्बन्धको बदलिदो स्वरुप.* मा, रामरिझन यादवः सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

जनकपुरी, आर. (सन् २०१८). "विवाह प्रेम र मानविय आयाम ।" *विवाहः सम्बन्धको बदलिदो स्वरुप.* मा, रामरिझन यादवः सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

तामाङ गोले, एम. (वि.सं. २०७७). *जात व्यवस्था र चरम विभेद.* टी. राई *जातीवादको शल्यक्रिया* ( पृ. ११९-१३६). ताम्सालिङ ज्ञान केन्द्र ।

तामङ गोले, मोहन. (वि.सं. २०७८). *जातीवादको सल्यक्रिया* (प्रथम). ताम्सालिङ ज्ञान केन्द्र ।

*दियो पोष्ट.* (२०७८) पुजीबादी समाजलाई चुनौती दिदै बसेल र सोनीले गरे जनवादी विवाह ।

दाहल, के. (२०७४)."विवाहको स्वरुप र संकल्प ।" *विवाहः सम्बन्धको बदलिदो स्वरुप.* मा, रामरिझन यादव सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

नेपालको द्धन्द्ध प्रतिवेदन, (सन् २०१२), राष्ट्रिय मानव अधिकार आयोग ।

नेपाली वृहत शब्दकोष, (२०६०), *नेपाल प्रज्ञा प्रतिष्ठान* कमलादी, काठमाडौं ।

पाठक, वाइ. (वि.सं. २०७४). *माङ्गेना.* फाइनप्रिन्ट बुक्स ।

पाठक, वाई. (सन् २०१८). "विवाह : एक संस्था, एक राजनीति ।" *विवाहः सम्बन्धको बदलिदो स्वरुप.* मा, रामरिझन यादव सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

पिटर, एन. (सन् २०१८). "अन्तरजातीय विवाहः एक संक्षिप्त विश्लेषण ।" *विवाहः सम्बन्धको बदलिदो स्वरुप.* मा, रामरिझन यादव  सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

पोखरेल, एल. र श्रेष्ठ, एस. (२०७४)."अन्तरजातीय विवाहको नेपालीपन ।" *विवाहः सम्बन्धको बदलिदो स्वरुप.* मा, रामरिझन यादव  सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

बुढा, आर.बि. (२०७७). *अन्तरजातीय विवाह.* क्वालिटी प्रेस चितवन ।

बस्नेत, बविता. (सन् २०१८) । अन्तरजातीय विवाह उत्साहित सपना, कष्टकर यात्रा । *विवाह : सम्बन्धको बदलिदो रुप* । सुजल अफसेट प्रेस, काठमाडौं ।

महतो, एस. (२०७४)."कानूनको दृष्टिमा अन्तरजातीय विवाह ।" *विवाहः सम्बन्धको बदलिदो स्वरुप.* मा, रामरिझन यादव  सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

शर्मा, ए. (२०७४)."युद्धकालिन विवाह ।" *विवाहः सम्बन्धको बदलिदो स्वरुप.* मा, रामरिझन यादव सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

Berreman, G.D. (2000). "The Brahminical view of caste" in D. Gupta (ed.) *Social stratification.* Delhi: Oxford University Press.

Bailey F.G. 1957. *Caste and the economic frontier: a village in highland Orissa.* Manchester : Manchester University Press.

Dumont, L. (1980). *Homo hierarchicus: The caste system and its implications.* Chicago: University press Chicago.

Eizenberg E, Jabareen Y. (2017)., Social Sustainability: A new conceptual framework. *Sustainability*.; 9(1):68.

Ghurye, G.H. (1950). *Caste and class in India.* Bombay: Popular Prakashan.

Gupta, D. (2000). "Hierarchy and difference: an introduction." In Dipankar Gupta (ed.) *Social stratification.* Delhi: Oxford university press.

Hofer, A. (2004). The caste hierarchy and the state in Nepal. *A study of Muluki ain of 1854 (second Edition).* Kathmandu: Himal books.

Jenny, Onyx., (2014)., Social impact, A theoretical model: *Cosmopolitan civil society. An interdisciplinary Journal.*

Lowie, R.H. (1947). *Boletín Bibliográfico de Antropología Americana (1937-1948), 10*, 324–337. http://www.jstor.org/stable/40977810

Luintel, Y. (2018), *Caste and society*. Academic book center. Kirtipur, Kathmandu.

Luintel, Y. (2014), *The changing dynamics of inter-caste relations in Nepal:A grounded sociological study of caste.* University grants commission sanothimi, Bhaktapur.

Madan T.N., (2000). *Dumont on the nature of the state in India in D. Gupta (ed) Social stratification.* Delhi; oxford university press.

Malinowski, B. (1930). 17. Kinship. *Man, 30*, 19–29. https://doi.org/10.2307/2789869

Marvasti, B. Amit. 2004. Qualitative Research in Sociology. New Delhi: Sage Publication.

Nepali G.S., (1965). *The Newars.* Chapter on caste. Bombay: Asia publishing house.

Richard A. Bownas (2016). *Dalits and Maoists in Nepal's civil war: between synergy and co-optation,* Contemporary South Asia, DOI: 10.1080/09584935.2015.1090952

Roy, Srila. (2006). *Feminist Review,* Sexual Moralities in Revolutionary Marriage: *On the Politics of Sexual Stories in Naxalbari* № 83, pp. 99-118: Sage Publications, Ltd.

Subedi, M. (2010). *Changing caste system in Nepal.* Himalayan journal of sociology and anthropology-vol.(iv).

Subedi, M. (2010). *caste system: Theory and practice in Nepal.* Himalayan journal of sociology and anthropology-vol.(iv).

Turner, S.B. (2006). *The cambridge dictionary of sociology*. Cambridge University Press, Cambridge [England].

महर्जन, आर. (सन् २०१८) । वैवाहिक सत्ता एक विहङ्गम दृष्टिकोण । *विवाह : सम्बन्धको बदलिदो रुप*। सुजल अफसेट प्रेस, काठमाडौं ।

यादव, आर. (सन् २०१८). *विवाह: सम्बन्धको बदलिदो स्वरुप.* सुजल अफसेट प्रेस, बागबजार काठमाडौं ।

रेग्मी, दामोदर । (१३, कार्त्तिक २०७६) । विकासका अवधारणा आयामहरु र नविनतम उपागमहरु : प्रशासन दैनिक ।

शर्मा, ए. । (सन् २०१८) । युद्धकालीन विवाह । *विवाह : सम्बन्धको बदलिदो रुप* । सुजल अफसेट प्रेस, काठमाडौं ।

## अनुसूची-१: तथ्याङ्क संकलनका लागि प्रश्नावली

उत्तरदाताको सामाजिक पारिवारिक विवरण

फारम नं.:........................ मिति :........................

१. नामः......................... सम्पर्क नं.....................

२. इमेल........................

३. शिक्षा

क) निरक्षर ख) आधारभूत तह ग) माध्यमिक तह घ) स्नातक वा सोभन्दामाथि

४. उमेर

क) १५-२४ ख) २५-३४ घ) ३५ भन्दा माथि

५. वैवाहिक अवस्था

क) विवाहित ख) अविवाहित ग) छुट्टिएको घ) सम्बन्ध विच्छेद

६. धार्मिक आस्था

क) आस्तिक ख) नास्तिक

७. पेशा

क) कृषि ख) व्यापार ग) राजनीति घ) जागीर

८. तपाईंको परिवारमा कति जना सदस्यहरू हुनुहन्छ ?

क) महिला ख) पुरुष

९. तपाई कुनै राजनीतिक दलमा आवद्ध हुनुहुन्छ ?

क) छ ख) छैन

१०. कुन पार्टीमा हुनुहन्छ भन्न सक्नुहुन्छ ?

११. तपाईले कहिलेदेखि राजनीति गर्न शुरु गर्नु भयो ?

क) २०३६ साल ख) २०५२ साल ग) २०६२ पछि

१२. तपाईंलाई राजनीतिमा लाग्न कसले प्रेरित गर्‍यो ?

क) परिवार, नेतादार    ख) राजनीतिक दलका नेता     ग) साथीभाई    घ) आफै (राजनीति बुझेर अध्ययन गरेर)

**माओवादी जनयुद्ध सम्बन्धि केही जानकारीहरु**

१. तपाईंको गाउँमा माओवादी जनयुद्ध कहिलेबाट र कसरी सुरुभयो, केही बताइदिनु हुन्छ ?

२. यो गाउँबाट माओवादी जनयुद्धको पहिलो भूमिगत मान्छे को हुनुहुन्छ थाह छ की ?

३. उहाँ कसरी प्रेरित हुनुभयो भूमिगत हुन ?

४. जनयुद्धका क्रममा यो गाउँबाट कति मान्छे मारिए भन्न सक्नुहुन्छ ?

५. तपाईंले माओवादीहरूलाई कसरी सहयोग गर्नु हुन्थ्यो ?

६. तपाईं युद्धमा कुनै लाडाईमा प्रत्यक्ष सहभागी हुनुभयो ? हुनुभयो भने कुनै अनुभव सुनाउन सक्नुहुछ ?

७. समग्रमा माओवादी जनयुद्धका केही सम्झनाहरू भए सुनाइदिनु हुन्छ की ?

**१. माओवादी जनयुद्धको आधारक्षेत्र रुकुम पश्चिममा अन्तरजातीय जनवादी विवाहको विगत र वर्तमान अवस्था कस्तो छ ?**

| |
|---|
| क) अन्तरजातीय जनवादी विवाह गर्ने प्रक्रिया कस्तो छ ?<br>ख) अरु विवाह र जनवादी विवाह विच के फरक छ ?<br>ग) जनयुद्धकालमा भएका अन्तरजातीय जनवादी विवाह बिच के कस्तो परिवर्तन देखिएको छ ?<br>घ) कुन सन्दर्भमा अन्तरजातीय जनवादी विवाह फस्टाएको थियो ? |
| १. परम्परागत विवाह र जनवादी विवाहमध्ये कुन विवाहमा खर्च बढी लाग्ने पाउनु भयो र खर्चको हिसावले कति अन्तर देख्नु भयो ?<br>२. समयको हिसावले कुन विवाह बढी समय खर्च हुने देख्नुभयो (कुन विवाह बढी छिटो छरितो हुने देख्नुहुन्छ) ?<br>३. विवाह गर्दा धार्मिक विधि पद्धति अपनाइयो कि अपनाइएन ? यदि अपनाईयो भने कुन हदसम्म अपनाईयो ?<br>४. के अन्तरजातीय जनवादी विवाहमा कसैले लमीको भूमिका निर्वाह गर्थे ? यदि गर्थे भने त्यो लमीको भूमिकामा खासगरी को को हुने गर्थे ?<br>५. के ती अन्तरजातीय जनवादी विवाह प्रेममा आधारित थिए ? यदि प्रेममा आधारित थिए भने प्रेम प्रस्ताव कसरी गर्थे ?<br>६. अन्तरजातीय जनवादी विवाहमा निम्तालुको खास संख्या तोकिएको हुन्थ्यो कि ?<br>७. विशेषगरी क-कसलाई निम्ता गर्ने गरिन्थ्यो ? (आम जनता, आफन्त, पार्टीका नेता कार्यकर्ता)<br>८. खासगरी कुन सन्दर्भमा अन्तरजातीय जनवादी विवाह फस्टाएको थियो ? |

**२. जनयुद्धको क्रममा भएका अन्तरजातीय जनवादी विवाहको दिगोपना कस्तो छ ?**

| |
|---|
| क) कस्ता खालका अन्तरजातीय जनवादी विवाह जनयुद्धको वेला अभ्यास गरिए ?(अनुलोम, प्रतिलोम)<br><br>ख) कस्ता अन्तरजातीय जनवादी विवाहका सम्बन्धहरु दिगो भए ?<br><br>ग) परम्परागत विवाह र अन्तरजातीय जनवादी विवाह सम्बन्धका हिसाबले कसरी फरक पाउनु हुन्छ ? |
| १. अनुलोम विवाह र प्रतिलोम विवाहमध्ये कुन विवाह बढी दिगो भएको पाउनु भयो ? ( अनुलोम- गैरदलित केटा, दलित केटी बिचको विवाह प्रतिलोम-दलित केटा, गैरलदित केटी बिचको विवाह)<br><br>२. त्यसो किन भएको होला जस्तो लाग्छ ?<br><br>३. विवाह गर्दा केटा र केटीको उमेर कति हुन्थ्यो ?<br><br>४. ती जोडीको उमेरको अन्तर कति हुनेगर्थ्यो ?<br><br>५. खासगरी कुन उमेर समूहका युवा-युवतीहरू अन्तरजातीय जनवादी विवाह गर्न बढी उत्साहित हुने गर्थे ?<br><br>६. उमेरको अन्तरले तिनीहरूको वैवाहिक जीवनमा केही फरक पारेको अनुभव गर्नुभएको छ ?<br><br>७. अन्तरजातीय जनवादी विवाह गर्दा ती जोडीहरूको आर्थिक स्थितिले कुनै असर गर्थ्यो वा गर्दैनथ्यो ? तपाईंलाई के लाग्छ ?<br><br>८. विवाहित जोडीको शैक्षिक स्थितिको अन्तरले विवाहको दिगोपनामा केही फरक पारेको देख्नुहुन्छ ?<br><br>९. यदि छ भने कस्ता सम्बन्ध बढी टिकाउ भए ?<br><br>१०. परम्परागत विवाह र अन्तरजातीय जनवादी विवाह सम्बन्धका हिसावले कसरी फरक पाउनुहुन्छ ? |

**३. अन्तरजातीय जनवादी विवाहले समाजमा पारेको प्रभाव कस्तो छ ?**

क) अन्तरजातीय जनवादी विवाहले समाजमा जातीय, वर्गीय लैङ्गीक विभेदमा कस्तो असर पारेको छ ?

ख) अन्तरजातीय जनवादी विवाहले समाजिक अन्तरघुलनमा के परिवर्तन ल्यायो ?

१. अन्तरजातीय जनवादी विवाह गरेका दम्पत्तिहरूलाई उनिहरूको दैनिक जीवनमा समाजले गर्ने भेदभावको स्थिति कस्तो हुने गरेको छ ?

२. अन्तरजातीय जनवादी विवाहले तिनिहरुको सार्वजनिक जीवनमा हुने छुवाछुतको स्थितिमा कस्तो असर पार्‍यो ?

३. ती जोडीहरुलाई परिवार तथा नातेदारहरुले सहज रुपमा स्वीकारेको पाईन्छ कि पाइँदैन ?

४. पारिवारिक स्वीकार्यतामा परिवारका सदस्यहरू मध्ये को बढी लचक देख्नुहुन्छ ? (आमा, वुवा, अन्य सदस्य)

५. जनवादी विवाह गर्ने दम्पत्तिको परिवारमा महिलाले गर्ने दैनिक घरेलु कामकाजमा केही परिवर्तन ल्याएको पाईन्छ ?

६. जनवादी विवाह पश्चात पुरुषले गर्ने भनिएको उत्पादनमुखी काम र महिलाले गर्ने भनिएको पुनर्उत्पादनमुखी कामकाजमा कस्तो परिवर्तन देख्नुहुन्छ ?

७. ती अन्तरजातीय जनवादी विवाह गरेका जोडीहरुको साँस्कृतिक स्वीकार्यता कस्तो छ ?

८. अन्तरजातीय जनवादी विवाह गरेका जोडीहरुलाई कूलपूजा, दशैं तिहार, भूमिपूजा, मष्टोपूजा, तीर्थस्थलहरूमा सहभागी गराउने प्रचलन कस्तो छ ?

९. अन्तरजातीय जनवादी विवाहका सम्बधमा आम मानिसको धारणा कस्तो छ ?

१०. अरू छिमेकी गाउँहरूमा (............) अन्तरजातीय जनवादी विवाहको स्थिति र पारिवारिक, सामाजिक र साँकृतिक रुपमा कस्तो देख्नुहुन्छ ?


अध्ययनको क्रममा लिईएका केही फोटोहरुः





अनुभव सुन्दै आठविसकोट, राडीज्यूला





अन्तरजातीय विवाहिताहरुसँग कुराकानी आठविसकोट, चौर





अन्तरवार्ताको क्रममा बाँफीकोट रिम्ना






सामुहिक छलफमा